कान्तिपुर पब्लिकेशन्स (प्रा.) लि.
सूचना र मनोरञ्जनको सँगालो
# साप्ताहिक
saptahik.ekantipur.com
● वर्ष २४ ● अंक ३२ ● FRIDAY, 04 A NUARY 2019 ● काठमाडौं शुक्र ● पृष्ठ ३२ ● मूल्य रु. १५/-






## YouTube ट्रेन्डिङ

| क्र. | शीर्षक | च्यानल |
|---|---|---|
| १ | मिस्टर झोले | हाइटेक इन्टरटेन्मेन्ट |
| २ | भद्रगोल-१९१ | मिडिया हब |
| ३ | ओए | भाइब एन्ड वेभ |
| ४ | नागिन-३ | कलर्स टिभी |
| ५ | टिउसन क्लासेस | आशिष चञ्चलानी |
| ६ | चलचित्र किङ | बूढासुब्बा |
| ७ | मुन्द्रेको कमेडी क्लब | आमा अग्नी कुमारी |
| ८ | चितवन काण्ड | गुड टिभी |
| ९ | हिटर | कलेजेज नेपाल |
| १० | बाँसै काटेर | भिमफेदी गाइज |




■ **हट जेबिका** : चलचित्र जयश्री दामकी अभिनेत्री जेबिका कार्कीको हट विन्टर लुक ।

## फोटो अफ दि विक



■ टोपी दिवसका अवसरमा राष्ट्रिय समाचार समितिका लागि प्रदीपराज वन्तद्वारा खिचिएको एउटा तस्बिर ।



'पिंढीमा बसेर मेरै बाटो हेरेर, मेरी आमा रुँदी हुन् मलाई सम्झेर', 'घाँस काट्ने खुर्केर, आयो जोवन हुर्केर' । यस्ता लोकप्रिय गीतका गायक बुद्धिकृष्ण लामिछाने दाजुको मृत्युको खबरले स्तब्ध तुल्याएको छ । मृत आत्माको शान्तिको कामना तथा शोक-सन्तप्त परिवारप्रति हार्दिक समवेदना । **(रियाक्ट : ४ हजार ६०, प्रतिक्रिया : १ हजार २५, शेयर : १ सय २८)**

दीपकराज गिरी



पुसको जाडोमा यी चेपाङ साना बाबुनानीहरूको खाली खुट्टा हेर्नोस् त । अनि एकछिन आफ्नै छोराछोरी सम्झनोस त । कस्तो लाग्छ ? यही दृश्य देखेर मैले गोरखाको भुम्लीचोकमा चेपाङ छात्रावास बनाउन सुरु गरें, प्रशासनिक ढिलासुस्तीले अझै बन्दैछ । सबै चेपाङ बाहुल्य गाउँपालिकामा पहल गरौं न । ठुला कुरा पछि गरौंला । (७३ प्रतिक्रिया, १ सय १९ रिट्विट, ९ सय २ लाइक)

Baburam Bhattarai@brb1954

# फेसबुकमा जितु नेपालको एक साता

**पुस १३ गते** : जसलाई मैले गायकबाट कलाकार बनाएँ, मेरो सानो अनुरोधलाई स्वीकार गरेर दाइले जिरे खुर्सानीको १०/१५ भागमा अभिनय गर्नुभयो, विदेशमा कार्यक्रम गर्न जाने दाइको धेरै ठूलो धोको थियो, मैले पहल गर्छु पनि भनेको थिएँ, तर असफल भएँ । मलाई यो सधैं खड्किरहनेछ । घाँस काट्ने खुर्केर, गयो जोवन रोग लागेर । वैकुण्ठ बास होस् बुद्धि दाइ– हार्दिक श्रद्धाञ्जली ।

**पुस १४ गते शनिबार** : काका जापान, भतिज चाइना, जिन्दगीमा केही छैन ।

**पुस १५ गते आइतबार** : हेल्लो जापान सुजकवा, गलकोट समाजको कार्यक्रम, यो मुन्द्रेबाट हुनेछैन धोका, हाँस्न र नाच्न पर्छका, आजै दिउँसो ४ बजे होका ।

**पुस १५ गते आइतबार** : संसारभर रहनुहुने सम्पूर्ण आदरणीयहरूमा तमु ल्होसारको धेरै-धेरै शुभकामना ।

**पुस १५ गते आइतबार** : कहिले भ्वाइस अफ नेपाल, कहिले जितु नेपाल ।



**पुस १५ गते आइतबार** : अरू देशमा चन्द्रमाबाट फर्केर आउनेको भव्य स्वागत हुन्छ, हाम्रो देशमा जेलबाट फर्केर आउनेको भव्य स्वागत हुन्छ ।

**पुस १६ गते सोमबार** : विशेष श्रृंखला, हेर्दा आनन्द नहेर्दा पछुतो । आज राति मात्र नेपाल टेलिभिजनमा र आमा अग्निकुमारी मिडियामार्फत युट्युबमा संसारभर ।

**पुस १६ गते सोमबार** : चलचित्र विकास बोर्डकी अध्यक्ष निकिता पौडेलज्यूलाई जन्मदिनको हार्दिक मंगलमय शुभकामना ।

**पुस १६ गते सोमबार** : मेरा सम्पूर्ण आदरणीय शुभ चिन्तकहरूमा नयाँ वर्ष २०१९ को तुलनामा सबैको भलो चाहन्छु, सबै हाँसेको देख्न चाहन्छु ।

**पुस १७ गते मंगलबार** : जय टोपी, राखिदेऊ संसारभरका नेपालीभाषी नेपालीहरूको दिमागलाई छोपी ।

**पुस १७ गते मंगलबार** : यो मेरो आइडी होइन । कोही पनि भ्रममा नपर्नुहोला । यसरी अरूको बदनाम गर्नेलाई कसरी कारबाही गर्न सकिन्छ सल्लाह पाऊँ । पहिले कृपया तुरुन्त हटाउन अनुरोध ।

**पुस १८ गते बुधबार** : आज टोकियोमा तीन भाइको धमाका, हाँसौं, नाँचौं र धेरै बाँचौं ।

## फोटो अफ दि इन्स्टा



■ **सुरजको सान** : टेलिभिजनकर्मी सुरजसिंह ठकुरीको यो तस्बिरले इस्टाग्राममा ६ हजार ५ सय १४ लाइक तथा २७ वटा प्रतिक्रिया पाएको छ ।

मंगल होस्

# सबैको आ-आफ्नै संकल्प



मनोज गजुरेल

> राष्ट्रका नेताहरूले पनि केही संकल्प गरून् । व्यक्तिभन्दा माथि संस्थालाई राखून् । संस्थाभन्दा माथि देशलाई राखून् । देशभन्दा माथि मानवतालाई राखून् । मानवताभन्दा माथि सिंगो प्रकृतिलाई राखून् । प्रकृतिलाई माया गर्ने मानिसले आफू, परिवार, समाज, राष्ट्र र विश्वलाई नै माया गर्न सक्छ ।

बलियो सरकार भएका देशमा पनि सरकार हल्लाउन सक्ने विरोधी शक्ति हुन्छन् । शक्तिशाली कानुन भए पनि त्यसको उल्लंघन गर्ने उल्लंघनकारी भेटिन्छन् । जतिसुकै नैतिकवान् समाजमा पनि अनैतिकको उपस्थिति रहन्छ । नियम-कानुन हुँदाहुँदै किन त्यस्ता शक्तिहरूले शिर उठाउँछन् त ? जबसम्म मान्छे आफ्नो अन्तर्मनबाटै सुध्रन चाहँदैन ऊ जुनसुकै बेला उध्रिने खतरा रहन्छ । जति औषधी ख्वाए पनि जबसम्म बिरामीले म निको हुन्छु भन्ने दृढ आत्मविश्वास जागत् गर्दैन ऊ कहिल्यै ठीक हुन सक्दैन । डाक्टर, वैद्य, धामी, झाँक्री जतिसुकै लगाउनुहोस्, बिरामीमा बाँच्नुपर्छ भन्ने इच्छा शक्ति छैन भने उपचारले मात्र केही गर्न सक्दैन ।

व्यक्ति आफैंले संकल्प नगर्ने हो भने न कानुनले उसलाई ठीक गर्न सक्छ न त समाजले उसलाई बदल्न सक्छ । आत्मसंकल्प नै आफू सुध्रिने र समाजलाई सुधार्ने उत्तम उपाय हो ।

अहिले अंग्रेजी नयाँ वर्ष चलिरहेको छ । यही अवसरमा तैंले, मैले, तिमीले, तपाईंले, हामीले एक-एकवटा संकल्प लिनुपर्छ ।

संकल्प मबाटै सुरु गरौं । म संकल्प गर्छु कि आफूले आफैंलाई कमजोर मान्नेछैन । अरूका कमी-कमजोरी औंल्याएर आफू चोखो बन्नेछैन । पारिवारिक, सामाजिक एवं राष्ट्रिय दायित्वलाई प्राथमिकताका आधारमा बहन गर्ने प्रयास गर्नेछु ।

म चाहन्छु, राष्ट्रका नेताहरूले पनि केही संकल्प गरून् । व्यक्तिभन्दा माथि संस्थालाई राखून् । संस्थाभन्दा माथि देशलाई राखून् । देशभन्दा माथि मानवतालाई राखून् । मानवताभन्दा माथि सिंगो प्रकृतिलाई राखून् । प्रकृतिलाई माया गर्ने मानिसले आफू, परिवार, समाज, राष्ट्र र विश्वलाई नै माया गर्न सक्छ ।

उद्योगी-व्यवसायीहरूले संकल्प गरून्, मानव हितविरोधी कारोबार गर्नेछैन । मानव स्वाथ्यसँग खेलवाड हुनेछैन । अप्राकृतिक मूल्य खडा गरेर जनताको ढाड सेक्नेछैन । कृत्रिम अभाव देखाएर जनतालाई दुःख दिनेछैन । मुनाफा होस् तर नाफाखोर नबनियोस् । ट्याक्स छल्नु नपरोस् । नाफाको निश्चित प्रतिशत सेवामा लाउन पाईयोस् । प्रकृतिको नियम छ, जति बांड्नु हुन्छ, त्यति नै पाउनु पनि हुन्छ ।

नयाँ वर्षमा कर्मचारीहरूले पनि नयाँ संकल्प गरुन् । सेवा दिन सकियोस् । घूस खानु नपरोस् । पदभन्दा पहिचान राम्रो होस् । पावरभन्दा प्रेम बलियो बनोस् । खान पुगोस्, ढाँट्नु नपरोस् । राष्ट्रलाई दिन पाइयोस्, लिने लोभ नआओस् । प्रकृतिको नियम नै छ, माग्ने हातभन्दा दिने हात सधैं बलियो हुन्छ ।

पत्रकारिता पनि समाजको बलियो अंग हो । यो अंगमा कहिलेकाहीं बेढंगका पित्तकारिता पलाउने गरेका छन् । चित्त राम्रो भएका मित्रहरूले सुसमाचारमात्र दिऊन् । कुसमाचारलाई साथ नदिऊन् । पत्रकारिताले मानिसको मान गरोस् । कसैको मर्दन नगरोस् । समस्यालाई सुल्झाउने प्रयास होस् तर उल्झाउने दुष्प्रयास नहोस् । प्रकृतिको नियम नै छ, तपाईंले जस्तो रोप्नु भयो, त्यस्तै फल पाउनुहुनेछ ।

समाजसेवीहरूले पनि केही संकल्प गर्नुपर्छ । डलरको बीउ छर्ने काम मात्र नहोस्, सुधारको बाली उठाउने कार्य पनि होस् । सेवाका नाममा आएको रकम कसैको पेवा नहोस्, सीमाधन्तकृतहरूलाई टेवा पुगोस् । भोकाहरूलाई मेवा पुगोस् । समाजसेवा आत्मप्रचारको माध्यम नबनोस्, मानवसेवाको साधन बनोस् । प्रकृतिको नियम नै छ, सेवा गरे मेवा मिल्छ ।

समय सन्दर्भ

# नयाँ वर्ष नयाँ ऊर्जा



अधिकारी रवीन्द्र

डिसेम्बर ३१ मा मेरो नाममा अमेरिकाबाट एउटा पार्सल आयो । नयाँ वर्षको शुभकामनास्वरूप उसले मिठाई पठाएकी रै'छ । यसपालि ऊ फिजीमा छे । मिठाई चपाउँदा-चपाउँदै उसँगको भेट ताजा भएर आउँछ । मेरा धेरै शोखमध्ये एक हो– नयाँ वर्षमा नयाँ साथी बनाउने । बेग्लै परिवेश र कथा बोकेको बिल्कुल नौलो साथी । केही वर्षअघि मनास्लु क्षेत्रको ट्रेकिङमा जाँदा त्यो संयोग मिल्यो । बनाउँछु भनेर बनाएको साथीभन्दा घटना र व्यथाको संयोगले बनेका साथी बढी घनिष्ठ हुन्छन् । हामी नयाँ वर्षको चिसो मौसममा जीवनको गियर बदल्न हिंडेका थियौं ।

'मलाई भीडबाट टाढा जानु थियो । जब मानिस एउटै काममा लामो समय लीन हुन्छ, उसको दिमाग बोधो हुन्छ, तर यो सब किन हुन्छ ?' प्रश्नको वाण मतिर सोझियो । 'एकनासे काम त मेसिनले गर्छ, मानिस मेसिनभन्दा फरक छ,' मैले भनें । हो, म मेसिनबाट मानिस हुन नेपाल आएको । मलाई यो ठाउँको माटो नै अर्कै खालको लाग्यो । यहाँ टेक्नासाथ बेग्लै खालको आनन्द आउने । मैले थपे- 'त्यो अनुभूति हो । बेग्लै केही छ त त्यो केवल मनमा छ । जसरी सत्य एउटै हुन्छ तर त्यसलाई हेर्ने आँखा अनेक हुन्छन् र अनगिन्ती मगजले छुट्टाछुट्टै रूपमा त्यसलाई ग्रहण गर्छन्, अनुभूति पनि त्यस्तै हो । कसले के चिजको अनुभुति कतिबेला गर्छ पत्तो हुँदैन । केही चिजको बेग्लै अनुभुति लिनु पनि कला हो । शरीर जति नै बलिष्ठ भए पनि भित्री उर्जा छैन भने जीवन नीरस हुन्छ । नेपालले तिम्रो मनमा नयाँ ऊर्जा थपेको छ भन्ने सुन्दा म आफ्नो देशप्रति अझ बढी गर्व गर्छु ।'

उसले क्रिसमसदेखि नयाँ वर्षसम्म डल्लै १० दिन बिदा पाउँथी । ऊ त्यो समय पारिवारिक जमघट र रमाइलो भन्दा ट्रिप एड्भाइजरमा कुनै नामै नसुनेको सहरको होटल बुक गरी एक्लै फुत्त निस्कन्थी । हरेक नयाँ बर्षमा ऊ नयाँ देश गएकी छे । यस्तो टुरमा ऊ जहिल्यै एक्लै हिँड्छे । उसको प्रेमी पनि कान्सास सहरमै बस्छ तर ऊ अर्थात् अमाण्डा फर्किसकेपछि मात्र उसले थाहा पाउँछ कि उसकी प्रेमिका नेपाल भन्ने देशको कुनै निर्जन हिमाली उपत्यका सयर गरेर आएकी छे । 'कम्तीमा एक हप्ता म आफूखुसी जिउन चाहन्छु जहाँ समय र सम्बन्धको कुनै बन्देज नहोस् । जब म कसैसँग हुन्छु नजानेरै कतै थिचिएको महसुस गर्छु । म यो वर्षको शुभारम्भमा आफ्नो संकुचन हरहालतमा मन पराउन्नँ ।' ऊ अन्तर्मुखी छे तर जब खुल्छे सम्हालिन नसक्ने गरी पोखिन्छे ।

हाम्रो नेपाली समाजमा साविकको रुटिनलाई छोडेर कतै घुम्न निस्कने चलन त्यति छैन । कामको सिलसिलामा वा धार्मिक यात्रा गर्नमात्र मानिसहरू घर बाहिर निस्कन्छन् । पश्चिमाहरू घुम्ने कुरालाई जीवनको अपरिहार्य कार्यसूचीमा राख्छन् । घुम्नलाई अभावले छेक्दैन र घुम्नु मानसिक स्वास्थ्य सन्तुलनका लागि पनि अत्यावश्यक छ । अमाण्डाले जुन भित्रैदेखि नौलो उर्जा महसुस गरी त्यो संयोगवश भएको होइन । प्रकृति यति धनी छ कि साँच्चै नै यसले ८७ लाखभन्दा बढी प्रजातिका जीवलाई पाल्न सक्छ । यो विराटताले यदि सबैलाई पालनपोषण गर्न सक्छ भने निःसन्देह साढे ७ अर्ब मानिसमध्ये सबैमा खुसी भर्न सक्छ । अमान्डा त्यो वर्ष नेपालको प्रकृतिसँग खुसी र आनन्द लिन आएकी थिई । उसको करुवा ठुलो छ भने उसले ठूलै सन्तुष्टि लिएर जान्छे, तर विडम्बना हामीमध्ये धेरैसँग खुसी उबाउने करुवा सानो छ । प्रकृतिले जस्तोसुकै रिक्त मनलाई पनि रिचार्ज गरिदिन सक्ने क्षमता राख्छ तर त्यसका लागि आफू पनि तयार हुनुपर्‍यो । स्वदेश फर्किएपछि ऊ आफ्नो दुईवर्षे पुरानो प्रेमीसँगको सम्बन्धमा पुनर्विचार गर्नेवाली छे । अमाण्डा स्वतः पल्टिने किताब थिई, पल्टिदै गई । यसबीच मैले उसँग एउटा सेल्फी लिन अनुमति मागें । उसले ठाडै लत्याईदिई । जाबो सेल्फीको अनुरोधलाई कसैले त्यसरी सिधै लत्याएको त्यो मेरो पहिलो अनुभव थियो । मेरो बिस्मित अनुहार हेर्दै उसले सुझाई- 'यो मेरो अन्तर्मनको यात्रा हो । म यो एकहप्ते यात्राबाट आफूले आफूलाई थप चिन्ने प्रयास गर्नेछु । यसमा मलाई यी पहाड, कन्दरा र खोलानालाको सुसाहटले सहयोग गर्नेछन् । त्यो कुनै पलले मेरो मनमा हलचल ल्याएको हुन सक्छ जुन कुरा तस्बिरमा उतार्न सकिँदैन । मलाई लाग्छ, तस्बिर खिच्नु भनेको मैले टेक्ने, देख्ने, सुन्ने अनि महसुस गर्ने प्रकृतिमाथिकै अन्याय हो । तस्बिर खोक्रो आवरण हो, मापन नै गर्न नसकिने अनुभूतिको गहिराइलाई तस्बिरले फिक्का बनाउँछ तसर्थ म आफ्नो ध्याउन्न आफु र प्रकृतिबीचको सम्बन्धमा मात्र केन्द्रित राख्न चाहन्छु । संगै हिंडेको एक घण्टामै अमाण्डाले ह्वात्तै मेरो दिमागमा गहिरो प्रभाव छोडी । यसो नियालें, अरू पर्यटक जस्तो उसले क्यामेरा बोकेकी छैन । हुन पनि हो नयाँ वर्षमा मनमा उत्साह पो भर्ने त मेमोरी कार्डमा तस्बिर भर्ने हो र ? जब फिलिम भन्ने ठाउँ आयो एउटा टी हाउसमा विश्राम लिनु अगावै सबै जना ३ सय रुपैया प्रतिघण्टाको वाइफाईको पासवर्ड हाल्न लाइन लागे । अमान्डा सबैभन्दा कुनाको टेबलमा गएर बसी जहाँबाट धेरै टाढासम्मको दृश्य देखिन्थ्यो । नजिक गएर सोधें- इन्टरनेट नचलाउने ? उसले भनी- हामी वर्षभरि त्यही मात्र त गर्छौं । उसको मोबाइल काठमाडौंकै होटलमा छोडिएको थियो । रातिभट्टिमा छुट्टिँदा उसले भनेकी थिई- प्रकृतिभन्दा मान्छे बढी डरलाग्दा छन पृथ्वीमा ।




> घुम्नलाई अभावले छेक्दैन र घुम्नु मानसिक स्वास्थ्य सन्तुलनका लागि पनि अत्यावश्यक छ । अमाण्डाले जुन भित्रैदेखि नौलो उर्जा महसुस गरी त्यो संयोगवश भएको होइन । प्रकृति यति धनी छ कि साँच्चै नै यसले ८७ लाखभन्दा बढी प्रजातिका जीवलाई पाल्न सक्छ । यो विराटताले यदि सबैलाई पालनपोषण गर्न सक्छ भने निःसन्देह साढे ७ अर्ब मानिसमध्ये सबैमा खुसी भर्न सक्छ ।


ravinems@iom.edu.np

यात्रा सन्दर्भ

# कि यो एउटा खुला चर्पी हो !



किशोर नेपाल



राजनीतिमा लागेको मानिस असल र ज्ञानी भएर मात्र पुग्दो रहेनछ, राम्रो देखिएर मात्र हुँदो रहेनछ, सुदृढ देखिएर मात्र पुग्दो रहेनछ । अब काठमाडौं महानगरपालिकाका मेयर विद्यासुन्दर शाक्यलाई नै हेरौं । मेयर पदमा चुनिएको पहिलो दिनदेखि नै उहाँलाई सहरको फोहोरले निरन्तर पछ्याइरहेको छ । उहाँ जता गए पनि फोहोरले उहाँको पिछा छाडेको छैन । अरू कुनै पनि विषयको वस्तुगत वा समष्टिगत विकास नभए पनि, राजधानी सहर समावेशी हुन नसके पनि एकताको प्रतीकका रूपमा फोहोरका डुंगुर थुप्रिन थालेका छन् । काठमाडौंका उपभोक्ताहरूले उत्पादन गरेको फोहोर फाल्ने ल्यान्डफिल साइटहरू भरिइसकेका छन् । अर्को ल्यान्डफिल साइट फेला परिसकेको छैन । स्थानीय विकासका लागि गठन भएको तथा जनताको दैलोमा आएको सिंहदरबारले फोहोरको समस्यालाई कसरी हेर्नेछ ? नागरिक समाजका कसैले पनि ल्यान्डफिल साइटहरू यति छिटै भरिने कल्पना गरेका थिएनन् होला । फोहोर दशकसम्म निरन्तर चलेको हिंसात्मक आन्दोलनभन्दा पनि प्रभावकारी भएछ ।

अचेल सहरमा पानी अनियमित भएको छ । पानीजस्तै फोहोर उठाउने काम पनि अनियमित छ । यसले धेरै सहरवासीको आँखा खोलिदिएको छ । जनता प्लास्टिकका थैलाहरू थोक भाउमा खरिद गर्न बजारतिर दौडिने गरेका छन् । फोहोर समाचारको विषय हुन सक्दैन । त्यसमाथि सहरका सबै मुख्य सम्पादकहरूको नाक साँझैदेखि पिनासले टालिएको हुन्छ । कुनै पनि सञ्चार प्रतिनिधिले फोहोरको संकटलाई समस्याका रूपमा उठाउने दायित्व बोध गर्नुपरेको छैन । मेयर साहेबको यात्रा फोहोरको डुंगुरबाटै सुरु भएकाले सहरमा फोहोरका डुंगुरहरूको उपस्थिति स्वाभाविक नै हो ।

संसारका सबै देश कतै न कतै संलग्न भैसकेको अवस्थामा मेयर साहेब संसारका सबै देशका नेताहरूको क्लबको बैठकमा सरिक हुन थाल्नुभएको छ । मोबाइल फोनको जमानामा प्रविधिका कारणले पनि हुने-नहुने कुरा भैरहेका हुन्छन् । जस्तो, मलामी गएका बेला हँसिलो र चहकिलो गीत बजिदिन्छ मोबाइलमा– त्यो आँखाले लौ न मलाई मार्‍यो, तिमी मलाई जिन्दगीमा कस्तो प्यारो । त्यस्तै भयो ।

मेयर साहेबले संसार घुमि सक्नुभयो र पनि आफ्नै सहर घुम्नुभएको छैन । आफैं जन्मिएको र खोपी खेलेर हुर्किएको सहर घुम्नु नै किन पर्‍यो र ? फोहोरको डुंगुर नेपाली राजनीतिको स्थायी र स्थिर तत्व बनिसकेको अवस्थामा राजधानी सहरमा त्यसले पार्ने प्रभावको आँकलन गर्नु सजिलो नभएको थाहा छ मेयर साहेबलाई । खास गरेर कम्युनिस्ट नेताहरूमा फोहोर र खराब भनिएका तत्वहरूसँग लडदै जाने अत्यन्तै सकारात्मक हुटहुटी देखिन्छ । हिजोको अवस्थामा नेता वामदेव गौतम पुष्पकमल दाहाल प्रचण्डका गृहमन्त्री थिए । अहिले पनि गृहमन्त्रीभन्दा कम छैनन् । नेपाली जनताको आचरणमा सुधार ल्याउन नाइट क्लबमा नाइटो हल्लाउने र जुवाघरमा जुवा खेल्ने प्रवृत्तिसँग लड्ने मनसुवाका साथ देखा परेका गौतम आफैं बेली डान्समा परेर पो कुरा बिग्रियो ।

साँच्चै हो । राजनीतिमा लागेका मानिस असल र ज्ञानी भएर मात्र पुग्दो रहेनछ । मेयर साहेब साँच्चै असल छन् । संवेदनशील र सजग, तर उनी जति असल र ज्ञानी छन् फोहोरका डुंगुरहरू त्यति नै थुप्रिइरहेका हुन्छन् । यतिबेला उनी फोहोरको थुप्रोमा बसेर फोहोरकै सामना गर्दैछन् । स्वदेशीले जे-सुकै भनून् । निर्वाचनमा कम्युनिस्टले जितेकै हुन् । उनीहरूको आशा राजधानी सहरमा थुप्रिएको फोहोरको डुंगुरमा पुरिनुभन्दा अगाडि नै केही गर्न नसक्ने हो भने त्योभन्दा लज्जाको विषय अरू के हुन सक्छ ?

सबैका लागि राम्रो देखियो अहिलेको फोहोरको अवस्था । नेताहरूले कति सुन्दर ढंगले बनाएछन् संविधान । आफ्नै अयोग्यता र अक्षमताका कारण अँध्यारोमा हराउँदै गएकाहरूलाई पद, प्रतिष्ठा र सम्मान दिने व्यवस्था गरेर नयाँ नेपालले इतिहासको जस्तो सम्मान गरेको छ त्यो संसारकै लागि एउटा उदाहरणका रूपमा स्थापित हुनुपर्ने घटना हो । नयाँ ल्यान्डफिल साइट भरिदैछ । यस्ता धेरै साइट भरिइसकेका छन् । भरिने क्रम जारी छ । जसरी झाडा-पखाला एक जिल्लावाट अर्को र अर्को जिल्लामा विस्तारित हुने गरेको छ, त्यसरी नै राजधानीमा काठमाडौंबाट ललितपुर, त्यहाँबाट भक्तपुर फोहोरको विस्तार हुँदैछ ।

फोहोरहरूको यही डुंगुरमा बसेर नेताहरूले नयाँ नेपालका लागि नयाँ संविधान निर्माण गरे । नयाँ संविधानको मूल आधार दह्रो छ । नेपालका सरकारहरूको आयु राजधानीका उपभोक्ताहरूद्वारा उत्पादित फोहोरको डुंगुरहरूले नै निर्धारित गर्छन् । जहाँ फोहोर छैन त्यहाँ राजनीति छैन । यो पनि हुन सक्छ कि ल्यान्डफिल साइटमा अझै केही हजार डंगुर फोहोर थुपार्ने क्षमता छ, तर यसका लागि नेकपा अध्यक्ष प्रचण्डको जुंगा हल्लिनुपर्छ । अर्का अध्यक्ष ओली त प्रम आफैं छन् । उनलाई जुँगा हल्लाउने फुर्सद नै छैन । प्रचण्ड स्वयंमा असल र सफा व्यक्तित्व हुन् । पछिल्लो समयमा उनी धेरै यस्ता विषयहरूसँग अभ्यस्त भए जसको आवश्यकता जनताले महसुस गरेका थिएनन् । उनी फोहोरको राजनीतिसँग पनि अभ्यस्त भैसकेका नेता हुन् । आशा गरौं, प्रधानमन्त्रीका रूपमा ओलीको वैधानिक मान्यता स्थापित गर्न जसरी उनले काम गरे त्यसरी नै मेयर साहेबले पनि ल्यान्डफिल साइटको पत्तो लगाउनेछन् । हाम्रा मेयर असल र ज्ञानी छन् । उनलाई हाम्रो सहरका बारेमा थाहा नभएर के भो त ? सहरले उनलाई राम्रोसँग चिनेको छ ।

मेयर साहेबले काठमाडौंमा मोनोरेल र मेट्रोरेल एक-दुई वर्षमा चलाउने आशय प्रकट गरेका छन् । मोनो वा मेट्रो, रेल एक-दुई वर्षमा बन्ला र ? ठेकदार चीनबाट ल्याउने हो भने पनि कुन्नि ? त्यतिन्जेलका लागि मेयर साहेबबाट कुनै अंग्रेज इतिहासकारले बनाइदिएको काठमाडौं सहरको ऐतिहासिक इमेज (कि, यो एउटा खुला चर्पी हो) बदल्न सक्रिय भैदिए राम्रो हुने थियो ।

## प्रतिक्रिया




साप्ताहिकले प्रस्तुत गर्ने लेख-रचना सधैं अरूभन्दा फरक हुन्छन् । (फ्ल्यास ब्याक-२०१८) यस पटक सन् २०१८ को समीक्षा साह्रै राम्रो तरिकाले गरिएको छ । विश्व घटनाका सम्बन्धमा चासो राख्नेहरूका लागि हरेक सामग्री ज्ञानमूलक छन् । यस्ता विषयवस्तुलाई नियमितता दिँदै जानुपर्छ ।

**उद्धव शाहा**

गत वर्ष विश्वमा धेरै राजनीतिक घटना भए । (दूरगामी प्रभाव पार्ने वर्षका घटनाहरू) करोडौं मानिस आबद्ध भएको सामाजिक संजाल फेसबुक नै संकटमा पर्नु सूचना र संचार क्षेत्रको एउटा ठूलो घटना हो । हुन त विकल्पविहीन केही पनि हुँदैन । यद्यपि फेसबुक मार्क जुकरबर्गसँग मात्र नजोडिएर करोडौं मानिससँग पनि जोडिएको छ ।

**पार्वती थापा**

एक मेहनती मानिस (कफी गुरु अर्जुन चौहान) लाई बाहिर ल्याइदिनुभएकोमा किशोर नेपाललाई धन्यवाद । चौहानको मेहनत र लगनशीलतालाई मान्नैपर्छ । हरेक नेपालीले उहाँजस्तै मेहनत गर्ने हो भने कसैको मुख ताक्नै पर्दैन ।

**कुमार नेपाली**

यो वर्ष चर्चामा रहेका व्यक्तिहरूमा चिनियाँ राष्ट्रपतिको चर्चा कहीँ भएन । विश्व राजनीतिलाई नै आफू वरपर घुमाउने उनीजस्ता व्यक्तिको नाम कसरी छुट्यो ?

**पूनम क्षेत्री**

क्रिस्टियानो रोनाल्डो सधैं चर्चामा रहन्छन् । उनका प्रत्येक कुराले विश्वलाई आकर्षण गर्छ । उनी मलाई मन पर्ने खेलाडी हुन् ।

**कृष्टल**

प्रत्येक वर्ष विकास हुने वैज्ञानिक आविष्कारले मानव जीवन थप सहज बनाउँदै गएको छ । अझ स्वास्थ्य क्षेत्रमा भएका उपलब्धिले नयाँ-नयाँ आशा जन्माएको छ । मृत महिलाको पाठेघर प्रत्यारोपण गरी त्यसबाट शिशु जन्मनु स्वास्थ्य क्षेत्रको नयाँ क्रान्ति हो ।

**परिवर्तन क्षेत्री**

संचार क्षेत्रले संसारलाई साँघुर्‍याउँदै लगेका बेला केही सेवा बन्द भएका छन् । (यो वर्ष बन्द भएका सेवा) यसले बानी परिसकेको सेवा प्रयोग गर्न नपाउँदा समस्या पनि ल्याएको छ, कतिले भने नयाँ सेवा पनि प्राप्त गरेका छन् ।

**नवोदित थापा**

यो वर्ष मिटुले बलीउड मात्र नभएर संसारलाई नै हल्लायो । (मिटु, विवाह, ब्रेकअप र डेट) नेपालमा पनि यसको प्रभाव देखियो । यसमा बहस हुनु राम्रो कुरा हो, तर प्रमाणीत हुन सक्ने कुरामा मात्र सार्थक बहस हुनुपर्छ ।

**मौसम पौडेल**

बलिउड त्यसै पनि स्क्यान्डल नै स्क्यान्डलको क्षेत्र हो । (मिटु, विवाह, ब्रेकअप र डेट) यस्ता कुरा प्रत्येक वर्ष भैरहन्छन् । यी कुरामा सीमित मानिसको मात्र चर्चा हुन्छ ।

**पुरण जोशी**

ओल्ड इज गोल्ड त्यसै भनिएको होइन । पुरानो गीतलाई रिमेक गरिएको यो गीत अहिले पनि उत्कृष्ट गीतमा पर्दा खुसी लागेको छ । युट्युबमा मात्र लगभग ३७ करोड पटक हेरिनु चानचुने कुरा होइन ।

**श्रुति कार्की**

यो वर्ष बलिउडमा खानहरूको सान झरेको देखेर आश्चर्यचकित छु । (हिट फ्लपको चक्र) हुन त जुनसुकै र जस्तासुकै चलचित्र कहाँ सुपरहिट हुन्छ र ? नेपालमा पनि एउटा फिलिम चल्यो भन्दैमा सबैले आफैंलाई सुपरस्टार मान्छन् ।

**प्रवीणा काफ्ले**

सञ्चारकर्मी भीषण राईको पुरानो बुलेट हेर्ने रहर छ । (चैत १ मा पुरानो बुलेट) यसअघि पत्रकार सुशील पौडेलको प्रसाद र दीपेन्द्र लामाको घामछायाँले मन छोएको थियो । पुरानो बुलेटबाट पनि त्यही आशा राखेको छु ।

**यादव श्रेष्ठ**

खेलकुदमा सधैं पुरानै अनुहारको वर्चस्व देखिन्छ । (धेरै कमाउने खेलाडी) नयाँको पालो कहिले आउने होला ?

**प्रनिस देवकोटा**

twitter follow us on twitter.com/saptahik

SMS मार्फत प्रतिक्रिया
SF(space) दिएर आफ्नो प्रतिक्रिया टाइप गरी नामसहित 8080 मा पठाउनुहोस् ।

Like us on Facebook
facebook.com/kantipursaptahik



तस्विर : श्रुति श्रेष्ठ

# अमेरिका नै फर्कनुपर्छ भन्ने छैन

पुस २ गते थाइल्यान्डको बैंककमा सम्पन्न ६७ औं संस्करणको मिस युनिभर्स-२०१८ को उत्कृष्ट १० (आठौं स्थान) मा पर्न सफल भएलगत्तै नेपाली चेली मनिता देवकोटा सञ्चारमाध्यमको हेडलाइन बनिन् । प्रतियोगितामा सहभागिता जनाउन थालेको दोस्रो वर्षमै नेपालले पाएको यो उपलब्धिलाई ऐतिहासिक समेत मानियो । प्रतियोगिताको उपाधि क्याट्रिओना ग्रेले जिते पनि गोरखामा जन्मिएकी मनिता नेपाललाई ब्रह्माण्ड सामु चिनाउन सफल भइन् । प्रतियोगितामा सहभागिता जनाउन मंसिर १४ गते नै थाइल्यान्ड पुगेकी मनिताले मिस युनिभर्सको भव्य एरिनामा आफूलाई चिनाउन झन्डै ८ महिना कठोर मेहनत गरिन् । मानसिक, बौद्धिक तथा शारीरिक रूपमा आफूलाई अब्बल साबित गर्ने क्रममा दिन-रात नभनी मेहनत गरिन् । त्यस क्रममा आफ्नो शरीर झन्डै १३ केजी घटाइन् । ५ फिट ८ इन्च अग्ली मनिता अंग्रेजी भाषामा पोख्त भएकाले पनि आफूलाई मिस युनिभर्सको माहौलमा थप सहज भएको बताउँछिन् । बुधबार कुपन्डोलस्थित हिडन ट्रेजरको कार्यालयमा कृष्ण भट्टराईसँग कुराकानी गर्ने क्रममा मनिताले नेपाली सञ्चारमाध्यम तथा नेपाली जनताबाट आशा गरे अनुरूप साथ र सहयोग नपाएको गुनासोसमेत गरिन् ।

**मिस युनिभर्समा सहभागिता जनाएर फर्किएयताको व्यस्तता कस्तो छ ?**

थाइल्यान्डबाट फर्किएको एक साता भयो । काठमाडौं आएको केही दिनपछि नै पुर्ख्यौली थलो गोरखा पुगें । त्यहाँबाट काठमाडौं आएपछि सञ्चारकर्मीहरूसँग कुराकानी गर्नमै व्यस्त छु ।

**मिस युनिभर्स-२०१८ को तयारी कसरी थाल्नुभएको थियो ?**

सहभागिताका दृष्टिकोणले मिस युनिभर्स हामी नेपालीहरूका लागि नौलो छ । अघिल्लो वर्ष (नगमा श्रेष्ठ) देखि मात्र नेपालले मिस युनिभर्समा सहभागिता जनाउन थालेको हो । त्यस हिसाबले मिस युनिभर्समा म दोस्रो नेपाली प्रतिनिधि हुँ । प्रतियोगिताकै नयाँ सदस्य भएकाले पनि होला मैले यो प्रतियोगिताको सहभागिताका लागि धेरै नै मेहनत गर्नुपर्‍यो । गत वैशाखमा मिस नेपाल युनिभर्सको उपाधि जितेको भोलिपल्टदेखि नै म मिस युनिभर्सकै तयारीमा जुटें । त्यसक्रममा धेरै भन्दा धेरै अध्ययन गर्नु अनिवार्य थियो । त्यसबाहेक विभिन्न सामाजिक कार्यको सहभागिता, पहिरनको व्यवस्थापनदेखि शारीरिक एवं मानसिक रूपमा समेत तयार हुनुपर्ने थियो । प्रतियोगिताकै लागि मैले जिम गरेर झन्डै १३ केजी वजन घटाएकी थिएँ ।

**मिस युनिभर्स-२०१८ को आफ्नो सहभागितालाई कसरी मूल्यांकन गर्नुहुन्छ ?**

मिस युनिभर्स आफैंमा एउटा विशाल प्लेटफर्म हो, जहाँ नेपालबाहेक अधिकांश देश वर्षौंदेखि सहभागी भैरहेका छन् । लामो समयदेखि सहभागिता जनाइरहेका देशका सहभागीले खासै मेहनत गर्नु पर्दैन होला, तर त्यसको विपरीत मैले धेरै नै मेहनत गर्नुपर्‍यो । अन्ततः उत्कृष्ट १० मा पर्न सफल भएर त्यो मेहनतले सफलता पाएको अनुभव गरेकी छु ।

**मिस युनिभर्सको उत्कृष्ट १० मा आउनुलाई कुन रूपमा हेर्नुभएको छ ?**

नेपालको प्रतिनिधिका रुपमा यो असाध्यै ठूलो उपलब्धि हो । किनभने मैले यस क्रममा भारतसहित केही त्यस्ता देशलाई पछि पार्न सफल भएँ, जो वर्षौंदेखि मिस युनिभर्समा सहभागिता जनाइरहेका थिए, उपाधि समेत जितिरहेकी थिए । अनुभवी देशका सुन्दरीहरूलाई पछि पार्दै उत्कृष्ट आठसम्म पुग्नु नै सबैभन्दा ठूलो उपलब्धि हो । यद्यपि, मैले केही साना गल्ती नगरेको भए अझ अगाडिसम्म पुग्न सक्थें की भन्ने लागेको छ ।

**त्यस्तो के गल्ती गर्नुभएको थियो ?**

मिस युनिभर्सको प्लेटफर्ममा भोटिङ हुँदैन । विभिन्न तीनवटा चरणमार्फत प्रतिस्पर्धीहरूको मूल्यांकन गरिन्छ । १ सय प्रतिशतमध्ये ६० प्रतिशत अंक निर्णायकहरूले लिने अन्तर्वार्ताबाट तय हुन्छ भने बाँकी ४० प्रतिशतमध्ये २० प्रतिशत इभिनिङ गाउनको क्याटवाक तथा २० प्रतिशत स्विमसुट क्याटवाकबाट तय हुन्छ । अन्तर्वार्तामा मैले उत्कृष्ट प्रस्तुति दिएकी थिएँ । किनभने निर्णायकहरूले मलाई आफ्ना बारेमा आफैं भन्न आग्रह गरेका थिए । त्यसक्रममा मैले धेरै भन्दा धेरै समय लगाएर आफ्नो बारेमा बताएँ, मेरो कुराले निर्णायकहरूलाई पक्कै पनि प्रभावित बनाएको हुनुपर्छ । बाँकि रह्यो ग्रान्ड फिनालेको दिनको क्याटवाक राउण्ड, उक्त दिन मलाई आफूले लगाएको पहिरनले धोका दियो । उत्कृष्ट क्याटवाक गर्नुपर्नेमा मेरो त्यही वाक बिग्रिएको थियो । म आफूले लगाएको पहिरनका डिजाइनरलाई दोष दिन्नँ, गल्ति मेरै थियो, मैले उत्कृष्ट शैलीमा वाक गर्न सकिन । मलाई लाग्छ म उत्कृष्ट पाँचमा पुग्न नसक्नुमा त्यही क्याटवाकमा भएको गल्ती नै जिम्मेवार हुनुपर्छ ।

**समग्रमा मिस युनिभर्स प्रतियोगिता कस्तो हुँदो रहेछ ?**


यो विश्वकै सबैभन्दा ठूलो सौन्दर्य प्रतियोगिता त हो नै, सबैभन्दा गाह्रो प्रतियोगिता पनि रहेछ । मेरा लागि त मिस युनिभर्ससँग कनेक्सन बनाउन नै समय लाग्यो । मानिसहरूसँग चिनजान गर्न, के-कस्तो तयारी गर्नुपर्छ भन्ने कुरा थाहा पाउन पनि समय लाग्यो । सुरुदेखि नै निकै गाह्रो भएको थियो । यद्यपि कडा परिश्रमले मीठो फल दिन्छ भने झैं मैले गरेका सबै मेहनतले अन्त्यमा रंग देखाएको अनुभव गरें ।

**प्रसंग बदलौं, अबको तपाईंको यात्रा कसरी अघि बढ्नेछ ?**

कम्तीमा अर्को मिस नेपाल नहुञ्जेलसम्म त म नेपालमै छु । मिस नेपाल युनिभर्सको मुकुट नयाँ विजेताको शिरमा नपहिराएसम्म म नेपालमै बसेर काम गरिरहनेछु ।

पृष्ठ २६ मा

# २०१८ का वैज्ञानिक उपलब्धि



सन् २०१८ विज्ञानका लागि निकै रोचक र नयाँ सम्भावना जगाएर समाप्त भएको छ । गतवर्ष आर्टिफिसियल इन्टेलिजेन्स, अन्तरिक्षमा जीवनको अस्तित्व एवं मानव इतिहासका लागि धेरै नयाँ जानकारी प्राप्त भएको छ ।

## किलोग्रामको नयाँ परिभाषा

सन् २०१८ को नोभेम्बर १६ मा फ्रान्सको वर्सायमा जनरल कन्फरेन्स अन वेट्स एन्ड मेजरमेन्टमा ६० भन्दा बढी देशका प्रतिनिधिले भोटमार्फत अबदेखि किलोग्रामलाई प्लांक कन्स्टेन्टका आधारमा मापन गर्ने निर्णय गरे । १ सय २९ वर्षपछि वैज्ञानिकहरूले किलोग्राम (केजी) को परिभाषा परिवर्तन गरेका हुन् । अहिले किलोग्रामलाई ले ग्रान्ड के भनिने प्लाटिनियममा आधारित इनगट (पिण्ड) को तौलका आधारमा परिभाषित गरिँदै आएको छ ।

## मंगलमा आइस भरिएको ताल

मंगल ग्रहको दक्षिणी ध्रुवमा १ दशमलव ५ किलोमिटर गहिरो भागमा आइस भरिएको फराकिलो ताल फेला परेको छ । यो मंगलग्रहमा फेला परेको हालसम्मकै सर्वाधिक क्षमताको तरल पदार्थ हो । यसबाट मंगलग्रहमा केही नयाँ सम्भावना देखिएको छ ।

## सर्वाधिक क्षमताको रकेट

स्पेस एक्सले हालसम्मकै सर्वाधिक क्षमताको रकेट फाल्कन हेभीलाई गत फेब्रुअरी १८ मा केनेडी स्पेस सेन्टरबाट सफलतापूर्वक प्रक्षेपण गर्‍यो । उक्त रकेटले अन्तरिक्षमा पुगेर टेस्ला रोडस्टर कारलाई शून्यमा छाडेको छ । यसलाई पुन: उपयोग गर्न समेत सकिन्छ । यसबाट आगामी दिनमा चन्द्रमा र मंगलमा समेत रकेट पठाउन सकिने सम्भावना देखिएको छ ।

## पार्कर सोलार प्रोब

नासाले सूर्यको अध्ययन गर्न सूर्यको सबैभन्दा नजिक पुग्ने यानका रूपमा पार्कर सोलार प्रोब नामक यान गत अगस्टमा प्रक्षेपण गरेको छ जसले आगामी ७ वर्षसम्म सूर्यको कक्षलाई २४ चक्कर लगाउनेछ । नासाले यसको सहयोगले सूर्यको वायुमण्डल कोरोनाको विस्तृत अध्ययन गर्न चाहेको छ । त्यसैगरी यानले सौर्य आँधीको रहस्यका सम्बन्धमा पनि जानकारी बटुल्नेछ । यो यान ४ लाख ३० हजार माइल प्रतिघण्टाको गतिमा दौडिरहेकाले सबैभन्दा तीव्र गतिमा गुड्ने यान समेत भएको छ ।

## अनौठो चट्टानी आकृति

मंगल ग्रहको अध्ययनका लागि सन् २०११ मा पठाइएको क्युरियोसिटी रोभर नामक यानले चट्टानमा अनौठो आकृति भएको तस्विर पठाएको छ । उक्त आकृति प्राकृतिक रूपमै बनेको हो वा त्यसलाई कुनै प्रकारको जीवले बनाएको हो भन्ने विषयमा अझै केही थाहा हुन सकेको छैन । यसका बारेमा अनुसन्धान भैरहेको छ ।

## ७३ हजार वर्ष पुरानो पेन्टिङ

सेप्टेम्बर महिनामा दक्षिण अफ्रिकाको केप टाउन नजिक ब्लोमबोस नामक गुफाको चट्टानमा एउटा रेखाकृति फेला परेको थियो । उक्त रेखाकृति करिब ७३ हजार वर्ष पुरानो मध्यपाषाण युगको मानिएको छ । ९ वटा रेखाले मात्र बनाइएको उक्त पेन्टिङले यसभन्दा पहिले सबैभन्दा पुरानो मानिएको ३० हजार वर्ष पुरानो पेन्टिङको रेकर्ड तोडेको छ । यसबाट त्यो समयमा पनि मानिसले चित्रकला तयार गर्थे भन्ने कुरा प्रमाणित भएको छ ।

## युरोपामा पानीको संकेत

बृहस्पति ग्रहको चन्द्रमा युरोपामा पानीको संकेत पाइएको छ । सन् १९९५ देखि २००३ सम्म ग्यालिलियो मिसनद्वारा युरोपाबाट जम्मा गरिएको डाटा अध्ययन गरिएको थियो । गत मे महिनामा यस विषयमा एउटा रिपोर्ट जारी गरियो । अन्तरिक्षमा जीवनको खोजी क्षेत्रमा यसलाई महत्वपूर्ण उपलब्धि मानिएको छ । युरोपाको दूरीका कारण त्यहाँ मानिस पुग्न मुश्किल छ तै पनि जीवनको अस्तित्व भए असम्भव भने छैन ।

## मानिस भन्दा एआई क्षमतावान्

आर्टिफिसियल इन्टेलिजेन्स अर्थात् एआई प्रोग्राम विकसित गर्न माइक्रोसफ्ट तथा अलिबाबा कम्पनी मिलेर कार्य गरिरहेका छन् । गत जनवरी १५ मा यसको साझा परिणाम सार्वजनिक गर्दा संसारका धेरै मानिस चकित भए । यस अनुसार एआई प्रोग्रामले एक औसत व्यक्तिले पढेर सम्झिए भन्दा बढी प्रदर्शन गर्न सक्छ ।

## ३७.१ अर्ब टन कार्बन उत्सर्जन

ग्लोबल कार्बन प्रोजेक्टका अनुसार सन् २०१८ मा ३७ दशमलव १ टन कार्बन उत्सर्जन भएको छ र यो हालसम्मकै सर्वाधिक उत्सर्जन हो । गाडीहरूको बढ्दो संख्या तथा चीनमा कोइलाबाट विद्युत् निकाल्नु नै यसको प्रमुख कारण हो । यसका कारण जलवायु परिवर्तन हुने, तापक्रम बढ्ने तथा समुद्रको जलस्तर बढ्ने जस्ता समस्या सिर्जना हुनसक्छन् ।

## ड्राइभरलेस कारमा संशय

चालकरहित अर्थात ड्राइभरलेस कारलाई यातायातको भविष्य मानिएको छ । यद्यपि गत मार्च महिनामा अमेरिकाको एरिजोनामा अनलाइन कार सेवा प्रदान गरिरहेको कम्पनी उबरद्वारा सञ्चालित यस प्रकारको कारले एक महिलालाई ठक्कर दिएर मारे पश्चात यो सम्भावनामा झट्का लागेको छ । यसलाई अटोमेसन प्रविधिका कारण भएको पहिलो मृत्यु मानिएको छ ।

# यस्ता स्मार्टफोन आउने छन् यो वर्ष

२०१९ मा स्मार्टफोन प्रविधिमा केही नयाँ अनुभव गर्न सकिने सम्भावना देखिएको छ । गतवर्ष नोचफ्री डिस्प्लेयुक्त स्मार्टफोनदेखि ५ रियर क्यामेरा भएका स्मार्टफोन अनि फाइभ जी सपोर्ट गर्ने र फोल्डेबल स्मार्टफोनसमेत प्रयोगमा आउनेछ ।

## नोच फ्री डिस्प्ले

गत वर्ष नोच तथा वाटर ड्रप डिस्प्ले भएको स्मार्टफोनले मानिसहरूलाई निकै आकर्षित गर्‍यो । यद्यपि कतिपयलाई नोच डिस्प्ले स्मार्टफोन रुचिकर लागेन । यो प्रविधि हाल ओप्पो फाइन्ड एक्स र भिभो नेक्सजस्ता महँगा स्मार्टफोनमा उपयोग गरिएको छ, तर आगामी दिनमा मध्यम रेन्जका स्मार्टफोनमा समेत यसको प्रयोग हुनेछ ।

## ५ रियर क्यामेरा

वर्ष २०१९ स्मार्टफोन फोटोग्राफी गर्नेहरूका लागि महत्वपूर्ण हुनेछ । अर्को वर्ष ५ वटा रियर क्यामेरा भएका स्मार्टफोन आउनेछन् र नोकियाले त्यसको घोषणा समेत गरिसकेको छ । अन्य कम्पनीले पनि यस्ता स्मार्टफोन तयार गर्नेछन् । यी क्यामेराले फरक-फरक काम गर्नेछन् भने तस्विर पनि विशेष खालका हुनेछन् । हाल सामसुङले ४ वटा रियर क्यामेरा भएको ग्यालेक्सी ए९ स्मार्टफोन उपलब्ध गराएको छ ।

## फोल्डेबल डिस्प्लेयुक्त स्मार्टफोन

सामसुङले फोल्डेबल डिस्प्ले भएको स्मार्टफोन ल्याउने घोषणा गरिसकेको छ । गतवर्ष उक्त फोन बजारमा उपलब्ध हुनेछ । यसमा भएको ७ दशमलव ३ इन्चको स्क्रिनमार्फत ट्याब्लेटको अनुभव गर्न सकिन्छ भने फोल्ड गरेर फेरि ४ दशमलव ६ इन्चको स्क्रिनलाई अलग तरिकाले उपयोग गर्न सकिन्छ ।

## नयाँ अल्ट्रा फास्ट चार्जिङ प्रविधि

वर्ष २०१८ मा फास्ट चार्जिङ प्रविधिमा काम गर्ने स्मार्टफोन धेरैले रुचाए । वर्ष २०१९ मा यो अझ परिष्कृत रूपमा आउनेछ । कम समयमा स्मार्टफोन फुल चार्ज गर्न अल्ट्रा फास्ट चार्जिङ प्रविधिमा काम भैरहेको छ । क्वालकमले ट्रिपल चार्ज प्रविधिमा काम गर्ने ३२ वाटको चार्जर तयार पारेको छ, जसलाई २०१९ मा लन्च गरिनेछ । त्यसैगरी वायरलेस चार्जिङ र एआई प्रविधिबाट समेत चार्ज गर्ने प्रविधिको विकास हुनेछ ।

## फाइभ जी सपोर्ट

वानप्लस, ओप्पो, हुवावे तथा सोनीजस्ता कम्पनीले सन् २०१९ मा फाइभ जी सपोर्ट गर्ने स्मार्टफोन सार्वजनिक गर्ने घोषणा गरिसकेका छन् । हाल प्रचलित फोरजीको तुलनामा फाइभ जी प्रविधिले एक सय गुणा बढी तीव्र गतिमा कार्य गर्नेछ, जसका कारण डाउनलोड र अपलोडमा प्रयोगकर्ताले अलग अनुभव गर्न सक्नेछन् । बिस्तारै फाइभ जी प्रविधिमा विश्वका विभिन्न देशमा काम हुन थालेको छ ।




## न्यामको प्रतिस्पर्धा

२०१८ मा १० जीबी न्याम सम्मका स्मार्टफोन आए । वानप्लसले म्याकलरेन एडिसनमा १० जीबी न्याम उपलब्ध गरायो । ८ र ६ जीबी न्याम भएका स्मार्टफोनको कमी भएन । २०१९ मा फाइभ जी प्रविधिसमेत आउने भएकाले त्यसैअनुरूपको क्षमता भएका स्मार्टफोन उपलब्ध हुनेछन् । सामसुङ तथा वानप्लसले यस्ता स्मार्टफोन ल्याउने घोषणासमेत गरिसकेका छन् ।

## एआईको प्रयोग

स्मार्टफोनमा आर्टिफिसियल इन्टेलिजेन्स अर्थात एआईको प्रयोग बढ्नेछ । स्मार्टफोनमा क्यामेराको लेन्सदेखि ब्याट्री म्यानेजमेन्ट सम्ममा यसको प्रयोग गरिनेछ । यसको प्रयोग आगामी दिनमा अझ बढेर जानेछ ।

# वर्ष २०१८ का टप एप्स

गतवर्ष धेरै प्रकारका एन्ड्रोइड तथा आईओएस एप्स उपयोग गरिए । आफ्नो आवश्यकताका आधारमा फरक-फरक प्रकारका एप्स उपयोग भए । युजर रेटिङ्स, एपको फिचर तथा लोकप्रियताका आधारमा यो वर्ष धेरै उपयोग गरिएको यी एप्स डाउनलोडका आधारमा पनि धेरै अगाडि छन् ।



### भ्वाइस कमान्ड एप
### गुगल असिष्टेन्ट

बोलेर स्मार्टफोनलाई कमान्ड दिन सकिने एप गुगल असिष्टेन्ट गतवर्ष निकै नै रुचाइयो । यसको सहयोगले टेक्स्ट म्यासेज गर्न, क्यामेरा ओपन गर्न, म्युजिक प्ले गर्न तथा मौसमसँग सम्बन्धित सबै जानकारी प्राप्त गर्न सकिन्छ ।

### न्युज तथा म्यासेजिङ एप
### गुगल न्युज

विभिन्न प्रकारका समाचार थाहा पाउन गुगल न्युजको प्रयोग धेरै गरियो । यो एपले एआई प्रविधि प्रयोग गर्छ र सर्चका लागि राखिएको किवर्डका आधारमा त्यससँग सम्बन्धित सबै जानकारी देखाउँछ ।

### सोसल एप टिकटक

फन्नी भिडियो सेयर गर्न टिकटक एप प्रयोग गरिन्छ । कुनै लोकप्रिय डाइलगलाई नक्कल गरी आफ्नो भिडियो तयार पार्न सकिने यो एपको प्रयोग निरन्तर बढ्दो छ ।

### नेभिगेसन एप गुगल म्याप्स

नयाँ स्थानमा गएको समयमा आफूलाई आवश्यक लोकेसन थाहा पाउन गुगल म्याप्सको प्रयोग धेरै भयो । एपमा उपलब्ध स्ट्रिट म्याप्स, रियल टाइम ट्राफिक तथा सर्टकट रुट प्लानिङ फिचरका कारण बाटो पत्ता लगाउन निकै सहज छ । २ सय भन्दा बढी देशमा यो एप उपलब्ध भएकाले यसको डाउनलोड पनि धेरै नै भयो ।

### इन्स्ट्यान्ट म्यासेजिङ एप
### ह्वाट्सएप

पहिले च्याटिङका लागि मात्र उपयोगी ह्वाट्सएपमा हाल फोटो तथा भिडियो समेत सेयर गर्न सकिन्छ । गतवर्ष ग्रुप च्याट फिचरको पनि प्रसस्तै उपयोग गरियो ।

### स्क्यानिङ एप
### क्याम स्क्यानर

कुनै पनि जरुरी कागजातलाई स्मार्टफोनबाट स्क्यान गर्न गतवर्ष क्याम स्क्यानर एप धेरै प्रयोग गरियो । यो एपमार्फत कुनै डकुमेन्ट स्क्यान गरी एडिट समेत गर्न सकिन्छ । निःशुल्क उपलब्ध हुने यो एप १० करोड भन्दा धेरै डाउनलोड भैसकेको छ ।

### पेमेन्ट एप जीपे

आफ्नो साथीलाई पैसा पठाउन, बिल भुक्तान गर्न, अनलाइन खरिद गर्न वा फोन रिचार्ज गर्न समेत यसको प्रयोग गरिन्छ । गुगल सेक्युरिटी सिस्टमबाट सुरक्षित यो एप ५ करोडभन्दा बढी डाउनलोड भएको छ ।

# म्यासेज डिलिट गर्नु छ ?




फेसबुक म्यासेन्जरमार्फत पठाइएको सन्देश अस्वाभाविक लाग्दा डिलिट गर्न मिल्ने सुविधा थिएन, तर फेसबुकले अब यस्तो सुविधासमेत उपलब्ध गराउन थालेको छ । यसका लागि फेसबुकले 'अनसेन्ड' नामक फिचर ल्याएको छ । यसबाट आफूले पठाएको म्यासेजलाई १० मिनेट भित्र डिलिट गर्न सकिन्छ । फेसबुकले यसको जानकारी पहिले नै दिएको भए पनि हालै मात्र यो सुविधा प्रारम्भ गरिएको हो । हाल पठाइएको म्यासेजमा केही बेरसम्म थिच्दा कपी, फरवार्ड र डिलिट अप्सन देखिन्छ । अब भने त्यसमा रिमुभ अप्सन पनि आउनेछ । हाल यो सुविधा पोल्यान्ड, बोलिभिया, कोलम्बिया र लिथुवानियामा मात्र प्रयोग गर्न सकिन्छ । आईओएस र एन्ड्रोइड दुवै मोबाइलमा उपलब्ध हुने यो सुविधा आगामी दिनमा अन्य देशमा समेत उपलब्ध हुँदै जाने बताइएको छ ।

# अब इलेक्ट्रोनिक छाला

बोट र मानिस बीचको सम्बन्धमा तालमेल ल्याउन वैज्ञानिकहरूले निकै पातलो र लचिलो इलेक्ट्रोनिक छालाको विकास गरेका छन् । मानव छालामा संवेदनशील तन्त्रिका एवं कोषिकाहरू हुन्छन्, जसले दबाव, तापमान र अन्य अनुभूतिहरू महसुस गर्न सक्छ । यही कुरालाई मध्यनजर गरी मानव र रोबोट दुवैका लागि उपयुक्त हुने छालाको विकास गरिएको हो । पोर्चुगलको युनिभर्सिटी अफ कोयम्बरा तथा अमेरिकाको कार्नेगी मेलोन युनिभर्सिटीका अनुसन्धानकर्ताहरूले एकीकृत माइक्रो इलेक्ट्रोनिकका साथ पातलो पत्र भएको सर्किट निर्माण गर्न पहिलेदेखि नै प्रयास गरिरहेका थिए । उनीहरूलाई अहिले आएर यो सफलता प्राप्त भएको हो ।

# २१ हजार ५ सय ७० किलोमिटर उड्ने जेट




अमेरिकी विमान निर्माता कम्पनी बोइङले सर्वाधिक लामो रेन्जको जेट 'बीबीजे ७७७एक्स' लन्च गरेको छ । यो विमानमा पूरै इन्धन भर्ने हो भने आधा संसारको यात्रा कतै नरोकिइ सम्पन्न गर्न सकिन्छ । यसले एकै पटकमा २१ हजार ५ सय ७० किलोमिटर यात्रा गर्न सक्छ । यसको अर्थ लामो दूरीको यात्रा गर्न र फ्लाइट परिवर्तन नगरी चाहेको स्थानमा पुग्न यसको प्रयोग गर्न सकिन्छ ।

कम्पनीका अनुसार यो जेट विमानमा जीई९एक्स हाई बाइपास टर्बोफ्यान एयरक्राफ्ट इन्जिन छ । यसको विङस्प्यान अर्थात एउटा पंखाबाट अर्को पंखाको दूरी २३५ फुट छ । यसको निर्माण हाल प्रचलित विमान बोइङ ७७७-८ तथा ७७७-९ मा आधारित भएर गरिएको छ । ती विमानमा ३ सय ५० जना यात्री अटाउँथे भने नयाँ विमानमा ४ सय २५ यात्री अट्न सक्छन् ।

# बेस्ट मोबाइल गेम

समय अनुसार मोबाइल गेमको प्रयोग समेत बढिरहेको छ । यसैका लागि कम्पनीहरूले पनि धेरैभन्दा धेरै मोबाइल गेमको विकास गरिरहेका छन् । गतवर्ष लोकप्रिय रहेका प्रमुख ७ गेम्स :

### अनलाइन ब्याटल रोयल गेम पब्जी

गतवर्ष पब्जी अर्थात प्लेयर अननोन ब्याटल ग्राउन्ड्स सबैभन्दा मन पराइएको गेम साबित भयो । १ वर्षभन्दा कम समयमै यसले अन्य सबै गेमलाई पछि पार्‍यो । यसमा हाई क्वालिटी ग्राफिक्स उपलब्ध छ भने प्रयोगकर्ताहरूले ४ जनाको ग्रुप बनाएर आपसमा कुराकानी गरेरै यो खेल खेल्न सक्छन् । पछिल्लो समयमा यसमा विभिन्न अपडेटसमेत गरिएको छ र अझै राम्रो बनाउने प्रयास जारी छ ।

### फोर्टनाइट रोयल ब्याटल

यो पनि ब्याटल रोयल गेम हो । यो गेम आइओएस प्रयोगकर्ताका लागि उपलब्ध गराइएको हो । यो एप्स साप्ताहिक रूपमा अपडेट हुन्छ । आइफोन ६एसदेखि माथिका सबै मोडलमा उपलब्ध यो गेम एप्पल युजरहरूले निकै मन पराएका छन् ।

### रेसिङ गेम अस्फाल्ट-९

आकर्षक ग्राफिक्सका कारण गतवर्ष रेसिङ गेम अस्फाल्ट ९ निकै मन पराइयो ।




यसको नयाँ संस्करण अस्फाल्ट ९ : लिजेन्ड्स समेत उपलब्ध छ । यो गेममा संसारभरका ५० किसिमका कार देखिन्छन्, जसलाई अलग-अलग लेभल पार गर्दै जित्नु पर्छ । यसमा भएको आकर्षक रेसिङ कन्ट्रोलका कारण रेसिङ मन पराउनेहरूले निकै रुचाएका छन् ।

### मल्टिप्लेयर गेम लुडो किङ

सामान्य अवस्थामा पहिले देखि नै धेरैले लुडो खेल्दै आएका छन् । यद्यपि मोबाइल प्लेटफर्ममा उपलब्ध गराइए पछि भने यसका प्रयोगकर्ता निकै बढेका छन् । इन्टरनेट कनेक्सन समेत आवश्यक नपर्ने भएकाले यसको प्रयोग गर्नेहरू धेरै भएका हुन् ।

### आर्केड गेम सबवे सर्फर्स

यो गेम विशेष गरी बालबालिकाहरूका लागि तयार पारिएको हो । यो गेममा ट्रेन माथि दौडिएर क्वाइन कलेक्ट गर्नुपर्छ । यसमा बिस्तारै स्पिड बढ्दै जान्छ र त्यतिबेला ठोक्किनबाट जोगिनुपर्छ । खेल्न सजिलो भएकाले पनि यो खेल लोकप्रिय भएको हो ।

### स्ट्राटेजी गेम क्लास अफ क्लान्स

यो एक प्रकारको रणनीतिक गेम हो । यसमा एउटा गाउँ आफैं बनाएर आफ्नो सैनिकलाई प्रशिक्षित गर्नु पर्छ । त्यसपछि अर्को गाउँमा हमला गरेर त्यसलाई पराजित गर्नुपर्छ । यो एउटा अनलाइन गेम हो ।

### बोर्ड गेम रियल चेस थ्रीडी फ्रि

थ्रीडी ग्राफिक्सका आधारमा तयार पारिएकाले यो गेम धेरै मन पराएका छन् । यो गेम एआई प्लेयरका साथ बाजी लगाएर खेल्न सकिन्छ । यो चेसको सर्वाधिक राम्रो गेम मानिएको छ ।

# जापानमा रोजगारी : कडा परिश्रम, राम्रो आम्दानी



युवराज गौतम

रोजगारीका सिलसिलामा दैनिक सयौं नेपाली बिदेसिरहेका छन् । पछिल्ला केही वर्षमा नयाँ पुस्ताका जनशक्ति विद्यार्थी भिसामा अमेरिका, जापान, अस्ट्रेलिया, युरोप आदि देश पुग्ने क्रम पनि बढिरहेको छ । श्रम स्वीकृति लिएर वैदेशिक रोजगारीमा जानेहरूको संख्या पनि दैनिकजसो बढिरहेको छ । विभिन्न खाडी मुलुकलगायत मलेसिया, कोरिया, मकाउ आदि देश नेपालीहरूको भरपर्दो गन्तव्य बनिरहेका छन् । यसमा नेपालीका लागि जापान पनि अब रोजगारीको नियमित गन्तव्य बन्ने सम्भावना छ । जापानले विभिन्न देशबाट ३ लाख ५० हजार कामदार भित्र्याउने निर्णय गरिसकेको छ ।

सन् २०१९ को अप्रिलदेखि जापानले कामदार लान थाल्नेछ । विदेशी कामदारहरूले १४ वटा औद्योगिक क्षेत्रमा काम गर्न पाउने गरी दुई प्रकारका नयाँ भिसामार्फत कामदारलाई जापान पुर्‍याइनेछ । जापानमा उच्च दक्षता भएका कामदारहरूले भिसाको अवधि थप्न पाउनुका साथै सेवा-सुविधाहरू पनि थपिनेछन् ।

जापानमा आधिकारिक रूपमा बसोबास गरिरहेका नेपालीहरूको संख्या ८५ हजारको हाराहारीमा छ, जसमा अधिकांश विद्यार्थी एवं कामदार छन् । व्यवसायीका रूपमा पनि त्यहाँ नेपालीहरूको ठूलो संजाल छ । हाल जापान बसेर अध्ययन एवं रोजगारी गरिरहेका युवाहरूले साप्ताहिकसँग जापानको सुखदुःख तथा अनुभव साटेका छन् ।

## जापानमा भिसा र काम

हाल २७ वटा विविध शीर्षकको भिसामा जापानमा बस्न पाइन्छ, जसमा अब दुईवटा थपेर २९ वटा भिसा प्रदान गर्ने तयारी गरिँदैछ । त्यसमा अर्धदक्ष र दक्ष कामदार छुट्ट्याइएको छ, जसको भिषा अवधि पाँच वर्ष कायम गरिएको छ । दक्ष कामदारको हकमा भने भिसा नवीकरण हुनसक्छ । यो नीतिअन्तर्गत करिब १४ वटा औद्योगिक क्षेत्रमा कामको अवसर पाइनेछ, जसमा होटल, रेस्टुराँ, निर्माण, कृषि, उद्योग, नर्सिङ केयर आदि छन् । भाषा र सीप अनिवार्य गरिएको छ र भाषा परीक्षा मार्फत कामदार छनौट गरिनेछ ।

## सम्झौता भएको छैन

पछिल्लो समय जापान सरकारले विदेशी श्रमिक लिने मुलुकको सूचीमा नेपाललाई पनि समावेश गरेको समाचार संचारमाध्यमहरूबाट बाहिर आएपछि त्यसलाई ठूलो अवसरका रूपमा लिइए पनि सरकारी अधिकारीहरू नै यसमा अनभिज्ञता व्यक्त गर्छन् । जापानी संसद्बाट विदेशी कामदार लिने विधेयक पास भएपछि यो समाचार बाहिर आएको हो । समाचार आएसँगै जापान काम गर्न जान धेरै दक्ष तथा अर्धदक्ष युवाहरूले तयारी समेत प्रारम्भ गरिसकेका छन् । त्यसका लागि जापानी भाषा सिकाइने इन्स्टिच्युटहरूमा लाम लाग्न थालिसकेको छ । हल्लाखल्ला यति अघि बढिसक्दा पनि श्रमिक लाने देश जापान र अपूर्ति गर्ने भनिएको नेपालबीच भने अहिलेसम्म आधिकारिक रूपमा कुनै सम्झौता भएको छैन । जापान सरकारले नेपाललाई कामदार भित्र्याउने देशको सूचीमा राखेको समाचार आए पनि मुख्य कामदार आयात गर्ने देशमा नभै वैकल्पिक देशका रूपमा राखेको खुलेको छ । तथापि जापान सरकारले कुन मोडलमा श्रमिक लैजान सकिन्छ भनेर नेपाल सरकारलाई खाका पठाएको छ । तर नेपालमा छलफल भएको छैन ।

नेपालका परराष्ट्रमन्त्री प्रदीप ज्ञवाली जापान गएका बेला नेपाली कामदार लाने प्रक्रियाका लागि त्यहाँका परराष्ट्र मन्त्रीसमक्ष प्रस्ताव राखेका थिए, तर आधिकारिक रूपमा त्यहाँ कुनै सम्झौता नभएको श्रमका अधिकारीहरू बताउँछन् । मन्त्री ज्ञवालीले जापानका परराष्ट्र मन्त्रीलाई नेपाल आउन निम्तो गरेका छन् भने जापानले त्यसलाई स्वीकारसमेत गरेको छ । जापानी परराष्ट्र मन्त्री नेपाल आएर कामदार लाने प्रस्ताव राखेपछि मात्र यो प्रक्रिया अघि बढ्ने श्रम तथा रोजगार मन्त्रालयका प्रवक्ता डा. नारयण रेग्मी बताउँछन् । रेग्मीका अनुसार आधिकारीक रूपमा दुइ देशबीच श्रमिक आदान-प्रदानको कुनै सम्झौता भएको छैन । 'अहिलेसम्म जापान सरकारका तर्फबाट त्यस्तो कुनै प्रस्ताव आएको पनि छैन ।' उनले साप्ताहिकसँग भने 'प्रस्ताव नै नआई हामीले के तयारी गर्ने र ?'

जापानले आगामी पाँच वर्षभित्र झन्डै ३ लाख ५० हजार विदेशी कामदार भित्र्याउने योजना बनाएको छ । जापान सरकारले जुन देशबाट कामदार लाने हो उक्त देशसँग एउटा प्राविधिक टोलीले द्विपक्षीय सम्झौता गर्ने बताएको छ । जापानले पास गरेको विदेशी कामदार भित्र्याउने कानुनले आवासीय सुविधासहितका कामदार लाने परिकल्पना गरेको छ, जसमा दुई किसिमको प्रवेशाज्ञाको व्यवस्था गरिएको बताइन्छ । पहिलो व्यवस्थाअनुसार जापानी भाषाको ज्ञान भएको र निश्चित स्तरको क्षमता भएका कामदारले पाँच वर्षका लागि अनुमति पाउनेछन् भने दोस्रो व्यवस्थामा उच्चस्तरको दक्षता भएका कामदारहरूले प्रवेश पाउनेछन् । उनीहरूले आवासीय आवेदन समेत दिन सक्छन् ।

## समान सुविधा

**राजन गौतम**



म धादिङबाट जापान आएको पाँच वर्ष भयो । यहाँ एक टेलिफोन सेवा प्रदायक कम्पनीमा कार्यरत छु । दैनिक आठ घण्टा काम गर्नुपर्छ । बढी समय गर्नुपर्ने ओभरटाइमको छुट्टै पैसा पाइन्छ । यहाँ भिसाअनुसार तलब सुविधा तोकिएको हुन्छ । यहाँ सामान्य नेपाली वा जापानी सबैको तलब समान हुन्छ । यहाँ आएर जापानी कम्पनीमा जागिर खाने व्यक्तिले न्यूनतम मासिक २ लाख कमाउँछन् ।

कामको अनुभव, सीप तथा शैक्षिक एवं प्राविधिक योग्यता थपिदै जाँदा मासिक तलब ४ लाखसम्म हुन्छ । सम्झौताअनुसार तलब नपाइने समस्या यहाँ पनि छ । विद्यार्थीको हकमा हप्तामा २८ घण्टा काम गर्न पाइन्छ तर त्यसबाट आएको तलबले खान बस्न नै हम्मे-हम्मे पर्छ । २८ घण्टा भन्दा बढी काम गर्दा भिसा एक्स्टेन्सन नहुने, राम्रो काम नपाइने लगायतका समस्या छन् । जापान आउनु अघि जापानी कानुन, नियम, भाषा र सीप जान्नु जरुरी छ ।

## कठोर परिश्रम

**अच्युतजंग थापा**

म सन् २०००८ मा नुवाकोटबाट जापान आएको हुँ । रेस्टुराँको कामदार भएकाले म यहाँ दैनिक १२ देखि १४ घण्टा खट्छु, तर नेपाली कामदारहरूलाई यहाँको भाषा र संस्कृतिले ठूलो समस्यामा पार्छ । कमाउन त यहाँ आएका नेपालीले न्यूनतम १ लाखदेखि २ लाख २० हजारसम्म कमाउँछन् तर परिश्रम धेरै गर्नुपर्छ । आफू जुन पेसामा आबद्ध हुने हो त्यो कुरा नेपालमै निर्णय गरेर आउँदा राम्रो हुन्छ, अन्यथा यहाँ आएर अलमलमा परिन्छ र धेरै दुःख पाइन्छ ।



## भाषामा समस्या

**गणेश विष्ट**

नेपाली संस्कारमा हुर्किएका हामीलाई जापानमा काम गर्न गाह्रो छ । खोटाङबाट जापान आएदेखि म कडा परिश्रममा दिन बिताइरहेको छु । म दैनिक १२ घण्टा काममा खटिन्छु । हुन त काममा हाकिमदेखि सामान्य कामदार पनि उत्तिकै खटिन्छन् । यद्यपि यहाँको भाषा, संस्कृति तथा दैनिक जीवनशैलीसँग एडजस्ट हुन हामी नेपालीलाई धेरै समय लाग्ने रहेछ । सही परामर्शको अभाव तथा भाषामा कमजोर हुँदा नेपालीहरूले आत्महत्यासमेत गरिरहेका छन् । जापानीहरू धेरै खट्ने मजदुरलाई राम्रो मान्छन्, तर नेपालीप्रति त्यति राम्रो व्यवहार गरिरहेको मैले पाएको छैन ।



## बलियो आत्मबल

**चासिला वाइबा तामाङ**



म काभ्रेबाट चार वर्षअघि जापान आएको हुँ । म एउटा जापानी कम्पनीमा काम गरेर मासिक २ लाखसम्म कमाउँछु । जापान सरकारले दिने विभिन्न प्रकारका भिसा अनुसार पनि कमाइ फरक पर्छ । जापान आउनुअघि आत्मबल बलियो बनाएर हातमा सीप लिएर मात्र आउनुपर्छ । जस्तोसुकै काम गर्न र खटिन तयार हुन्छु भन्ने मानसिकता बनाउनुपर्छ । यहाँ कानुन कडा छ, परिवार ल्याउन पनि समस्या हुन्छ ।

## महँगो छ

**सिर्जना केसी**



म गुल्मीबाट जापान आएको दुई वर्ष नाघ्यो । अध्ययनपछि म दुई ठाउँमा काम गरेर सरदर २ लाख रुपैयाँ कमाउँछु । सुरुमा भाषा र नियम नजान्दा धेरै दुःख पाइयो । खाना र संस्कृति नबुझ्दा पनि दुःख पाइन्छ तर विस्तारै बानी पर्छ । सकेसम्म एनफोर लेभलसम्मको भाषा सिक्नु राम्रो हुन्छ ।

## सुरक्षित जागिर

**नवीना दाहाल**

म काभ्रेबाट जापान आएको दुई वर्षभन्दा बढी भयो । म यहाँ पढ्दै काम गरिरहेकी छु । जापान सुरक्षित र योग्यताअनुसार जागिर प्राप्त गर्न सकिने देश हो । भाषामा दक्षता र हातमा सीप भएपछि यहाँ राम्रो जागिर प्राप्त गर्न समस्या छैन, तर परिश्रमचाहिं धेरै नै गर्नुपर्छ । जापानको नियम र संस्कृतिका बारेमा मज्जाले अध्ययन गर्नुपर्ने रहेछ ।



## सपना नदेख्नु राम्रो

**सुमित गिरी**

म सन् २०१४ मा बर्दियाबाट जापान आएको हुँ । बिनायोजना यहाँ आउँदा धेरै दुःख पाइने रहेछ । यहाँको नियम र भाषाका बारेमा राम्रो ज्ञान लिनुपर्छ । भिसासम्बन्धी नियम र भाषा नजान्दा पनि धेरै दुःख पाइने रहेछ । यहाँ धेरै पैसा कमाउँछु भन्ने सपना नदेख्नु नै उपयुक्त हुन्छ । जापानमा न्यूनतम कमाइ हुने भनेको १ देखि २ लाख रुपैयाँसम्म हो, तर खर्च धेरै हुने भएकाले बचत गर्न समस्या हुन्छ । कतिपय स्थानमा नेपालीहरूकै व्यवहारले पनि दुःख पाइन्छ ।



केवल एक प्रश्न

# जाडो महिनामा कति पटकसम्म नुहाउनुहुन्छ ?



सुटिङ भयो भने दिनहुँजसो नुहाइन्छ । यदि सुटिङ छैन भने हप्तामा एक-दुई पटकसम्म नुहाउँछु ।

**लक्ष्मण पौडेल, निर्देशक**

जाडोयाममा पानी सम्झनेबित्तिकै जाडो हुन्छ । तैपनि कार्यक्रमहरूमा यताउता गैरहनुपर्ने भएकाले दिनकै त भन्दिनँ, तर दुई-तीन दिनमा एकपटक नुहाउँछु ।

**भिमु गुरुङ, गायिका**

जाडो मौसममा नुहाउनु भनेको निकै कठिन कुरा हो । यद्यपि म फुर्सदमा जिम क्लब जाने हुँदा प्रायः नुहाउँछु । जाडोमा पनि महिनामा करिब १० पटकसम्म नुहाउँछु ।

**याम क्षेत्री, गायक**

महिनामा होइन दिनहुँ नुहाउँछु, तर तातो पानीले मात्र । बाहिर गएका बेला तातो पानी भएन भने चाहिँ नुहाउँदिनँ ।

**सुदर्शन थापा, निर्देशक तथा निर्माता**

आच्छुछु.... सम्झँदा पनि जाडो हुन्छ । धेरै त होइन, कहिले दुई दिन बिराएर त कहिले तीन दिन बिराएर नुहाउँछु ।

**सुशीला गौतम, गायिका**

गर्मी महिनाको तुलनामा अलि कम नुहाउँछु । दैनिक कार्य प्रायःजसो फिल्डमै हुने भएकाले नुहाउनैपर्छ ।

**स्मृति तिमल्सिना, नृत्य निर्देशक**

खै, अरू त महिनौं दिन ननुहाई बस्न सक्छन् । मलाई चाहिँ २७-२८ दिन भएपछि जीउ चिलाउन थाल्छ । जे होस्, धेरै नभए पनि महिनामा तीन पटकसम्म नुहाउने आँट गर्छु ।

**सुमन कार्की, हास्यकलाकार**

गर्मी मौसममा त दिनहुँजसो नुहाइन्थ्यो तर जाडोमा चाहिँ हप्तामा दुई पटकमात्र नुहाउँछु ।

**खुमन अधिकारी, गायक**

मेरो हकमा नुहाउन जाडो-गर्मी भन्ने हुँदैन । यति पटकसम्म भन्ने छैन, नियमितजस्तै नुहाउँछु ।

**सृष्टि खड्का, मोडल**

म जाडो होस वा गर्मी, जिम गएर आएपछि दिनहुँजसो नुहाउँछु ।

**अनुपविक्रम शाही, अभिनेता**

जाडो मौसममा पनि दिनहुँ नुहाउँछु, किनभने घरमा तातो पानी छ ।

**स्वरूपराज आचार्य, गायक**

मलाई शारीरिक सरसफाइ गर्न जाडो-गर्मीले कुनै असर पार्दैन । त्यसैले दिनहुँ नुहाउँछु ।

**हरि हमागाई, छायाँकार**

प्रायःजसो दुईदिनमा एकपटक नुहाउँछु तर फिटनेस क्लब जाँदा भने दिनहुँजसो नुहाइरहेको हुन्छु ।

**अनिता चलाउने, गायिका**

मुडमा भर पर्छ । कहिले त महिनौं ननुहाई पनि बस्न सकिन्छ ।

**उपेन्द्र सुब्बा, साहित्यकार**

जाडो मौसममा दुई दिनमा एकपटक नुहाउने बानी छ ।

**श्रीदेव भट्टराई, अभिनेता**

टाउको चाहिँ कतै साथीभाइ भेटघाट अथवा कुनै कार्यक्रमका क्रममा आवश्यकताअनुसार नुहाइरहन्छु तर पूरै शरीरचाहिँ महिनामा दुई पटक नुहाउँछु, तैपनि फोहोर हुँदैन ।

**इष्टु कार्की, रंगकर्मी**

मलाई जाडोमा नुहाउन कुनै पनि कुराले छेक्दैन । दिनहुँ नुहाएर मात्र बाहिर निस्कन्छु तर तातो पानीले नुहाउँछु ।

**रेखा थापा, अभिनेत्री**

यतिपटक भन्ने नै हुँदैन, कहिलेकाहीँ टाउकोमात्र नुहाइन्छ । महिनामा कम्तीमा २० पटक त नुहाउँछु होला ।

**पूजा शर्मा, अभिनेत्री**

म जाडो महिनामा कम्तीमा तीन पटक नुहाउँछु ।

**आर्यन पुडासैनी, मोडल**

जाडो मौसममा तातो पानी भयो भने त दिनहुँजसो नुहाउँछु तर चिसो पानी बाट बार हात टाढा भाग्छु ।

**सलोन बस्नेत, अभिनेता**

प्रस्तुति : महेश तिमल्सिना



सुटिङ रिपोर्ट

# दाल भात तरकारी



नक्साल नागपोखरीलाई दायाँ पारेर नारायणहिटी संग्रहालयको उत्तर ढोकातर्फ लम्कने क्रममा गणतन्त्र पार्कभित्र मानिसहरूको भीडभाड थियो । यसो नियालेर हेर्दा त्यहाँ चर्चित कलाकारहरू हरिवंश आचार्य, किरण केसी, निरुता सिंह, आँचल शर्मा, पुष्प खड्का, नृत्य निर्देशक कविराज गहतराजलाई प्रस्ट देखियो । त्यहाँ विभिन्न पोसाकमा सजिएका अन्य थुप्रै मानिस पनि थिए । झलक्क हेर्दा जो-कोहीले प्रस्ट बुझिहाल्थे कि, त्यहाँ कुनै गीत अथवा चलचित्रको छायांकन हुँदैछ ।

आखिर, वास्तविकता पनि त्यही थियो । शनिबारको दिन त्यहाँ चलचित्र दाल भात तरकारीमा समावेश 'भिजिट भिसामा' गीतको छायांकन भैरहेको थियो । निर्माण सम्पन्न भैसके पनि उद्घाटन भएर सुचारु भैनसकेको गणतन्त्र पार्कमा पहिलो पटक नेपाली चलचित्रको गीतको सुटिङ भएको हो । वैशाख १३ गते प्रदर्शनमा आउने यो चलचित्रमा समावेश गीत 'भिजिट भिसामा' हरिवंश आचार्यको शब्द तथा शम्भुजित बाँस्कोटाको संगीत छ । उक्त गीतको भिडियोमा चलचित्रका सबैजसो कलाकारलाई देख्न सकिन्छ, जसमा हरिवंश आचार्य, निरुता सिंह, वर्षा राउत, पुष्प खड्का, आँचल शर्मा, राजाराम पौडेल आदि प्रमुख छन् ।

गीतको छायांकन स्थलमा कोरसहरूको भीडभाड पनि त्यत्तिकै थियो । उक्त गीतमा ९० जनाभन्दा बढी सहायक कलाकार प्रयोग गरिएको छ । कोरसको बीचमा उभिएका अभिनेता पुष्प खड्का र अभिनेत्री आँचल शर्मा गीतको छायांकनका क्रममा निकै प्रफुल्लित देखिन्थे, साथै उत्साहित पनि । यस्तै उत्साहित थिए– राजाराम पौडेल, निरुता सिंह, हरिवंश आचार्य अनि वर्षा राउत । यही उत्साहका बीच शनिबारको सुटिङ सकियो । शनिबार बिहान करिब साढे ९ बजे सुरु भएको उक्त गीतको छायांकन साँझ पौन ५ बजेसम्म गरिएको थियो । त्यो दिन पनि गीतको छायांकन नसकिएपछि भोलिपल्ट आइतबारका लागि समय तय गर्दै सुटिङ युनिट बिदा भयो । चलचित्रमा समावेश गरिएको भिजिट भिसामा शीर्षकको यो गीत ४ मिनेट ३७ सेकेन्ड लामो छ ।

शनिबार भैरहेको गीतको छायाँकन स्थलमा कलाकार मदनकृष्ण श्रेष्ठ, दाल भात तरकारीका निर्देशक सुदन केसी, शिशिर भट्ट साथै बागबजारस्थित मोडल अस्पतालका चिकित्सकहरूको पनि उपस्थिति देखियो । उक्त गीतको छायांकन यसअघि त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलमा एक दिन र हायात होटलमा एकदिन गरिएको थियो ।

चलचित्र दाल भात तरकारीमा तीनवटा गीत समावेश छन् । यतिबेला चलचित्र युनिट शिर्ष गीत दाल भात तरकारीको सुटिङका लागि पोखरामा छ । यो गीतमा पनि हरिवंशकै शब्द छ । उक्त गीतको भिडियोलाई प्रविण सिंहले निर्देशन गर्दैछन्, जसमा ७० जना कोरस प्रयोग गरिने चलचित्र दाल भात तरकारीका निर्माता किरण केसीले बताए । उक्त गीतको छायांकनपछि चलचित्र दाल भात तरकारीको सम्पूर्ण छायांकन सम्पन्न हुने केसीले जानकारी दिए ।

महेश तिमल्सिना

संगीत

# सम्झनामा बुद्धिकृष्ण

महेश तिमल्सिना

लोकगायक बुद्धिकृष्ण लामिछानेको नेपाली लोकसंगीतमा अतुलनीय योगदान छ । घाँस काट्ने खुर्केर, पिँढीमा बसेर, बाखरी बाखरी, तिम्रो र मेरो मायाको डोरो बेरौं कि फनफनीजस्ता चर्चित गीत गाएका बुद्धिकृष्णको गत शुक्रबार निधन भयो । उनको निधनले यतिबेला नेपाली लोकसंगीत शोकमा डुबेको छ । विगत ६ वर्षयता प्यारालाइसिस, मधुमेह एवं उच्च रक्तचापबाट थलिएका लामिछानेको भौतिक शरीर धर्तीमा नरहे पनि उनलाई विभिन्न कोणबाट सम्झनेहरूको कमी छैन ।



राष्ट्रियसभा सदस्य तथा गायिका कोमल वली प्यारालाइसिसबाट थलिएका गायक बुद्धिकृष्णलाई भेट्न केही समय अघि उनकै निवास भक्तपुरस्थित बागेश्वरी पुगेकी थिइन् । वली र बुद्धिकृष्णबीच पारिवारिक सम्बन्ध थियो । बुद्धिकृष्ण पनि आफू स्वस्थ हुँदा वलीको घर आउजाउ गर्थे । गायक बुद्धिकृष्ण आफ्नो घरमा आएको त्यो क्षण सम्झँदै वली भन्छिन्, 'बुद्धिकृष्ण दाइ हाम्रो घरमा आइरहनुहुन्थ्यो । उहाँ मेरो अभिभावकजस्तै हुनुहुन्थ्यो । उहाँसँग मैले तिम्रो र मेरो मायाको डोरो गीति एल्बम पनि निकालें । उहाँ एउटा निस्फिक्री गायक हो । उहाँमा कुनै पनि कुराको महत्वाकांक्षा थिएन । अरुको कुरा धेरै सुन्ने अनि थोरै बोल्ने उहाँको स्वभाव थियो । इमान्दार हुनुहुन्थ्यो ।' यतिमात्र होइन, बुद्धिकृष्ण चर्चित गायकका साथै भूतपूर्व सैनिक पनि थिए । त्यसका अतिरिक्त उनले च्याउ, कुरिलो आदिको खेतीसमेत गरेका थिए । बुद्धिकृष्ण आफ्नो परिवारसँगको निकट सम्बन्धको कारण कहिलेकाहीं च्याउ, कुरिलो, हरियो मकैका साथै अन्य तरकारी बोकेर आएका क्षण वली अझै सम्झन्छिन् ।

स्वर्गीय गायक बुद्धिकृष्ण लामिछानेलाई सम्झँदै हास्य अभिनेता हरिवंश आचार्य भन्छन्- बुद्धिकृष्ण लामिछानेमा आफ्नोपनको गायकी थियो । हामीले उहाँको घाँस काट्ने खुर्केर गीत २ लाख १६ हजार ७ सय ७७ टेलिसिरियलमा राखेका थियौं । त्यो गीतकै कारण हाम्रो सिरीयल हिट भयो, तर हामीले त्यो गीत प्रयोग गर्दा उहाँसँग अनुमति लिएका थिएनौं, जसले गर्दा अलि-अलि डर पनि लागिरहेको थियो । यही क्रममा एकदिन बुद्धिकृष्ण हाम्रो अफिसमा नाँच्दै आउनुभयो र आफ्नो गीतलाई सिरियलमा राखिदिएकोमा ठूलो खुसी व्यक्त गर्नुभयो । त्यो गीत टेलिसिरियलमा समावेश भएपछि हामीलाई पनि र उहाँलाई पनि असाध्यै राम्रो भयो । उहाँले त्यसपछि पनि निकै हिट लोकगीतहरू नेपाली लोकसंगीतलाई दिनुभयो ।

लोकगायक कुमार बस्नेत बुद्धिकृष्णका रूपमा आफूलाई धेरै माया गर्ने गायक गुमाएको बताउँछन् । बस्नेत भन्छन्, 'बुद्धिकृष्णले मलाई असाध्यै माया गर्नुहुन्थ्यो, स्वस्थ हुँदा मेरो घर आइरहन्थ्यो । निकै भलादमी हुनुहुन्थ्यो, लोकगीत-संगीतका बारेमा चिन्ता गर्नुहुन्थ्यो । यतिमात्र होइन, बुद्धिकृष्ण साधारण स्वभाव भएका गायक हुनुहुन्थ्यो ।' बस्नेतका भाइहरू नेपाली सेनाका अफिसर भएकाले बुद्धिकृष्णको संगत आफ्ना भाइहरूसँग पनि भएको बस्नेत बताउँछन् । बस्नेतसँग भेट भएका बेला बुद्धिकृष्णले गीत गाएर केही हुने भएन दाइ भनेको आज बस्नेतका कानमा कताकता गुन्जिरहन्छ । बस्नेत भन्छन्- अब बुद्धिकृष्ण जस्तो कलाकार जन्मन गाह्रो छ ।

स्वर्गीय गायक बुद्धिकृष्णको बहुचर्चित गीत पिँढीमा बसेर गीतको भिडियोमा हास्य अभिनेता उत्तम केसीले अभिनय गरेका छन् । केसी र बुद्धिकृष्णबीच एकदमै नजिकको सम्बन्ध थियो । बुद्धिकृष्णसँग बिताएको क्षण सम्झँदै केसी भन्छन्- मैले आजभन्दा करिब २६ वर्ष पहिले उहाँले गाएको पिँढीमा बसेर मेरै बाटो गीतको भिडियोमा मोडलिङ गर्ने मौका पाएको थिएँ । त्यहिबेलादेखि नै मेरो उहाँसँग हिमचिम बढेको हो । उहाँ एकदमै रमाइलो स्वभावको मानिस हुनुहुन्थ्यो । कुनै मानिस रिसाइहाल्यो भने पनि हँसीमजाक गरेर हँसाउन सक्ने क्षमता उहाँमा थियो । उहाँले कहिल्यै कसैलाई बिझ्ने गरी नराम्रो कुरा गर्नुभएन । उहाँले मलाई अन्तिमसम्म पनि भेट्न खोज्नुभएको थियो, तर मेरो दुर्भाग्य व्यस्तताले गर्दा मैले नै भेट्न सकिनँ ।

अभिनेता सरोज खनालले प्रत्यक्ष रूपमा बुद्धिकृष्णसँग २ वर्ष अघिमात्र भेट्ने मौका पाएका थिए । खनाल भन्छन्- २ वर्ष पहिले अमेरिका आर्टिस्ट एसोसियसनबाट उहाँलाई आर्थिक सहयोग गर्ने कार्यक्रममा उहाँसँग मेरो पहिलो भेट भएको थियो । त्यहाँ मैले उहाँको प्रत्यक्ष गायनसुन्ने मौका पाएको थिएँ । त्यही बेला उहाँसँग बिताएको करिब तीन-चार घण्टा मेरा लागि अविस्मरणीय भएको छ ।

गायक बद्री पंगेनी भन्छन् - बुद्धिकृष्ण दाइसँग व्यक्तिगत रूपमा धेरै नजिक हुने अवसर त पाइनँ, तर उहाँले नेपाली संगीतमा हिट गीतहरू दिए पनि नेपाली सांगीतिक क्षेत्र र नेपाल सरकारबाट कुनै अवसर पाउनु भएन । यो दुःखको कुरा हो । हामीले दुई वर्षअघि राष्ट्रिय लोकदोहोरी प्रतिष्ठानको कार्यालयमा बोलाएर उहाँको सम्मानका साथै आर्थिक सहयोगसमेत गरेका थियौं । आज उहाँ हाम्रो सामु नभए पनि उहाँले नेपाली लोकगीतमा दिनुभएको योगदान सधैं स्मरणीय रहनेछ । यसैगरी संगीतकार शम्भुजित बास्कोटा स्वर्गिय गायक बुद्धिकृष्ण लामिछानेलाई सम्झँदै भन्छन् - लोकगीतमा बुद्धिकृष्णको आफ्नै शैली थियो । उहाँको त्यो स्टायललाई कतिपय कलाकार पछ्याएका पनि छन् । उहाँ एकदमै मिजासिलो अनि रमाईलो स्वभावको व्यक्ति हुनुहुन्थ्यो ।

# रेडियो कान्तिपुरको नेसनल म्युजिक एवार्ड

रेडियो कान्तिपुरले माघ ५ गते दोस्रो संस्करणको नेसनल म्युजिक एवार्ड-२०७५ सञ्चालन गर्ने घोषणा गरेको छ । रेडियोको २० औं वार्षिकोत्सवको अवसर पारेर आयोजना गर्न लागिएको यो वर्षको एवार्ड कार्यक्रम 'अम्बे स्टिल्स'को प्रस्तुतिमा हुने भएको छ । काठमाडौंमा आयोजित पत्रकार सम्मेलनमा रेडियो कान्तिपुरले यस वर्षको एवार्डका लागि मनोनयनमा पर्न सफल संगीतकर्मीहरूको नामावलीसमेत सार्वजनिक गरेको छ ।

समारोहमा गीत-संगीतको क्षेत्रमा लामो समयदेखि सेवा पुर्‍याउँदै आएका एक जना मूर्धन्य संगीत साधकलाई लाइफ टाइम एचिभमेन्ट एवार्डले सम्मान गरिनेछ । उक्त पुरस्कारको राशि १ लाख रुपैयाँ छ । समारोहमा पिपुल्स च्वाइस एवार्ड समेत प्रदान गरिनेछ, जसको चयन भने श्रोताहरूको सहभागितामा हुनेछ । सर्वाधिक एसएमएस प्राप्त गर्ने गीत तथा स्रष्टालाई पिपुल्स च्वाइस एवार्ड प्रदान गरिने जनाइएको छ । पत्रकार सम्मेलनमा २०७४ साउन १ गतेदेखि २०७५ असार मसान्तसम्म विश्वभर सार्वजनिक भएका नेपाली गीतबाट विभिन्न विधाअन्तर्गत उत्कृष्टमध्ये ५ को मनोनयन सार्वजनिक गरिएको थियो ।

### यस्तो छ मनोनयन

उत्कृष्ट नव गायक-गायिकाको विधामा सुनिता थेगिम (बताससँगै), बुद्ध लामा (तिमीसाथ), निशान भट्टराई (भुन्टी), जोनिशा पौडेल (हावा चल्यो) तथा मानस राज (भाइरल भैदियो) मनोनीत छन् ।

उत्कृष्ट गीतकारको विधामा विराज नेपाल (मन बिनाको), नरेश भट्टराई (यो त माया हो), रमेश विजी (बन फूल), रमेश क्षितिज (तेक्टे जमिन) तथा मनिष वशिष्ट (आज आकाशमा) मनोनीत छन् ।

उत्कृष्ट संगीतकारको विधामा हरि लम्साल (उड्यो मन), वसन्त सापकोटा (तिम्रो आँखामा), अर्जुन पोखरेल (तिम्रो मायामा), महेश खड्का (पल पलमा) तथा हर्कुलस बस्नेत (उडायो हावाले) मनोनयनमा परेका छन् ।

लोक गायिकाको विधामा मुना थापा मगर (भन के गर्छौ), ललिता पौडेल (दाइकी साली), गरिमा विरही (ढोलकी तालैमा), पार्वती जिसी (फूल छैन) तथा शान्तिश्री परियार (बोल माया बोल) मनोनीत छन् ।

लोक गायकको विधामा सन्तोष केसी (दाइकी साली), श्रीकृष्ण बम मल्ल (ढोलकी तालैमा), प्रकाश सपूत (बोल माया बोल), हेमन्त आले (भैयो भेट) तथा रामजी खाँड (जाम भन्यो लाहुरेले) मनोननमा परेका छन् ।




उत्कृष्ट पार्श्व गायकको विधामा प्रताप दास (फूल हैन-रोज), केतन क्षेत्री (सुखमा तिमी-कायरा), सुगम पोखरेल (पल पल-ब्याक), सुजिल कर्माचार्य (लन्डनमा-इन्टु मिन्टु लण्डनमा) तथा राजेशपायल राई (आँखाको नानी-बोबी) मनोनीत छन् । उत्कृष्ट पार्श्व गायिकाको विधामा बानिका प्रधान (उडायो मन-ब्लाइन्ड रक्स), मेलिना राई (तिम्रो आँखामा-नाइँ नभन्नु ल-५), प्रविशा अधिकारी (फूल हैन-रोज), दीपा लामा (आँखाको नानी-बोबी) तथा श्रेया सोताङ (यो त माया-कायरा) मनोनयनमा परेका छन् ।

उत्कृष्ट राष्ट्रिय गीतको धिवामा शिशिर योगी (तिमी हिँड्ने), निशान भट्टराई र शितल पाण्डे (पूर्व तिम्रो), विजय श्रेष्ठ (तिमीले देश), ताराप्रकाश लिम्बु (मेरा प्यारो) तथा सुमित खड्का (नेपाली मन) मनोनीत छन् ।

उत्कृष्ट पप गायकतर्फ दीपक बज्राचार्य (मन मगन), स्वप्न सुमन (म तिम्रो), कमल खत्री (हाँस्न सिके), सुगम पोखरेल (जे जे भन्छ) तथा नितेशजंग कुँवर (हाम्रो नेपालमा) मनोनयनमा परेका छन् । सर्वोत्कृष्ट पप गायिकाको विधामा टिका प्रसाईं (माया लुकी लुकी), सितल मोक्तान (ऊ पो को होला), तृष्णा गुरुङ (माया पिरती), सिम्पल खरेल (हाँस्न सिकें) तथा प्रविशा अधिकारी (पखेटा) मनोनीत छन् ।

पब्लिक च्वाइस एवार्डको विधामा भने टीका प्रसाईं (माया लुकी लुकी), राजनराज शिवाकोटी, मेलिना राई र ग्रीष्मा शिवाकोट (गोजीमा दाम छैन), टंक बुढाथोकी र मीना निरौला (रुपै मोहनी), नितेशजंग कुँवर (हाम्रो नेपालमा) तथा कृष्ण काफ्ले र बिन्दु परियार (पर्ख पर्ख मायालु) मनोनयनमा छन् ।

उत्कृष्ट ब्यानडको विधामा रिदम (मन मगन), एक्सिस (मेरो प्रेम), आरोग्य (अस्तित्व), मन्जिपा (प्रश्न) तथा मंकी टेम्पल (समय) मनोनयनमा परेका छन् ।

उत्कृष्ट गायक (आधुनिक) विधामा भने सनूप पौडेल (आज आकाशमा), राजेशपायल राई (फूल भन्दा), शिव परियार (आँशुको अर्थ), जगदिश समाल (बाँसैको झ्याङमा) तथा विश्व नेपाली (मेरी जूनलाई) मनोनयनमा परेका छन् ।

उत्कृष्ट गायिका (आधुनिक) विधामा निकिता थापा (नरोउ तिमी), मेलिना राई (चरी जस्तै), बानिका प्रधान (जानी न जानी), बिना भट्टराई (कोदाली) तथा दुर्गा परियार (बन फूल) मनोनीत छन् ।

उत्कृष्ट युगल गीतको विधामा कमल खत्री/सिम्पल खरेल (हास्न सिके), उदय/मनिला सोताङ (प्यार हुन्छ), रामकृष्ण ढकाल/मिलन अमात्य (प्रेम रोग), राजेश केसी/सुजाता उपाध्याय (तिमी राजी म राजी) तथा सन्तोष लामा/मेलिना राई (जिन्दगीको दुई पल) मनोनयनमा पर्न सफल भएका छन् ।

गीतकार दिनेश अधिकारी, गायिका कुन्ती मोक्तान तथा संगीतकार सुरेश अधिकारी सम्मिलित निर्णायक समितिले उक्त सूची तयार पारेको हो ।



# न टायर्ड न रिटायर्ड



तस्बिर : नवराज बाले



रामजी ज्ञवाली

चलचित्र प्रदर्शन भएका बेला होस् वा नभएका बेला, सधैं चर्चामा रहने नेपाली चलचित्रका नायक हुन्– राजेश हमाल । २८ वर्षदेखि निरन्तर नेपाली चलचित्र उद्योगमा सुनिएका अभिनेता हमाललाई साना बच्चाबच्चीदेखि बूढापाका सबैले सहजै चिन्छन् । २०७३ सालसम्म उनी अत्यन्तै व्यस्त भए । हजारौं फ्यान कमाए । उनका चलचित्र हलमा लागेका छन् भन्ने सुन्नेबित्तिकै दर्शक ओइरिन्थे, तर केही वर्ष यता भने नेपाली दर्शकले उनको अभिनय स्क्रिनमा हेर्न पाएका छैनन् । निरन्तर चलचित्र पाइरहेका बेला एकैपटक किन उनले चलचित्र यात्रामा ब्रेक मारे ? धेरैमा चासो छ ।

चलचित्र यात्रा थालेदेखि हरेक वर्ष कुनै न कुनै चलचित्रमा देखिएका हमालले किन चलचित्रमा काम गर्न छाडिदिए ? अहिलेसम्म मिडियामा सामान्य गसिपबाहेक आधिकारिक धारणा आउन सकेको छैन । अभिनेता हमाल बूढा भए, त्यसैले चलचित्र पाएनन् भन्ने कतिपयको धारणा छ । हमाल अभिनीत चलचित्र चल्न छोडेपछि कुनै पनि निर्माताले उनलाई पत्याएनन् भन्ने चर्चा पनि चलचित्र बजारमा चल्ने गरेको छ । कतिपयले हमाल आफै चलचित्र निर्माण गर्न लागेका कारण अन्य निर्माताको चलचित्रमा काम गरेका छैनन् भन्ने अनुमानसमेत गरेका छन् ।

सबैका आ-आफ्नै किसिमका अनुमान र नानाथरीका हल्लाका बाबजुद अभिनेता हमालले यस विषयमा साप्ताहिकसँग रहस्य खोलेका छन् । आखिर कुरोको चुरो के हो त ? हमाल भन्छन्, 'विभिन्न कारणले म आफैं चलचित्रमा नदेखिएको हुँ, सम्भवतः अझै केही वर्ष चलचित्रमा आउँदिनँ ।'

अभिनेता हमालले अभिनय गरेका पछिल्ला दुई महत्वाकांक्षी चलचित्र थिए, बाग्मती र शकुन्तला । यी दुवै प्रोजेक्टले साह्रै निराश बनाए उनलाई । २०७३ को भदौ १० मा प्रदर्शनमा आएको चलचित्र शकुन्तला र २०७२ पुसमा प्रदर्शित चलचित्र बाग्मतीको असफलतासँगै हमालले आफ्नो चलचित्रको यात्रामा विराम लगाए र अलिकति नयाँ ढंगबाट अघि बढ्ने सोच बनाए । केही गम्भीर मुद्रामा कुरा अघि बढाउँछन् हमाल, 'मैले अलिकति बढी नै आशा राखेका पछिल्ला दुवै चलचित्रले जुन खालको नतिजा दिए, त्यसपछि म अभिनयको कामबाट टाढा भएको हुँ, तर चलचित्र छोडेरै भागेको भने होइन ।' राजेश हमाललाई लिएर चलचित्र निर्माण गर्न भन्दै अहिलेपनि विगतमा जस्तै नयाँ निर्मातादेखि पुराना निर्मातासम्म उनको घरको ढोका ढकढक्याइरहेका छन् । यद्यपि हमालले उनीहरूसँग विभिन्न कुरा गरेर अभिनय नगर्ने संकेत गर्ने गरेका छन् ।

भारतका महानायक अमिताभ बच्चनले आफ्ना चलचित्र धमाधम फ्लप भएपछि पाँच वर्ष विश्राम लिए– १९९२ देखि १९९६ सम्म । १९९२ मा प्रदर्शन भएको चलचित्र खुदा गवाहको असफलतापछि उनले केही वर्ष चलचित्रमा काम नगर्ने निर्णय लिए, तर उनलाई लिन चलचित्र निर्माताहरूको लाइन लागिरह्यो, अमिताभले उनीहरूको कुरा नसुनेजस्तो गरिदिए, तर १९९६ मा उनले आफ्नै ब्यानर एबीसीएलबाट चलचित्र तेरे मेरे सपने निर्माण गरे, यो चलचित्र सुपरडुपर हिट भयो भने १९९७ मा निर्माण गरेको चलचित्र मृत्युदाताले अभिताभको कमब्याकलाई सार्थक बनाइदियो । त्यसपछि अहिलेसम्म अमिताभले चलचित्रबाट अवकाश लिने कुरा सोचेका छैनन्, उनि अझै तीन वर्षका लागि पूर्ण रूपमा व्यस्त छन् यो उमेरमा पनि ।

हमाल त्यही कुरा सम्झँदै भन्छन्, 'वास्तवमा कुरा त्यस्तै-त्यस्तै किसिमको हो, अभिताभ जसरी केही वर्ष आफूलाई चलचित्रबाट टाढा राखेर नयाँ ढंगबाट प्रस्तुत हुनुभयो, त्यस्तै किसिमले मैले पनि अलिकति फरक ढगंवाट चलचित्रमा फर्कनुपर्छ कि भन्ने सोच बनाइरहेको छु ।' हमालको हातमा अहिले केही चलचित्रका स्क्रिप्ट छन्, जुन उनलाई अभिनय गराउन खोज्ने निर्माताहरूले पढ्न दिएका हुन् । ती निर्माताले जहिले राजेश हमालले चलचित्रमा काम गर्छु भन्ने संकेत गर्छन् त्यतिबेला चलचित्र निर्माण गरिहाल्नेछन् । झुर चलचित्र निर्माण भैरहेका बेला कहिलेकाहीं राम्रा चलचित्र पनि फेला पर्न सक्छन् भन्ने सोचअनुरूप केहि स्त्रिप्ट घरमा राखेको हुँ, हमाल भन्छन्, 'वास्तवमा मैले समय सान्दर्भिक चलचित्र खोजिरहेको हुँ, मैले खोजेजस्तो कथा पाएको खण्डमा त केहि न केही निर्णय लिन सकिन्छ नि !'

हमाल आफै चलचित्र निर्माण गर्ने तयारीअनुरूप चलचित्रको स्क्रिप्टमा समेत व्यस्त छन् । यो स्क्रिप्टको मोटामोटी ड्राफ्ट बनिसकेको र त्यसलाई पुनः परिमार्जित गर्ने काम भैरहेको अभिनेता हमाल बताउँछन् । हमाल सकेसम्म आफ्नै होम प्रोडक्सनबाट दमदार चलचित्र बजारमा ल्याएर पुनः नेपाली चलचित्रका दर्शकलाई नयाँ स्वाद चखाउने सोचमा छन् । पैसा कमाउनकै लागी अभिनय गरेजस्तो गर्ने रहर छैन, यदि पैसाकै पछि लागेको भए अहिले पनि मलाई दर्जनौं चलचित्रको अफर छ, हमाल आफ्ना बारेमा चलेका हल्लाका सम्बन्धमा भन्छन्, अहिले को बन्छ करोडपति शीर्षकको टेलिभिजन कार्यक्रम सञ्चालन गर्ने तयारीमा छु, म त्यही कामको तयारी र त्यसको मिटिङमा व्यस्त छु । अर्को कुरा, देशविदेशमा हुने सांस्कृतिक कार्यक्रम, स्टेज कार्यक्रम, विभिन्न युवाहरूलाई उप्रेरणात्मक कार्यक्रम, सभा, गोष्ठी आदिमा अतिथिका रूपमा पनि सहभागी भैरहेको छु । यिनै कारणले चलचित्रमा निरन्तर काम गरिरहेका बेलाको तुलनामा दोब्बर व्यस्त छन् हमाल । एक दिन पनि फुर्सद छैन, हमाल भन्छन्, 'विदेश भएका बेला उतै व्यस्त भइन्छ, नेपालमा भएका बेला भेटघाट र देशविदेशका उच्च पदस्थका व्यक्तिहरूसँगको मिटिङले फुर्सद हुँदैन ।' उनले हालसालै मात्र को बन्छ करोडपतिको प्रोमोको छायांकन सम्पन्न गरेका छन् ।

मिलेको अनुहार, राम्रो हाइट-जीउडाल, त्यसमाथि लोभलाग्दो हाँसोका कारण धेरैलाई दिवाना बनाएका हमाल भारतमा सर्वाधिक लोकप्रिय शो कौन बनेका करोडपतिको नेपाली फ्रेन्चाइजमा अभिताम बच्चनकै जस्तो भूमिका निर्वाह गर्दैछन् । यो शोबाट अभिनेता हमाल नेपालीहरूलाई करोडपति बनाउँदैछन् । उनले राम्रै पारिश्रमिक लिएर यो कार्यक्रमको होस्ट गरेका हुन् । करोडपति कार्यक्रम सञ्चालन गरेबापत कति लिएका छन् त हमालले ? लामो हाँसोका साथ राजेश भन्छन्, 'यो शोबाट मैले पनि करोडौं रकम लिएको त होइन, तर आयोजकले मलाई अपेक्षा गरेजस्तै राम्रो पारिश्रमिक दिनुभएको छ ।' झन्डै तीन दशक चलचित्र क्षेत्रमा क्रियाशिल हमालले अहिलेसम्म ३ सयभन्दा बढी चलचित्रमा काम गरिसकेका छन् । हमाल भन्छन्, 'राजेश हमालले अरू कुरा सोच्ला, तर रिटायर्ड लाइफका विषयमा कहिल्यै सोच्नेछैन ।'

बलिउड

# चलचित्रबाट सुटुक्क आउट !



बलिउड अभिनेत्री क्याट्रिना कैफ रेमो डिसुजाको डान्स प्यार्टनको आगामी चलचित्रमा राम्रै पारिश्रमिक लिएर केही साताअघि मात्र अनुबन्ध भएकी थिइन् । वरुण धवन र क्याट्रिनालाई मुख्य भूमिकामा अनुबन्धित गरेको निर्माण टिम छायांकनमा जाने अन्तिम तयारी गरिरहेका बेला अभिनेत्री क्याट्रिनाबाट अचम्मको सरप्राइज आएको छ । कुरा के भने स्क्रिप्ट पढेर केही पारिश्रमिकसमेत लिएकी क्याट्रिनाले एक्कासि यो चलचित्रमा काम नगर्ने बताइन् । क्याट्रिनाले यसलाई आफ्नो व्यक्तिगत कारण बताए पनि उनी आफ्नो नयाँ चलचित्र भारतको व्यस्त सेडुअलका कारण यो चलचित्र छोड्न बाध्य भएकी हुन् । सलमान खानको दबाबमा उनले यो चलचित्र छोडेकी बताइन्छ । सलमानले उनीसँग भारतको काम सकिएपछि मात्र अन्य प्रोजेक्टमा काम गर्न आग्रह गरेका छन् । अहिले भारतको छायांकन भैरहेको छ । क्याट्रिनाले एकाएक चलचित्र छोडेपछि निर्माण टिमले अब कुन अभिनेत्रीलाई इन गराउँछ, त्यो भने हेर्न बाँकी नै छ ।



# निकिता रावको ग्ल्यामर


बलिउड अभिनेत्री तथा मोडल निकिता रावले हालै मुम्बईमा तमिल चलचित्रका लागि ग्ल्यामर्स फोटोसुट गराएकी छिन् । त्यस क्रममा निकिताले फरक-फरक पहिरनमा आकर्षक तस्बिर खिचाएकी थिइन् । हाले बाहिरिएका उनका केही तस्बिर निकै ग्ल्यामर्स देखिन्छन् । निकिताले अभिनय गर्न लागेको चलचित्रको छायांकन फेब्रुअरीमा भारत तथा इन्डोनेसियामा हुँदैछ ।



# बलिउड प्रवेश गर्दै प्रभास

दक्षिण भारतका चर्चित अभिनेता हुन्- प्रभास । बहुबली तथा बहुबली-२ बाट चर्चामा आएका यी अभिनेताको पहिलो बलिउड चलचित्र साहो प्रदर्शनको तयारीमा छ, जसको कुनै प्रचार-प्रसार नगरिँदै चर्चामा छ । यो चलचित्रमा प्रभास भिन्न लुक्समा देखिनेछन् । यही चलचित्रमार्फत प्रभास बलिउड प्रवेश गर्दैछन् । छोटो समयमै हिट अभिनेताका रूपमा चिनिएका प्रभासका प्रशंसक भारतमा मात्र होइन, विश्वभर छन् । प्रभासले केही समयअघि आफ्नो जन्मदिनमा फेसबुकबाट साहोको एउटा झलक सार्वजनिक गरेका थिए जसका कारण चलचित्रप्रति प्रशंसकहरूको उत्सुकता बढेको छ । समग्र भारतीय चलचित्र इतिहासमा प्रभासकै चलचित्रले सर्वाधिक आम्दानी गरेको छ, त्यसैले पनि प्रभासको बलिउड प्रवेशसँगै कतिपय कलाकारमा डर-त्राससमेत बढेको बताइन्छ ।

# २६ वर्ष, २४ फ्लप



अभिनेता शाहरुख खान बलिउडमा सर्वाधिक सम्पत्ति भएका अभिनेता हुन् । उनको आम्दानी बढेको बढ्यै छ । जीवन्त अभिनयका कारण खान टन्नै प्रशंसक जोड्न सफल भएका हुन् । फ्लप र हिटको दोहोरीमा हिँडिरहेका खानका २०१६ देखि २०१८ सम्म प्रदर्शित सबै जस्तो चलचित्र फ्लप छन् । यस विषयमा दर्शक तथा चलचित्र समीक्षकबाट विभिन्न किसिमका प्रतिक्रिया व्यक्त भएका छन्, कतिपयले शाहरुखलाई संकटमा परेको समेत मानेका छन् । यी कुरालाई यतै राखौं, उनको करिअरमा कुन-कुन चलचित्र फ्लप भए, हेरौं :

**चलचित्र** : चमत्कार (१९९२)
**निर्देशक** : राजीव मेहरा

**चलचित्र** : दिल आश्ना है (१९९२)
**निर्देशक** : हेमा मालिनी

**चलचित्र** : राजु बन गया जेन्टलमेन (१९९२)
**निर्देशक** : आजिज मिर्जा

चलचित्र : माया मेम साव (१९९३)
**निर्देशक** : केतन मेहता

**चलचित्र** : किङ अंकल (१९९३)
**निर्देशक** : राकेश रोशन

**चलचित्र** : अन्जाम (१९९३)
**निर्देशक** : राहुल रवैल

**चलचित्र** : जमाना दिवाना (१९९५)
**निर्देशक** : रमेश सिप्पी

**चलचित्र** : गुड्डु (१९९५)
**निर्देशक** : अब्बास अली

**चलचित्र** : ओ डार्लिङ, ए है इन्डिया (१९९५)
**निर्देशक** : केतन मेहता

**चलचित्र** : त्रिमूर्ति (१९९५)
**निर्देशक** : मुकुल एस आनन्द

**चलचित्र** : इङ्लिस बाबु देशी मेम (१९९६)
**निर्देशक** : प्रविन निस्कोल

**चलचित्र** : चाहत (१९९६)
**निर्देशक** : महेश भट्ट

**चलचित्र** : दिल से (१९९८)
**निर्देशक** : मनि रत्नम

**चलचित्र** : फिर भी दिल है हिन्दुस्तानी (२०००)
**निर्देशक** : आजिज मिर्जा

**चलचित्र** : हे राम (२०००)
**निर्देशक** : कमल हसन

**चलचित्र** : वान २ का ४ (२००१)
**निर्देशक** : शशिलाल नायर

**चलचित्र** : अशोका (२००१)
**निर्देशक** : सन्तोष सिभन

**चलचित्र** : ए लम्हे, जुदाइ के (२००४)
**निर्देशक** : बीरेन्द्र नाथ तिवारी

**चलचित्र** : स्वदेश (२००४)
**निर्देशक** : आशुतोष गोवारिकर

**चलचित्र** : पहेली (२००५)
**निर्देशक** : अमोल पालेकर

**चलचित्र** : बिल्लु बार्बर (२००९)
**निर्देशक** : प्रियदर्शन


**चलचित्र** : फ्यान (२०१६)
**निर्देशक** : मनिष शर्मा

**चलचित्र** : जब ह्यारी मेट सेजल (२०१७)
निर्देशक : इम्तियाज अली

**चलचित्र** : जिरो (२०१८)
**निर्देशक** : आनन्द एल राय


# वर्ष २०१९ : बलिउडको सम्भावना


वर्ष २०१९ मा बलिउडमा सयौं चलचित्र प्रदर्शन हुनेछन् । तीमध्ये सम्भावना बोकेका केही चलचित्र :















### उरी सर्जिकल स्ट्राइक

पुस २७ गते प्रदर्शनमा आउने तयारीमा रहेको 'उरी सर्जिकल स्ट्राइक' एक्सन चलचित्र हो, जुन सत्य घटनामा आधारित छ । सन् २०१६ मा जम्मू कश्मीरको उरी गाउँमा भारतीय सेनाले पाकिस्तानी सेनाविरुद्ध कारबाही चलाएको थियो । उक्त सर्जिकल स्ट्राइकका कारण पाकिस्तानको सेनापछि सर्नु परेको थियो । यही सत्य घटनालाई निर्देशक आदित्य धारले चलचित्रको रूप दिएका हुन् । यो चलचित्रमा बिक्की कौशल तथा यामी गौतम मुख्य भूमिकामा छन् ।

### ठाकरे

यो एउटा बायोपिक चलचित्र हो । चलचित्रमा महाराष्ट्रका नेता बाल ठाकरेको जीवनलाई चित्रण गरिएको छ । चलचित्रमा बाल ठाकरेको भूमिका नवाजुद्दिन सिद्दिकीले निर्वाह गरेका छन् । यो चलचित्रको फस्ट लूक सार्वजनिक हुँदा नवाजुद्दिनलाई चिन्न गाह्रो परेको थियो । २३ जनवरी (माघ ९ गते) बाल ठाकरेको ९३ औं जन्मदिन हो, त्यही दिन अभिजीत पेनसेद्वारा निर्देशित यो चलचित्र प्रदर्शनमा आउनेछ ।

### मणिकर्णिका

झाँसीकी रानी लक्ष्मी बाई महान् योद्धा थिइन् । भारतको स्वतन्त्रता आन्दोलनमा उनको विशेष योगदान थियो । चलचित्र मणिकर्णिका तीनै महान् महिलाको जीवनकथामा आधारित छ । यो चलचित्र यसअघि सन् २०१८ मै प्रदर्शन हुने भनिएको थियो, यद्यपि केही कारणले प्रदर्शन हुन सकेन । अब यो चलचित्र माघ ११ गते प्रदर्शनमा आउनेछ । कृष तथा कंगना रणावतद्वारा निर्देशित यो चलचित्रमा अभिनेत्री कंगना, डेनी डेङ्जोङ्पा, अतुल कुलकर्णी, अंकिता लोखंडे आदि कलाकारले अभिनय गरेका छन् ।

### सुपर ३०

यो पनि एउटा बायोपिक चलचित्र हो, जसमा भारतका महान् गणितज्ञ आनन्द कुमारको जीवनी चित्रण गरिएको छ । विकास बहलद्वारा निर्देशित यो चलचित्रमा अभिनेता ऋतिक रोशनले मुख्य भूमिका निर्वाह गरेका छन् । लामो समयपछि ऋतिक यही चलचित्रमार्फत दर्शकमाझ आउन लागेका हुन् । आनन्द कुमार बिहारमा आईआईटीको कोचिङ सञ्चालन गर्छन्, जहाँ हरेक बालबालिका आईआईटीका लागि छनौट हुन्छन् । यो चलचित्र पनि पहिले सन् २०१८ मै प्रदर्शन हुने तय थियो, यद्यपि अब यो चलचित्र माघ ११ गते प्रदर्शनमा आउनेछ । यो चलचित्रसँगै पूर्व प्रेमी-प्रेमिका ऋतिक तथा कंगना पुनः एकपटक आफ्ना नयाँ चलचित्रमार्फत एकै दिन दर्शकमाझ आउने छन् । यी दुईमध्ये कसले बाजी मार्ने हुन्, नतिजा रोचक हुनेछ ।

### एक लडकीको देखा तो ऐसा लगा

यो वर्षको भ्यालेन्टाइन डेको अवसर पारेर प्रदर्शनमा आउने चलचित्र हो एक लडकीको देखा तो ऐसा लगा । फागुन २ गते सार्वजनिक हुने यो रोमान्टिक चलचित्रमा सोनम कपुर तथा उनका पिता अनिल कपुर एकसाथ देखिनेछन् । अनिल कपुर र मनिषा कोइरालाको चलचित्र '१९४२ अ लभ स्टोरी' को एउटा लोकप्रिय गीतबाट यो चलचित्रको शीर्षक जुराइएको हो । यो चलचित्रमा अनिल कपुर तथा जुही चावलाको जोडी बाँधिएको छ । राजकुमार रावसमेत महत्वपूर्ण भूमिकामा देखिने यो चलचित्रको निर्देशन शेली चोपडा धारले गरेकी हुन् ।

### टोटल धमाल

धमाल श्रृंखलाको तेस्रो सिक्वेल हो– टोटल धमाल, जुन फागुन १० गते प्रदर्शनमा आउनेछ । यसअघि सन् २००७ तथा २०११ मा धमालका अघिल्ला श्रृंखला प्रदर्शनमा आएका थिए । ती दुवै कमेडी चलचित्रलाई दर्शकले अत्यन्त रुचाएका थिए । यसको तेस्रो श्रृंखलाले पनि दर्शकलाई हँसाउने निश्चित छ । इन्द्र कुमारद्वारा निर्देशित यो चलचित्रमा अनिल कपुर, अजय देवगण, माधुरी दीक्षित, अरशद वारसी आदि कलाकारले अभिनय गरेका छन् ।

### गुल्ली ब्वाइ

जोया अख्तरद्वारा निर्देशित चलचित्र 'गुल्ली ब्वाइ' एउटा म्युजिकल ड्रामा हो । यो चलचित्रमा रणवीर सिंह तथा आलिया भट्टलाई पहिलो पटक जोडीका रूपमा प्रस्तुत गरिएको छ । चलचित्रमा उनीहरूसँगै कल्की कोचिन तथा पूजा गौरले पनि महत्वपूर्ण भूमिका निर्वाह गरेका छन् । यो चलचित्र पनि भ्यालेन्टाइन डेकै अवसर पारेर प्रदर्शनमा आउने सम्भावना छ ।

### सोन चिरैया

यो एउटा सस्पेन्स थ्रिलर चलचित्र हो । अभिषेक चौबेद्वारा निर्देशित चलचित्र सोन चिरैयामा सुशान्त सिहं राजपूत तथा भूमि पेडनेकर मुख्य भूमिकामा छन् । यो चलचित्रको छायांकन चम्बलमा गरिएको हो । माघ २५ गते प्रदर्शन मिति तय गरिएको यो चलचित्रमा सुशान्तले डाँकाको भूमिका निर्वाह गरेका छन् । चलचित्र सौन चिरैयामा सन् १९७० को चम्बलघाँटीको कथा चित्रण गरिएको छ, जहाँ डाँकाहरूको शासन चल्थ्यो । प्रारम्भमा यो चलचित्रको शीर्षक नै चम्बल राखिएको थियो, पछि परिवर्तन गरेर सोन चिरैया राखिएको हो ।

### सन्दीप और पिंकी फरार

फागुन १७ गते प्रदर्शनमा आउने यो चलचित्रमा परिणिति चोपडा तथा अर्जुन कपुर मुख्य भूमिकामा छन् । दिवाकर बनर्जीद्वारा निर्देशित यो चलचित्रलाई यशराज फिल्म्सले निर्माण गरेको हो । यो चलचित्र रोमान्टिक थ्रिलर शैलीको छ । चलचित्र सन्दीप और पिंकी फरारका केही दृश्य नेपालमा समेत छायांकन गरिएको छ ।

### केसरी

अनुराग सिंहद्वारा निर्देशित चलचित्र केसरीमा अक्षय कुमार, परिणीति चोपडा, भाग्यश्री आदि कलाकारले अभिनय गरेका छन् । यो एउटा पिरियड ड्रामा चलचित्र हो । चलचित्रको कथा हवलदार इशर सिंहको जीवनमा आधारित छ, जसमा सारागढको लडाइँ देखाइएको छ । यो चलचित्र चैत ७ गते प्रदर्शनमा आउने सम्भावना छ ।

### कलंक

अभिषेक बर्मनद्वारा निर्देशित यो चलचित्रलाई वर्ष २०१९ कै सबैभन्दा ठूलो पिरियड ड्रामा भनिएको छ । वैशाख ६ गते प्रदर्शनमा आउने यो चलचित्रमा सञ्जय दत्त, वरुण धवन, आदित्य रोय कपुर, माधुरी दीक्षित, सोनाक्षी सिन्हा, आलिया भट्ट, कुनाल खेमु आदि कलाकारले अभिनय गरेका छन् । यो चलचित्र निर्माणका सम्बन्धमा करण जौहर तथा उनका बुवाले धेरै वर्ष अघिदेखि योजना बनाएका थिए । प्रारम्भमा अभिनेत्री श्रीदेवीलाई यो चलचित्रका लागि प्रस्ताव राखिएको थियो । उनको निधनपछि माधुरीलाई प्रस्ताव राखियो । मुम्बईमै सेट बनाएर छायांकन भैरहेको यो चलचित्रमा पुरानो दिल्लीको परिवेश देखाइनेछ ।

### दे दे प्यार दे

यो एउटा रोमान्टिक कमेडी चलचित्र हो, जुन वैशाख १३ गते प्रदर्शनमा आउनेछ । अभिक अलिद्वारा निर्देशित यो चलचित्रमा अजय देवगण, रकुल प्रितसिंह, तब्बु तथा जिम्मी शेरगिल मुख्य भूमिकामा छन् । यो चलचित्रमा पहिलो पटक अजय-रकुलको विचित्रको जोडी देख्न पाइनेछ । चलचित्र दे दे प्यार देले युवा-युवतीको सम्बन्धमा व्यंग्य कस्ने बताइन्छ ।

### स्टुडेन्ट अफ द इयर-२

यो रोमान्टिक चलचित्रको पहिलो श्रृंखला सन् २०१२ मा प्रदर्शनमा आएको थियो । चलचित्रको दोस्रो श्रृंखलालाई पुनित मल्होत्राले निर्देशन गरेका छन्, जसमा टाइगर श्राफ, तारा सुथरिया तथा अनन्या पाण्डे मुख्य भूमिकामा छन् । वैशाख २७ गते प्रदर्शनमा आउने यो चलचित्रमा एउटा विद्यालयमा अध्ययनरत विद्यार्थीहरूको जीवनशैली चित्रण गरिएको छ ।

### इन्डियाज मोस्ट वान्टेड

राजकुमार गुप्ताद्वारा निर्देशित यो एउटा थ्रिलर चलचित्र हो, जसमा अर्जुन कपुर मुख्य भूमिकामा छन् । चलचित्रमा उनले जासुसको भूमिका निर्वाह गरेका छन् । देशभक्तीसंग जोडिएको यो चलचित्र जेठ १० गते प्रदर्शनमा आउनेछ ।

### भारत

जेठ २२ गते प्रदर्शनमा आउने चलचित्र भारत अलि अब्बास जाफरले निर्देशन गरेका हुन् । यो चलचित्रमा सलमान खान, कट्रिना कैफ, तब्बु, दिशा पटानी, सुनिल ग्रोवर आदि कलाकारले अभिनय गरेका छन् । मुस्लिमहरूको महान् पर्व इदको अवसर पारेर प्रदर्शन हुने चलचित्र भारतको छायांकन माल्टा तथा पञ्जाबमा गरी दुई भिन्न सेड्युलमा गरिएको छ । आफ्नो पछिल्लो चलचित्रको असफलतालाई यो चलचित्रले टुंग्याउने अभिनेता सलमान खानको विश्वास छ ।

### कबीर सिंह

असार ६ गते प्रदर्शनमा आउने यो चलचित्रमा शाहिद कपुर मुख्य भूमिकामा छन् । तेलगु भाषाको चलचित्र अरुज रेड्डीको यो हिन्दी संस्करणलाई सन्दिप भांगाले निर्देशन गरिरहेका छन् ।

### हाउसफुल-४

तिहारको अवसर पारेर कात्तिक ८ गते प्रदर्शन हुने चलचित्र हाउसफुल-४ लाई फरहाद सामजीले निर्देशन गर्दैछन् । यो कमेडी सिक्वेल चलचित्रमा अक्षय कुमार, रितेश देशमुख, बबी देओल, कृति सेनन, चंकी पाण्डे आदि कलाकारले अभिनय गरिरहेका छन् । चलचित्रका अघिल्ला तीन श्रृंखलाको तुलनामा यो चलचित्रमा अझ बढी कमेडी सिक्वेन्स समावेश गरिएको बताइन्छ ।

### पानीपत

निर्देशक आशुतोष गोवारिकर लामो समयपछि एउटा ऐतिहासिक चलचित्र लिएर आउँदैछन् । मंसिर ६ गते प्रदर्शन मिति तोकिएको यो चलचित्रमा सञ्जय दत्त, अर्जुन कपुर, कबिर बेदी तथा कृति सेनन मुख्य भूमिकामा छन् ।

### ब्रह्मास्त्र

रणवीर कपुर तथा आलिया भट्टको मुख्य भूमिकाको चलचित्र ब्रह्मास्त्र अर्को वर्षको पुस ४ गते प्रदर्शन हुने छ । क्रिसमसको पूर्वसन्ध्या पारेर प्रदर्शनमा आउने यो चलचित्रलाई आयान मुखर्जीले निर्देशन गर्दैछन् । यो चलचित्रमा अमिताभ बच्चन तथा डिम्पल कपाडियाले समेत अभिनय गर्ने बताइएको छ ।

## विकेन्ड उत्सव

# मौलाउँदै पब संस्कृति



पबलाई मिनी बारका रूपमा चिन्न सकिन्छ जहाँ हामी अल्कोहलिक, ननअल्कोहलिक पेयका साथ बिभिन्न परिकारको स्वाद लिन सक्छौं । पबमा लाइभ डिजे म्युजिक, डान्स फ्लोर तथा आकर्षक लाइटको संयोजन हुन्छ जसले गर्दा मानिसहरु आफ्नो समयलाई थप मनोरन्जक बनाउन सक्छन् । पबसँग कुनै मेम्बरसिप कार्ड हुँदैन । नेपालमा १८ वर्षमुनिकाले पबमा प्रवेश गर्न पाउँदैनन् । यहाँ खासगरी १८ देखि ४५-५० वर्ष उमेर समूहका व्यक्तिहरूको भीड लाग्छ । पबमा स्वदेशी तथा विदेशी सबै किसिमका मानिस पुग्ने गरेका छन् । यहाँ आफ्नो जोडीसँग खाँदै, पिउँदै डान्स गर्न सकिन्छ । नाइट क्लबमा जस्तै यहाँ प्रवेश गर्न भने निश्चित शुल्क तिर्नुपर्ने हुन्छ । काठमाडौंमा पबको संख्या निरन्तर बढिरहेको छ । यस बाहेक पोखरामा पनि पब खुल्ने क्रम बढिरहेको छ । बिभिन्न ब्यान्डले पबमा सांगीतिक प्रस्तुति दिँदै आएका छन् ।

**काठमाडौंका केही प्रमुख पब**

टर्टल लाउन्ज एन्ड क्लब, ठमेल
आइरिस पब, लाजिम्पाट
वेल्ले भिल्ले क्याफे पब, बालुवाटार
डान्सिङ याक, ठमेल
टिटोज पब एन्ड लाउन्ज, झम्सिखेल
द नेस्ट बार, ठमेल
रेवन लाउन्ज बार, ठमेल
पर्पल हेज रक बार, ठमेल
इबिजा लाउन्ज एन्ड बार, ठमेल
थिस्अल ट्रयांगल, माइतीघर मण्डला भवन
नाङ्लो क्याफे एन्ड पब, कमलादी

## विकेन्ड लाइभ



### लिटल एन्जल्समा नितेशजंग कुँवर

भोलि शनिबार हात्तीवनस्थित लिटल एन्जल्स कलेजमा गायक नितेशजंग कुँवर प्रस्तुत हुँदैछन्, जसमा उनीसँगै अल्फा ओमेगा, आर्यबर्त, ब्वायज मिट् के पप तथा सुशान्त केसीले समेत प्रस्तुति दिँदैछन् । लाइभ म्युजिकसँगै यहाँ फुड स्टल पनि रहनेछन् । यो कार्यक्रममा सहभागी हुन ३ सय ५० रुपैयाँको टिकट काट्नुपर्नेछ ।

## विकेन्ड पार्टी

### मोमो पार्टी



आज शुक्रबार नेक्सस कल्चर नेपाल, बखुन्डोलमा च्यारिटी मोमो पार्टीको आयोजना हुँदैछ । ५ सय रुपैयाँको टिकट काटेपछि यो पार्टीमा लाइभ म्युजिक र कविताहरू सुन्न सकिनेछ । यो पार्टीमा मोमोबाहेक योमरीलगायतका परिकारको स्वादसमेत लिन सकिन्छ । दीर्घजीवी भोलियन्टरी ग्रुप तथा नेक्सस कल्चर नेपालले आयोजना गरेको यो कार्यक्रमबाट उठेको रकम क्यान्सरपीडित बालबालिकाहरूको उपचारमा खर्चिइने बताइएको छ ।

## विकेन्ड इभेन्ट

# रेस्लिङको महाभिडन्त




रेस्लिङ हेर्न रुचाउनुहुन्छ ? त्यसो हो भने रेस्लिङ महाभिडन्त हेरेर मज्जा लिन सक्नुहुनेछ । यदि तपाईं चितवनको आसपासमा हुनुहुन्छ भने भोलि शनिबार १ बजे चितवन राष्ट्रिय खेलकुद परिषद्को कभर्डहलमा हुन लागेको भरतपुर नारायणगढ रेस्लिङ महाभिडन्त २०७५ मा भाग लिन सक्नुहुन्छ जसमा हिमालयन टाइगर, अजिंगर, मिस्टर यति, जुरेली, युनिका आदि रेस्लरको खेल हेर्न पाइनेछ ।

## विकेन्ड लाइभ



### कीर्तिपुरमा थ्राइभ ब्यान्ड

भोलि शनिबार द थ्राइभ ब्यान्डले कीर्तिपुरको सासा द नेवा रेस्टुराँमा लाइभ प्रस्तुति दिने भएको छ । सासा द नेवाले फरक-फरक कलाकार र ब्यान्डको उपस्थितिमा लाइभ कार्यक्रम गर्दै आएको छ । जसअन्तर्गत यस पटक युवा कलाकारहरु मिलेर खोलिएको द थ्राइभ ब्यान्डले मनोरन्जन प्रदान गर्न लागेको हो ।

**आयोजक :** सासा द नेवा रेस्टुराँ

**समय :** दिउँसो ३ बजे

## विकेन्ड कम्पिटिसन

### स्पिच कम्पिटिसन



वक्तृत्वकलामा रुचि राख्नुहुन्छ ? भोलि शनिबार ११ बजे राष्ट्रिय स्तरको वक्तृत्वकला प्रतिस्पर्धा हुँदैछ । पुरानो बानेश्वरस्थित द्वारिका होटलको ठिक विपरीत रहेको बिग फुडल्यान्डमा सञ्चालन हुने यो कार्यक्रममा कलाकार ज्योति काफ्ले, डान्सर दिपा मगर, श्रृद्धि शर्मा तथा एलिना बास्कोटाले प्रस्तुति दिनेछन् । युथ भिजन पब्लिक स्पिकिङले यो कार्यक्रमको आयोजना गरेको हो ।

## विकेन्ड कन्सर्ट




### पाजी लाइभ @ KTM

आज शुक्रबार झम्सिखेलस्थित मोक्ष बार एन्ड लाउन्जमा पाजीको लाइभ पर्फमेन्स हुँदैछ । बर्लिनका पाजीले क्लासिकल बाजाहरूको सहयोगमा इलेक्ट्रोनिक म्युजिक उत्पादन गर्ने काममा ख्याति कमाएका छन् । बफ ड्याडीको आयोजनामा यो लाइभ साँझ ५ बजे प्रारम्भ हुनेछ, जसका लागि १ हजार ५ सय रुपैयाँको टिकट काट्नुपर्नेछ । उक्त रकम तिरेपछि एउटा बियरसमेत उपलब्ध हुने बताइएको छ ।

## विकेन्ड क्याम्प

### द विकेन्ड क्याम्प



व्यस्त दैनिक जीवनबाट मुक्त हुँदै छोटो समयका लागि कतै गएर रमाउन खोजिरहनुभएको छ अर्थात् रिफ्रेस हुन अथवा शरीरमा स्फूर्ति जगाउन चाहनुहुन्छ भने द विकेन्ड क्याम्पमा सरिक हुन सक्नुहुन्छ । आज शुक्रबार युथ लेजेन्ड नेपाल तथा युथ लेजेन्डको आयोजनामा दुई दिने क्याम्प सुरु हुँदैछ, जसमा काठमाडौंबाट नजिकै रहेको ठाउँमा होमस्टेमा बस्ने व्यवस्था मिलाइँदैछ । यो क्याम्पमा १६ देखि ३५ वर्ष उमेर समूहका व्यक्तिहरू सहभागी हुन सक्नेछन् । यो क्याम्पमा एक-आपसमा अन्तर्क्रिया गर्ने तथा अनुभव साट्ने अवसर मिल्नेछ । त्यस्तै क्याम्प फायर गरेर समेत आनन्द उठाउन सकिनेछ । द विकेन्ड क्याम्पमा प्रतिव्यक्ति २ हजार ६ सय ९९ रुपैयाँ तिरेपछि ब्रेकफास्ट, लन्च, डिनर तथा होमस्टे सेवा उपलब्ध हुनेछ ।

चलचित्र

# हलमा दुई चलचित्र
# कस्तो आउला परिणाम !

## जय श्री दाम : क्राइम अनि कमेडी !



चलचित्र जय श्री दामको निर्माण कसरी भयो भन्ने प्रसंग रोचक छ । चलचित्रका निर्देशक विप्लोप उप्रेती सानैदेखि चलचित्र निर्माण गर्न चाहन्थे तर तत्कालै उनले चलचित्र निर्माण गर्ने सोच भने बनाएनन् । चलचित्र सम्बन्धी अध्ययनका लागि अमेरिका जाने योजना अनुसार भिसा एप्लाई गरे, पहिलो पटकमै अमेरिकाले पत्यायो, झन्डै ६ वर्षअघि । उनी अमेरिकाको क्यालिफोर्निया स्टेट युनिभर्सिटी नर्थ रिज्डमा अध्ययन गरिरहेका बेला मनमा एकाएक चलचित्र निर्माण गर्नुपर्छ भन्ने हुटहुटी सुरु भयो । घरमा बसिरहेका बेला उनले डायरीको बीच भागतिरै आफूले निर्माण गर्न खोजेको चलचित्रको कथा लेख्न थाले । धमाधम केही दिन लगाएर उनले डायरीका पाना च्यात्दै र लेख्दै स्क्रिप्टको काम अघि बढाइरहे । अन्ततः उनले केरिएका, मेटिएका र च्यातिएका पानाबाट स्क्रिप्ट फाइनल गर्दा ५ पेज मात्र बन्यो अनि उनले त्यतिकै यो स्क्रिप्ट थन्क्याइदिए । अघिल्लो वर्ष नेपाल आएका बेला उनी उक्त अधुरो स्टोरी समेत बोकेर आएका थिए, तत्कालै चलचित्र निर्माण गर्ने सोच अनुसार काम अघि बढाए । जोगाएर राखेको उक्त डायरीबाट चलचित्र निर्माण गर्ने घोषणा गरे ।

यसरी धेरै वर्षको तयारीका बिच निर्माण गरिएको चलचित्र हो, जय श्री दाम । यो चलचित्र आज शुक्रबारदेखि नेपालभरका हलमा एकसाथ प्रदर्शन हुँदैछ । चलचित्रमा प्रेम, रोनाधोनासँगै युवाहरू खर्चको अभावमा कसरी अरूलाई ब्ल्याकमेलिङ गर्छन् भन्ने कुरालाई निकै रमाइलो ढगंबाट प्रस्तुत गरिएको निर्देशक उप्रेती बताउँछन् । १ घण्टा ४२ मिनेट लामो यो चलचित्र एक महिना लगाएर निर्माण गरिएको थियो जसको छायांकन काठमाडौं तथा चित्लाङमा गरिएको छ । यो निकै सामान्य चलचित्र हो, निर्देशक उप्रेती भन्छन्- 'यो सामान्य चलचित्र हो, तर चलचित्र हेर्दासम्म दर्शकले झर्को मान्ने छैनन् ।' विप्लवले चलचित्र हेरिसकेपछि जस्तो प्रतिक्रिया दिए पनि नहेर्दै अनावश्यक कमेन्ट नगरिदिन आग्रह गरेका छन् । उनी भन्छन्-

'यहाँ नयाँले निर्माण गरेका चलचित्र चलाउन कति मुस्किल पर्दोरहेछ भन्ने कुरा म जस्ता नयाँ चलचित्र निर्माण गर्नेहरूले मात्र थाहा पाउँछन्, अतिनै दुःख गरेर चलचित्र निर्माण गरिएको हुन्छ, यतिकै सामान्य ढगंबाट मूल्यांकन गर्नु जायज हुँदै होइन ।' यो चलचित्रमा अमृत ढुंगाना, विनोद न्यौपाने, राजन खतिवडा, प्रमोद अग्रहरि, जेविका कार्की, विष्णु सापकोटा आदि कलाकारले अभिनय गरेका छन् । चलचित्र जय श्री दाम प्रदर्शन हुने मितिको एक महिनाअघि १५ मिनेटको प्रिभ्यु चलचित्र समेत सार्वजनिक गरिएको थियो । यो चलचित्रका कार्यकारी निर्माता पृथ्वी उप्रेती तथा मनोज उप्रेती हुन् जसमा निर्देशक विप्लोप तथा अमरदिप सापकोटाको पटकथा, नवराज उप्रेतीको छायांकन एवं मित्र डी गुरुङको सम्पादन छ ।




## युवाको कथा जे सुकै होस्

१ मिनेट ३३ सेकेन्ड लामो अफिसियल ट्रेलर हेरिसकेपछि जो कसैलाई यो कुन प्रकारको हो भन्न कसैलाई गाह्रो पर्दैन । युवाहरू यति बिन्दास भए कि, केही कुराको चिन्ता छैन । न घरपरिवारको डर छ, न समाजको । अनि न भविष्यको चिन्ता छ । चुरोट, गाँजा र प्रेमको जालोमा अल्झिएका युवाहरूको कथा टपक्क टिपेर निर्माण भएको छ जे सुकै होस् । समग्र चलचित्र कस्तो बनेको छ भन्ने कुरा हेर्न त आज शुक्रबारसम्म कुर्नैपर्छ तर ट्रेलरलाई आधार मान्ने हो भने यसले न्यू-जेनेरेसनलाई राम्रैसँग दर्शाएको छ । खासै प्रमोसन नगरिएको र केही अश्लील लाग्ने शब्द प्रयोग गरिएको यो चलचित्र काठमाडौं र आसपासका जिल्लामा खिचिएको छ । निर्माताले यो चलचित्र निर्माण गर्न ५० लाखभन्दा माथि खर्च गरेका छन् । उमेश गुरुङ तथा रोशन कुमारको संयुक्त निर्देशनमा बनेको यो चलचित्रलाई नवराज थापाले निर्माण गरेका हुन । उमेश गुरुङ, चन्दा दाहाल, किस्मत तामाङ, रोशन कुमार, सोनी गुरुङ, मेलिना ठकुरी, एनबी अन्जान, ईश्वर फुँयाल, कृष्ण भट्टराई, उद्धव तिमिल्सिना, सुनिल कटवाल, राजु श्रेष्ठ आदि कलाकारले अभिनय गरेका छन् । यो चलचित्रमा सबैजसो कलाकार नयाँ छन् । सुरेश अधिकारी, लक्ष्मण शेष, नवराज जगं थापा, डी आर अटुको संगीत रहेको चलचित्र जे सुकै होस्लाई बनिश शाह तथा सालिक दुलालले सम्पादन गरेका हुन् । यो चलचित्र कतिवटा हलमा प्रदर्शन हुँदैछ भन्ने पक्का छैन । यद्यपि निर्माण टिमले आफ्नो चलचित्र ५० जति थियटरमा प्रदर्शन हुने अपेक्षा राखेको छ ।

चलचित्र समीक्षा

# सिम्बा

**निर्देशक** : रोहित शेट्टी
**कलाकार** : रणवीर सिंह, अजय देवगण, सारा अली खान
**अवधि** : २ घण्टा
**विधा** : एक्सन, कमेडी, ड्रामा




एउटा मनोरञ्जक-मसाला चलचित्रमा के-के कुरा हुनुपर्छ ? नृत्य, एक्सन, कमेडी, रोमान्स अनि एउटा बलवान तथा हेन्डसम नायक, जसले मौका पाएको खण्डमा २०-२५ जनालाई धुलो चटाउन सकोस् । अभिनेता रणवीर सिंहको सिम्बा पनि रोहित शेट्टी मार्काको मसाला चलचित्र हो, जसमा यी सबै कुरा उपलब्ध छन् । यो चलचित्र यदि तपाईं मनोरञ्जनका दृष्टिले हेर्नुहुन्छ भने इन्जोय गर्नुहुनेछ, यदि दिमाग लगाउने प्रयास गर्नुभयो भने तपाईंलाई नमज्जा लाग्न सक्छ ।

चलचित्रको कथामा नयाँपन छैन । पुरानै शैलीअनुसार कथा कसरी एउटा भ्रष्ट प्रहरी अधिकृत आफूसंग भएको दुःखद घटनापछि इमान्दार प्रहरी अधिकृतमा रूपान्तर भएर आफ्नो पुरानो पाप धुन चाहन्छ भन्ने कुरामै केन्द्रित छ । अनाथ सिम्बा अर्थात संग्राम भालेरावले बाल्यकालदेखि नै पैसा कमाउन शक्तिको आवश्यकता पर्छ भन्ने कुरा बुझेका छन् । त्यसैले उनी आफ्नो उद्देश्य पूरा गर्न प्रहरी अधिकृत बन्ने मार्गमा अघि बढ्छन् । रात्रीकालीन विद्यालयमा अध्ययन गरेर उनी एउटा त्यस्तो प्रहरी अधिकृत बन्न पुग्छन्, जो बेइमानी पनि इमान्दारीपूर्वक गर्छन् । कर्तव्यपालन गर्ने क्रममा उनी एजेन्डालाई पछ्याउँछन् ताकि जायज-नाजायज तरिकाबाट पैसा आर्जन गर्न सकियोस् । त्यसबीच उनको सरुवा गोवामा हुन्छ, जहाँ उनले धेरै नै धन आर्जन गर्ने अभिलाषा पालेका हुन्छन् । यद्यपि भइदिन्छ ठिक विपरित । त्यहाँ पुगेर उनको जीवनमा परिवर्तन आउनेछ भन्ने कुराको हेक्का उनलाई हुँदैन ।

रोहित शेट्टीको यो चलचित्रमा उनको अघिल्लो चलचित्र सिंघमको गन्ध आउँछ । रमाइलो कुरा के छ भने, सिम्बा तेलगू चलचित्र टेम्परको आधिकारिक हिन्दी रिमेक हो । रोहितले यो चलचित्रलाई मसालेदार बनाउन सक्दो मेहनत गरेका छन् । चलचित्रको पहिलो हाफमा कमेडीको डोज अत्यधिक छ । रणवीर सिंहको इन्ट्रीलाई भव्य बनाइएको छ । यद्यपि दोस्रो हाफसम्म पुग्दा चलचित्र आफ्नो ट्र्याकबाट चिप्लिएर बलात्कारको ट्र्याक समात्न पुग्छ । अजय देवगणको आगमनसँगै चलचित्र पुरानै ट्र्याकमा फर्कन्छ । रौं ठाडा पार्ने एक्सन दृश्य रोहित शेट्टीका चलचित्रको आकर्षक पक्ष हो, जुन यो चलचित्रमा पनि समावेश छ । फरहाद समजीको संवादले चलचित्रलाई चोटिलोपन प्रदान गरिरहन्छ । चलचित्रको एक्सन दृश्य तथा क्लाइमेक्स पनि आकर्षक छ, जहाँ अक्षय कुमारको सरप्राइज इन्ट्रिपछि सिम्बाको सिक्वेल बन्ने सम्भावना प्रबल देखिन्छ ।

अभिनेता रणवीर सिंह चलचित्रका मुटु हुन् भन्दा फरक पर्दैन । उनले सिम्बाको चरित्रलाई रमाइलो शैलीमा निर्वाह गरेका छन् । उनको हाउभाउ, लुक, संवाद बोल्ने शैली तथा एक्सन दर्शकलाई सिट्ठी बजाउन बाध्य तुल्याउने शैलीको छ । सारा अली खान रणवीरका साथ सुहाएकी छिन् । यद्यपि उनलाई पर्दामा धेरै समय देखिन पाइँदैन । धुर्वा रानाडेको भूमिकालाई सोनू सूदले आकर्षक शैलीमा निर्वाह गरेका छन् । उनी जस्ता शक्तिशाली खलनायक रणवीर जस्ता नायकलाई टक्कर दिन सफल देखिएका छन् । इमान्दार प्रहरी अधिकृतको भूमिकामा आशुतोष राणाले स्मरणीय काम गरेका छन् । यसका साथै सिद्धार्थ जाधवले दर्शकलाई राम्रै मनोरञ्जन गराएका छन् । चलचित्रका गीत आँख मारे, तेरे बिन तथा आला रे आला दर्शकले मन पराएका छन् ।

समग्रमा रोहित शेट्टीको स्टाइलका चलचित्र मन पराउने दर्शकहरूले सिम्बाबाट निराश हुनु पर्दैन ।

*(एजेन्सीको सहयोगमा)*


सूचना र मनोरञ्जनको संगालो
साप्ताहिक


सुबु शाही
Log on to :
facebook
www.facebook.com\kantipursaptahik
तस्बिर : महेश प्रधान
लोकेसन: वञ्जला, नक्साल
मेकअप : अम्बु रुचाल, मिरर ब्युटी क्लब, डिल्लीबजार



# आफ्नै कारण दुःख पाउँदै प्रदीप !

अभिनेता प्रदीप खड्काले अभिनय गर्छु भन्दै साइन गरेका चलचित्रको सूची लम्बिरहेको छ। प्रदीपले साइन गरेको चलचित्रको संख्या आधा दर्जन पुगिसकेको छ। प्रदीपले अघिल्लो वर्ष प्रदर्शन भएको चलचित्र लिलीबिलीलगत्तै काम गर्ने सर्तमा सुवास गिरीको चलचित्र भैरवी केही रकम लिएर साइन गरेका थिए। त्यसपछि उनको अर्को चलचित्र रोज पनि प्रर्दशन भयो। अब उनको नयाँ चलचित्र लभ स्टेसन प्रदर्शनको तयारीमा छ, तर भैरवी कहिले सुरु हुन्छ टुंगो छैन। यता प्रदीपले खुरु-खुरु काम गरे पनि अबको २ वर्षका लागि उनी बुक भैसकेका छन्। हेमराज बीसीले निर्माण गर्ने चलचित्रमा पनि प्रदीपले राम्रै पारिश्रमिक लिएर साइन गरेका छन् भने अर्का निर्देशक रामबाबु गुरुङको चलचित्र पनि साइन गरिसकेका छन्। पश्चिम नेपालका एक हल सञ्चालकको चलचित्र पनि महँगो पारिश्रमिक लिएर साइन गरेका छन्। उनको अर्को चलचित्र प्रेम गीत-३ पनि चाँडै सक्नुपर्ने छ। प्रदीपले यसरी धमाधम साइन गरेका चलचित्र कहिलेसम्म भ्याउँछन् होला त ? यो त आफ्नै कारण आफैंलाई दबाब र दुःख दिएको जस्तो भएन र ? प्रदीपले बेलैमा सोचे राम्रै होला कि ?

# कविताको चिन्ता



एउटा मात्र चलचित्रमा अभिनय गरेर स्थापित हुने थोरै अभिनेत्रीको सूचीमा कविता गुरुङको नाम पनि आउँछ। चलचित्र बोबीको व्यवसायिक सफलतापछि कवितालाई दर्शकले अन्य चलचित्रमा समेत खोज्न थालेका छन्। यद्यपि कवितालाई भने आफ्नो ब्यानरभन्दा बाहिरका चलचित्रमा अभिनय गर्ने रहर छैन। हालै बोबी-२ को घोषणा समारोहमा राखिएको एउटा जिज्ञासामा कविताले आफू मात्र होइन उनका श्रीमान् उमेश थापासमेत अन्य ब्यानरका चलचित्रमा अभिनेता वा अभिनेत्रीका रूपमा प्रस्तुत हुने सम्भावना नभएको दाबी गरेकी छिन्। 'म हिरोइन भएर कुनै पनि हालतमा आउँदिन, कविताको भनाइ छ-'मलाई राम्रोसँग थाहा छ, मलाई अरू कसैले हिरोइन लिनु हुन्न। मिलन चाम्सले मात्र त्यो जोखिम उठाउनु भएको हो।' उनले श्रीमान्‌को कुरा गर्दै भनिन्-' उमेशलाई पनि हिरो हुने रहर छैन।'

**मेरो सेक्रेट**

# हेभी मेकअप गरेर हिंड्न मन लाग्दैन



अभिनेत्री आन्ना शर्मा जेरी र ग्याङस्टार ब्लुजपछि अन्य चलचित्रमा देखिएकी छैनन् । उनको द म्यान फ्रम काठमाडौं प्रदर्शनको तयारीमा छ । अभिनयमा राम्रो दख्खल राख्ने सुन्दर अभिनेत्री आन्नाका केही रूचि तथा सेक्रेट कुरा :

- आन्ना क्याजुयल पहिरनमा सजिन रुचाउँछिन्।
- उनी इटालियन खाना भनेपछि हुरुक्कै हुन्छिन्। काठमाडौंमा हुँदा पनि उनी मौका मिलाएर इटालियन परिकार पाइने रेस्टुराँहरू पुगिरहेकी हुन्छिन्।
- आन्नालाई घुमघाममा रुचि छ। विदेशका विभिन्न ठाउँको भ्रमण गरिसकेकी आन्ना नेपालका विभिन्न आकर्षक स्थलको भ्रमण पनि गरिरहन्छिन्।
- आन्ना फिटनेसका सम्बन्धमा सचेत भए पनि त्यसलाई निरन्तरता दिन भने नसकेको बताउँछिन्।
- आन्नालाई फोटोग्राफीमा पनि असाध्यै रुचि छ। राम्रो ब्रान्डेड क्यामेरा किन्न खोजिरहेकी शर्माले मोबाइलबाटै भए पनि विभिन्न तस्बिर खिचिरहेकी हुन्छिन्।
- आन्नालाई एकदमै क्रिएटिभ हुन मन लाग्छ। फुर्सद भयो भने उनी एउटा डायरी लिन्छिन् र केही न केही लेखिरहेकी हुन्छिन्।
- उनलाई हेभी मेकअप गरेर हिंड्न मन लाग्दैन। आन्ना भन्छिन्– नेचुरल ब्युटी नै सबैभन्दा राम्रो र स्वभाविक सुन्दरता हो।

रामजी ज्ञवाली

# ग्लाम क्यालेन्डरमा मोडल रीमा



रीमा केसी अमेरिकी नेपाली समाजमा चिनिएकी मोडल हुन्। उनले नेपालीसँगै अन्तर्राष्ट्रिय र्‍याम्पहरूमा समेत क्याटवाक गरिसकेकी छिन्। ग्लाम फोटो क्यालेन्डर-२०१८ की प्रमुख मोडल रीमा नयाँ वर्ष-२०१९ मा पनि कैद भएकी छिन्। नयाँ थिममा खिचिएको उनको तस्बिर यतिबेला अमेरिकाको नेपाली समुदायमाझ चर्चामा छ। पेसाले नर्स भए पनि उनले आफ्नो मोडलिङ करिअरलाई समेत निरन्तर अघि बढाइरहेकी छिन्। केसीले र्‍याम्पदेखि पेपर एड तथा म्युजिक भिडियो मोडलका रूपमा आफूलाई स्थापित गराइसकेकी छिन्। अमेरिकामा हुने फेसनलगायत अन्य सांगीतिक कार्यक्रमहरूमा उनको प्रस्तुति हुने गरेको छ। झन्डै १० वर्षअघि अमेरिका आएकी रीमाले आफ्नो पेसासँगै मोडलिङलाई अहिलेसम्म पनि निरन्तरता दिइरहेकी छिन्। 'पहिलेदेखिको रुचि विदेशमा आएर पनि पूरा गर्न पाउँदा खुसी लागेको छ,' रीमाले भनिन्। स्टाइलिस्ट पहिरनकी सौखिन रीमा ५ फिट ७ इन्च अग्ली छिन्।

शिव शर्मा



# सारासँग काम गर्दा

कलाकार सलोन बस्नेतले सारा सिर्पालीसँग चलचित्र सुश्री सम्पत्तिमा काम गर्दा निकै रमाइलो भएको बताएका छन् । ए मेरो हजुर-३ को छायांकनका क्रममा पोखरामा रहँदा उनले साराको प्रशंसा समेत गरेका थिए । 'सुरुमा अलि नबोल्ने जस्तो देखिए पनि पछि सारा खुल्न थालिन्,' सलोनले भने । पहिलो पटक स्क्रिन सेयर गरेको भए पनि रमाइलो भयो । सलोन भन्छन्-' सारा रमाइली रैछि'न्' । सुश्री सम्पत्तिमा काम गरेका अर्का कलाकार विनोद गौतम आफ्नो पहिल्यैदेखिको साथी भएका कारण झनै रमाइलो भयो । त्यसमा रंग पत्रकार सुब्रतराज आचार्यको निर्देशन कलाका कारण ३५ दिनको छायांकनसकिएको पत्तै नभएको सोलनको अनुभव छ । सुश्री सम्पत्ति सलोनले अभिनय गरेको नवौं चलचित्र हो । यो चलचित्रले आफ्नो करियरमा निकै महत्व राख्ने सोलनले बताएका छन् । सुश्री सम्पत्तिको सम्पूर्ण छायांकन सुन्दर नगरी पोखरामा भएको हो । सलोन चलचित्रका लागि आफैं डिल गर्ने र समस्या पर्दा मात्र बुबा सोवित बस्नेतलाई गुहार्ने कुरा बताउँछन् ।



# भीएफएक्समा गाह्रो

निर्देशक दिवाकर भट्टराई मंगलबार बिहान कोटेश्वरस्थित महादेवस्थान मन्दिरमा झुल्किए । महादेवको दर्शनपछि भट्टराईले निधारमा चन्दन लगाएका थिए । मन्दिर नजिकै बसोबास भएकाले उनी नियमितजसो महादेवस्थान मन्दिर पुग्दा रहेछन् । साप्ताहिककर्मीसँगको जम्काभेटमा भट्टराईले प्रदर्शनको तयारीमा रहेको आफ्नै निर्देशनको चलचित्र 'क्याप्टेन' का बारेमा कुराकानी गर्न भ्याए । भुवन केसीको उक्त चलचित्रमा अनमोल केसी मुख्य भूमिकामा छन् । निर्देशक भट्टराईका अनुसार उक्त चलचित्र यतिबेला प्राविधिक कक्षमा छ । 'अब भीएफएक्सको काम बाँकी छ, भट्टराई भन्दै थिए–'भीएफएक्समा चाहिँ निकै गारो भैरहेको छ ।' फुटबल खेललाई मुख्य विषयवस्तु बनाइएको उक्त चलचित्रको फुटबल खेलिरहेको दृश्यलाई भीएफएक्स गर्न लागिएको रहेछ । 'देशकै योग्य प्राविधिकबाट भीएफएक्स गराउने तयारी हुँदैछ, निर्देशक भट्टराईले चलचित्र क्याप्टेनमार्फत दर्शकले मनोरञ्जनका साथ-साथै धेरै कुराको जानकारी पाउने दाबी समेत गरे ।



# अँध्यारोमा हानेको तीर

'चंगा चेट' निर्देशक दीपेन्द्र के खनाल, निर्मात्री शर्मिला पाण्डे तथा निर्माता माधव वाग्लेको सहकार्यमा निर्माण भएको थियो । व्यवसायिक रूपमा यो चलचित्र औसत रह्यो । लगानी उठाउन सफल भएको दाबी गरिए पनि यो चलचित्रको प्रदर्शन लगत्तै निर्माता खनाल तथा निर्मात्री पाण्डे एकातिर, निर्माता वाग्ले अर्कातिर भए । यो कुराको छनक यसै साता काठमाडौंमा आयोजित चलचित्र 'घर' को घोषणा समारोहमा पनि अनुभव गरियो । घरको निर्माणमा शर्मिला र खनाल एक भएका छन् भने वाग्ले बाहिरिएका छन् । निर्देशनको जिम्मा अर्पण थापालाई दिइएको छ । यद्यपि घोषणा समारोहमा वाग्ले उपस्थित मात्र भएनन्, ड्यासमै आसिन भए । एक सञ्चारकर्मीले वाग्लेसँग खनाल र पाण्डेसँगको उनको सम्बन्धका बारेमा जिज्ञासा राखिदिए । वाग्लेले 'त्यस्तो केही होइन' त भने तर सँग-सँगै खनाल र पाण्डेको सहकार्यका बारेमा चार दिनअघि मात्र जानकारी पाएको समेत बताइदिए । कुनै बेला नङ-मासुको सम्बन्धमा रहेका निर्देशक खनाल तथा निर्माता वाग्लेबीच लामो समयदेखि सम्वाद नभएको अनुमान गर्न गाह्रो भएन । यही प्रसंगमा निर्देशक खनालको तर्क बेग्लै आयो । उनी सञ्चारकर्मीलाई नै 'अँध्यारोमा तीर त हान्नु भयो, तर गलत ठाउँमा लाग्यो' भन्दै पन्छिए ।



# विश्वको आनन्द

कुनै बेला काठमाडौंमा ढल खन्ने, भारी बोक्ने, लेबरको काम गर्ने एउटा व्यक्ति आज सानो पर्दाको लोकप्रिय अनुहार बन्न सफल भएको छ भन्दा धेरैलाई पत्याउन गाह्रो पर्छ । ओखलढुंगाका विश्व आनन्द पोखरेलको संघर्ष यतिमै सीमित छैन । कलाकार बन्ने भूत सवार भएपछि काठमाडौं छिरेका विश्व आनन्दले सुरु-सुरुमा धेरै हन्डर खेपे । त्यसक्रममा उनले झ्याइँकुटी झ्याइँ, गोलमाल, जय होस जस्ता श्रृंखलामा समेत काम गरे । एकातिर अभिनयको भूत, अर्कातिर चित्तबुझ्दो जीवनयापन गर्न नसकेपछि उनी डिप्रेसनको शिकार भएका थिए । उनका लागि डिप्रेसनबाट बाहिर आउने बाटो नै अभिनय बन्न पुग्यो । दिनेश डिसीद्वारा निर्देशित हास्य श्रृंखला ट्वाक्ट टुक्कमार्फत अभिनयमा पुनरागमन गरेका विश्वले त्यो अवधिमा झण्ड दुई दर्जन भागमा अभिनय गरेर मनोरञ्जन प्रदान गरे । अहिले उनी डिसीकै यूट्युब च्यानलमा जिन्दाल शो सञ्चालन गरिरहेका छन्, जसलाई दर्शकले अत्यन्त मन पराइदिएकोमा विश्व दंग छन् ।



## मलाई रिस उठ्छ

- कसैले हेप्यो भने,
- बोलिरहेका बेला कसैले ध्यान दिएन भने,
- काममा हेलचेक्र्याइँ भयो भने,
- मलाई धेरै भोक लाग्यो भने,
- कसैले अरूको कुरा काट्यो भने ।

रिमा विश्वकर्मा, अभिनेत्री

# मिस तथा मिस्टर नेपाल हङकङ

मिस नेपाल हङकङ सोसाइटीको आयोजनामा मिस नेपाल हङकङ-२०१८ को नवौं संस्करण सम्पन्न भएको छ र यो वर्षको विजेता भइन् प्रिया गुरुङ । प्रतियोगितामा नेहा राई र जानिभा श्रेष्ठ क्रमशः फस्ट र सेकेन्ड रनर्सअप घोषित भए । अन्य उपाधिमा मिस पर्सनालिटी सबिना गौचन, मिस कन्जेनेलिटी माधुरी लिम्बु, मिस नेक्स्ट टप मोडल नुमा लिम्बु, मिस फेसन आइकन तथा फोटोजेनिक जानिभा श्रेष्ठ, मिस ट्यालेण्ट नेहा राई, मिस अडियन्स च्वाईस मेलिना गुरुङले जिते । मिस पपुलरको उपाधि प्रिया गुरुङले नै हात पारिन् । यो कार्यक्रम मिस नेपाल इन्टरनेसनल-२०१२ शुभेच्छा खड्काले सञ्चालन गरेकी थिइन् । १८ वर्षदेखि २५ वर्षसम्मका अविवाहित युवतीहरूबीच सन् १९९८ देखि मिस नेपाल हङकङको आयोजना गरिँदै आएको छ । प्रतियोगीहरूले सेन्स अफक्लिक, सामसाम, एचके नेपाल ढाका बुटिकका इभिनिङ गाउन, कल्चरल तथा ककटेल राउन्डमा प्रस्तुत गरेका थिए ।





### मिस नेपालको टप २५ मा सिधै प्रवेश

यो वर्षकी मिस नेपाल हङकङले मिस नेपालको टप २५ मा सिधै प्रवेश पाउने भएकी छिन् । मिस नेपालको आयोजक संस्था हिडेन ट्रेजरका निर्देशक प्रमोद कंसाकार तथा मिस नेपाल हङकङका अध्यक्ष लोकराज आङ्बुहाङबीच सहकार्यका लागि सम्झौतापत्रमा हस्ताक्षर भएपश्चात् मिस नेपाल हङकङले मिस नेपालको टप २५ मा सिधै प्रवेश पाउने भएकी हुन् ।

### मिस्टर नेपाल हङकङ-२०१८

लामो समयको अन्तरालपछि सञ्चालित मिस्टर नेपाल हङकङको उपाधि मनिष लिम्बूले जितेका छन् । मिस नेपाल हङकङसँगै सञ्चालित प्रतियोगितामा बडी बिल्डिङका विभिन्न पोज दिँदै मनिष उत्कृष्ट घोषित भएका हुन् । मनिषले बेस्ट पोजको उपाधिसमेत प्राप्त गरेका थिए । उक्त अवसरमा सिपी सुनुवार फस्ट रनर्सअप तथा रीतविक्रम मल्ल सेकेन्ड रनर्सअप भएका थिए ।

अनोज रोक्का

# पूजा श्रेष्ठलाई मिस पूर्वाञ्चलको उपाधि

धरानमा सम्पन्न मिस पूर्वाञ्चल-२०१८ को उपाधि झापाकी पूजा श्रेष्ठले जितेकी छिन् । प्रतियोगितामा धनकुटा हिलेकी अनिला क्षेत्री फस्ट रनर्सअप भइन् भने इटहरीकी तपस्या रणपहेलीले सेकेन्ड रनर्सअपमा चित्त बुझाइन् । फाइनल प्रतिस्पर्धामा मिस फोटोजेनिक तथा मिस मल्टिमिडियाको उपाधि आकृति आचार्यले जितेकी थिइन् । उक्त प्रतिस्पर्धामा सोनेता दाहाल बेस्ट वाक तथा मिस ट्यालेन्ट र रुसाली केसी मिस पब्लिक च्वाईस तथा मिस इन्टिलेक्चुअल भए भने सलिना राजवंशी मिस फ्रेन्डसिप घोषित भए । त्यस्तै अन्य उपाधितर्फ आकृति आचार्यले फेस अफ डिभाइन तथा स्वस्तिका विशुंखेले फिटनेसमा बाजी मारे ।



नरेन्द्र बस्नेत

# मिस टिन काठमाडौं आइकन

न्यू राइज इन्टरटेनमेन्टले काठमाडौंमा सञ्चालन गरेको सौन्दर्य प्रतियोगितामा प्रतीक्षा सिंह मिस टिन काठमाडौं आइकन-२०१८ चयन भएकी छिन् ।

प्रतियोगितामा टिन ग्ल्याम इन्टरनेसनलका रूपमा खुश्बु यादव छनौट भइन् भने प्रतियोगिताको फस्ट रनर्सअपका रूपमा प्रगति पोखरेल तथा विदिशा सिंह छानिए । यसैगरी प्रतियोगितामा नेपाल्स लिटिल आइकन अफ द इयर-२०१८ का रुपा साक्षी चौरेललाई मुकुट पहिर्‍याइएको थियो ।





# हङकङमा चासोक तङ्नाम

किराँत राईहरूको साकेला उधौली सकिएसँगै प्रकृतिपूजक लिम्बूहरूले धूमधामका साथ चासोक तङ्नाम मनाएका छन् । हङकङस्थित मङ्कीहिलमा सञ्चालित कार्यक्रममा लिम्बूहरूका साथै गैरलिम्बूहरूको समेत उल्लेख सहभागिता थियो । परम्परागत वेशभूषा एवं गहनामा सजिएका लिम्बू समुदायका महिला तथा पुरुषहरूको ओहोरदोहोरले साझा संस्कृतिको धनी हङकङ रंगीन बन्न पुग्यो । कार्यक्रममा लिम्बूहरूको मौलिक परिकार, गरगहना तथा परम्परागत वेशभूषा प्रदर्शनीमा राखिएको थियो । उक्त कार्यक्रमलाई नेपालबाट आएका तथा स्थानीय कलाकारहरूको प्रस्तुतिले थप मनोरञ्जक बनाएको थियो ।



# मिस पूर्वेली सुपर मोडल

रोजिना तामाङ सातौं संस्करणको मिस पूर्वेली सुपर मोडल घोषित भएकी छिन् । उनले १८ जना प्रतिस्पर्धीलाई पछि पार्दै मिस पूर्वेली सुपर मोडलको उपाधि जितेकी हुन् । ए-वान इन्टरटेन्मेन्टको आयोजनामा विराटनगरमा सम्पन्न उक्त प्रतियोगितामा आँचल मल्लिक फस्ट रनर्सअप तथा मन्दिरा दुमी राई सेकेन्ड रनर्सअप घोषित भए ।

अनिल श्रेष्ठ

# मिस तथा मिस्टर शेर्पा




शेर्पा समुदायका युवतीहरू लक्षित मिस शेर्पा-२०१८ को उपाधि दोलखाकी दाबुटी शेर्पा हात पारेकी छिन् । ट्यालेन्ट एवार्ड पनि जित्न सफल दाबुटी योसँगै मिस टुरिज्म वर्ल्डमा नेपालका तर्फबाट सहभागि हुने भएकी छिन् । क्याफे मितिनीकी चिफ सुपरभाइचर दाबुटी सगरमाथा आरोहीसमेत हुन् । उनले नेपाली कफीको प्रचार गर्दै गत सिजनमा सगरमाथा आरोहण गरेकी थिइन् । प्रतियोगितामा दावा याङ्जी शेर्पा फोटोजेनिक एवार्डसहित फस्ट रनर्सअप भइन् भने निमा ल्हामु शेर्पाले सेकेन्ड रनर्सअपमा चित्त बुझाइन् । मिस्टर शेर्पा-२०१८ तर्फ भने सोनम जाङ्बु शेर्पा विजेता भए । प्रतियोगितामा पेम्बा शेर्पा फस्ट रनर्सअप तथा पासाङ शेर्पा सेकेन्ड रनर्सअप छानिएका थिए ।

# रिचा मिस टिन मेची


रिचा ढकाल मिस टिन मेची-२०१८ घोषित भएकी छिन् । बिर्तामोडमा सम्पन्न प्रतियोगिताको ग्रान्ड फिनालेमा 'नेपाली महिलाहरूको वर्तमान अवस्था कस्तो छ ?' भन्ने प्रश्नमा उत्कृष्ट जवाफ दिँदै ढकालले उपाधि जितेकी हुन् । प्रतियोगितामा मौनता प्रसाई फस्ट रनर्सअप तथा अंकिता उप्रेती सेकेन्ड रनर्सअप भए । यो प्रतियोगिताको आयोजना ड्रिम्स वर्ल्ड इन्टरटेन्मेन्ट बिर्तामोडले गरेको थियो ।

अर्जुन राजवंशी



पहिलो विश्व





# सरकारद्वारा नै विवाह

इन्डोनेसियामा सामूहिक विवाह लोकप्रिय हुँदै गएको छ। विवाहमा दुलाहाले दुलहीलाई दिनुपर्ने सुनको गहना सरकारले नै व्यवस्था गरिदिएपछि यो विवाहले लोकप्रियता पाएको हो। प्रत्येक अंग्रेजी वर्षको अन्तिम दिन सरकारले जकार्ता सहरमा सामूहिक विवाहको आयोजना गर्छ। यसपटक विवाह गर्न ५ सय जोडी सहभागी भएका थिए। गत वर्ष सम्पन्न सामूहिक विवाहमा इस्लामिक स्टेट समर्थकले आक्रमण गरेपछि यो वर्ष सरकारले विवाह स्थलमा विशेष सुरक्षा व्यवस्था मिलाएको थियो।







तस्बिरहरू : एएफपी

# नयाँ वर्ष अनौठो संकल्प



नयाँ वर्षमा सबैको आ-आफ्नै किसिमको संकल्प हुन्छ, तर जेनी पार्कको संकल्प भने अनौठो थियो। युरोपमा खोलिने युरो मिलियन चिट्ठा जित्ने बेलायतकै कान्छी व्यक्ति भएपछि जेनीतर्फ धेरैको ध्यान आकृष्ट भएको थियो।

२३ वर्षीया जेनीलाई चिट्ठामा पाएको करोडौं रुपैयाँ केमा खर्च गर्छ्यौ भनेर सोध्दा उनले आफ्नो पुठ्ठालाई आकर्षक बनाउन शल्यक्रिया गर्ने बताएकी थिइन्। सन् २०१८ मै आफ्नो पुठ्ठा सामाजिक सञ्जालबाट देखाउने बचन दिएकी जेनीले धेरै शल्यक्रिया गरेको तर त्यो आकर्षक आकारमा नआएको कारण देखाउन पाइनन्। आफूले गरेको वाचाअनुसार प्रशंसकलाई ढाँटेको मानेर उनले हालै स्याम्पेन बोकेर आफ्नो पुठ्ठा सार्वजनिक गरेकी छिन्।

जेनीले १७ वर्षको उमेरमा पुरस्कार बापत पाएको १० लाख पाउन्ड (१४ करोड १० लाख रुपैयाँ) मध्ये ५० हजार पाउन्ड (७० लाख ५० हजार रुपैयाँ) पुठ्ठा, स्तन तथा दाँत राम्रो बनाउने शल्यक्रियामा खर्च गरिसकेकी छिन्।



# प्रत्येक वर्ष जन्म

मरेपछि फेरि जन्मनुपर्छ भन्ने मान्यता धेरै धर्म सम्प्रदायमा छ। बौद्धमार्गी बढी भएको थाइल्यान्डमा यो कुराामा धेरैको विश्वास छ। नयाँ वर्षको अघिल्लो दिन बैंककको ताकिन मन्दिरमा अनौठो धार्मिक क्रियाकलाप सम्पन्न गरिन्छ, जसमा मन्दिरको प्रांगणमा कफिन राखिएको हुन्छ। यो कार्यक्रममा सहभागीहरूले उक्त कफिनमा मृत शरीरको रूप धारण गरेर केही समय बिताउनुपर्छ। यसरी समय बिताउँदा उक्त वर्ष गरेका सबै नराम्रा काम लाससँग जाने अनि उठेपछि नयाँ रूपमा जन्मिइने र राम्रा कुराहरू आउने मान्यता छ।



तस्बिरहरू : एपी




# श्रीमान् नै लिलाममा

लिलामीमा सामान बिक्री गर्ने काममा लोकप्रिय मानिएको इबेमा एक महिलाले आफ्नै श्रीमान्लाई बिक्रीमा राखेकी छिन्। श्रीमान्को रवैयाबाट दिक्क भएका कारण आफूले श्रीमान्लाई लिलामीमा राखेको उनले बताएकी छिन्।

प्रारम्भिक मूल्य १८ युरो राखेकी ती महिलाले कसैले आफ्नो श्रीमान्लाई खरिद गरेर लगे निकै खुसी हुने बताएकी छिन्। जर्मनीको ह्याम्बर्गकी डोर्थेले क्रिष्टमसका अवसरमा आफ्नो श्रीमान्लाई लिलाममा राखेकी हुन्।

आफ्ना श्रीमान् नकारात्मक सोचका भएका कारण लिलामीमा राखेको उनले स्पष्ट पारेकी छिन्। यो शुद्ध श्रीमान्को लिलाम भएको कारण यसमा कुनै कुरा साटिनेछैन भन्ने सर्त पनि उनले राखेकी थिइन्। लिलामीका क्रममा उनले श्रीमान् वा आफ्नो फोटोको ठाउँमा क्रिसमस ट्रीको तस्बिर प्रयोग गरेकी थिइन्।



# नयाँ वर्षको इभमा किन चुम्बन ?

नयाँ वर्षको पूर्वसन्ध्याको राति जब घडीले १२ बजेको संकेत गर्‍यो, धेरै प्रेमी-प्रेमिकाले आपसमा चुम्बन गरे। यद्यपि मध्यरातमै किन बढी चुम्बन हुन्छ भनेर एउटा शोध भएको छ। जर्मन र अंग्रेजहरूको एउटा दन्त्यकथामा नयाँ वर्षको पहिलो पलमा असल मन भएका व्यक्तिहरूलाई पहिलो पटक भेट्दा वर्षभरि नै उसको साथ छुट्दैन भन्ने मान्यता छ। जसका कारण घडीले १२ बजाउँदा अँगालो मारेर चुम्बन गर्दा वर्षभरि नै साथ छुट्दैन भन्ने मान्यता बढ्दै गएको पाइन्छ। रोमन सभ्यताका बेला डिसेम्बर महिनामा मदिराका उत्सवहरू महिनाभरि नै चल्थे। त्यति बेला नयाँ लुगा लगाएर विपरित लिंगीलाई मोहित तुल्याउने काम पनि हुन्थे। किस स्टोरीका लेखक जोवानी वानानले आफ्नो पुस्तकमा रोमन सभ्यतामा नयाँ वर्षको अघिल्लो रात हुने प्रेमको क्रियाकलाप अहिले चुम्बनमा परिणत भएको उल्लेख गरेका छन्।

# रहस्यमय गायिका



रामजी ज्ञवाली/महेश तिमल्सिना

बागबजारको मूल बाटोबाट छुट्टिने कुनै गल्लीमा एउटा रेकर्डिङ स्टुडियो छ । बिहान ११ बजेतिरको समय, व्यस्त ठाउँ अनि चहल-पहल पनि उत्तिकै छ । त्यही भीडभाडका बीच एउटा रेकर्डिङ स्टुडियो सुनसानजस्तै छ । स्टुडियोका सञ्चालक त्यहाँ छिर्न खोज्ने एकाध मानिसलाई भन्दैछन्, 'स्टुडियो एक बजेपछि मात्र खुल्छ, त्यतिबेलै आउनुस् है ! अहिले काम गर्न सकिँदैन ।'

यस्तै, वातावरणबीच होचो कद, कालो मास्क लगाएकी र पछ्यौरीले शिर छोपेकी एक महिला सरासर स्टुडियो पस्छिन् । तुरुन्तै भित्रबाट ढोकाको चुकुल लाग्छ । मध्याह्नको सवा ११ बजेको समय, त्यसको २० मिनेटपछि ती युवती उही शैलीमा स्टुडियोबाट बाहिरिन्छिन् अनि नजिकै रहेको ट्याक्सीमा फुत्त छिर्छिन् र उक्त ट्याक्सी आफ्नो बाटो लाग्छ । यसरी भित्र छिर्ने र केही समयमै त्यसैगरी बाहिरिने महिला अरू कोही होइनन्, उनी हुन्– मिस्ट्री क्विन अर्थात् लोकप्रिय गायिका विष्णु माझी ।

सार्वजनिक स्थानमा अनुहार नदेखाउने, कसैसँग परिचय नगर्ने र झन्डै भूमिगत रूपमा काम गर्ने यही शैलीले नेपाली संगीत बजारमा उनलाई मिस्ट्री क्विन बनाएको छ । सामाजिक सञ्जाल, युट्युब तथा इन्टरनेटमा अहिलेसम्म उनको एउटै मात्र तस्बिर फेला पर्छ । यद्यपि उनले त्यही घुम्टोभित्रबाटै स्वरको जादु चलाइरहेकी छिन् । उनी लाखौं श्रोताको ढुकढुकीसँग जोडिएकी छिन्, युट्युबमा उनले गाएका गीतले करोडौं भ्युज बटुलेका छन् । गुपचुप जीवनका बीच घन्किने मधुर स्वरको जादुले लोकगीतको दुनियाँमा उनी सुपरस्टारका रूपमा स्थापित छिन् ।

### न प्रशंसकसँग भेट, न मिडियामा अन्तर्वार्ता !

विष्णु माझीले गुमनाम रूपमा गीत गाउन थालेको एक दशकभन्दा बढी भैसकेको छ । अन्य कलाकारजस्तो प्रशंसकहरूसँग नजिकबाट साक्षात्कार गर्ने, उनीहरूका कुरा सुन्ने, उनीहरूसँग भेटघाट गर्ने, तस्बिर खिच्ने काम यी गायिकाबाट हुँदैन । गोप्य रूपमा अन्य कुनै नामबाट चलाएको भए थाहा भएन, तर आधिकारिक रूपमा उनको न फेसबुक छ न अन्य कुनै सामाजिक सञ्जाल । विष्णु माझीसँग कुनै काम परे उनका श्रीमान् सुन्दरमणि अधिकारीसँग सम्पर्क गर्नुपर्छ । सीधै विष्णु माझीसँग कसैले सम्पर्क गर्न सक्दैनन् । विष्णु माझी एक मात्र त्यस्ती गायिका हुन्, जो प्रशंसकहरूसँग कुनै सम्बन्ध-सम्पर्क राख्दिनन्, मिडियासँग बोल्दिनन् । प्रशंसकहरूले उनलाई भेट्ने धोको अहिलेसम्म पूरा हुन सकेको छैन । नेपालका दर्जनौं मिडियाले प्रयास गरे पनि विष्णु माझीले अहिलेसम्म कुनै पनि मिडियालाई अन्तर्वार्ता दिएकी छैनन् ।


### लुकेर गीत रेकर्ड, सुटुक्क घर

गायिका माझीको स्वभाव अचम्मको छ । उनी अरू गायक-गायिकाले जस्तो रेकर्डिङ स्टुडियो पसेर सिसा अगाडि गीत रेकर्ड गराउँदिनन् । उनी स्टुडियो पस्छिन्, पछ्यौराले सिसा छोप्न सम्भव भए सिसा छोपेर गीत गाउँछिन् । त्यो असम्भव भयो भने माइक अलिकति कुनामा लगेर गीत रेकर्ड गराउँछिन् । गीत रेकर्ड हुनासाथ सुटुक्क घर लाग्छिन् । गीत रेकर्ड गराएपछि उनीसँग उक्त गीतसँग सम्बन्धित कुनै पनि व्यक्तिले तस्बिर खिच्ने अथवा बोल्ने अवसर पाउँदैनन् । किनभने उनी काम सक्ने बित्तिकै आफ्नो बाटो तताइहाल्छिन् । नाम नखुलाउने सर्तमा एक गायक भन्छन्, 'मैले केही समयअघि एउटा गीत रेकर्ड गराए । एउटा तस्बिर खिचौं भनेको सम्भव भएन । उहाँसँग पैसा बुझाउने बेलामा मात्र कुराकानी भयो, बाँकी केही कुरा गर्न पाइएन ।'

### गुमनाम बसोबास

विष्णु माझी स्याङ्जाको चापाकोटस्थित काली नदीको किनार खोरियाघाटमा जन्मिएकी हुन् । गायक भगवान भण्डारी, बद्री पंगेनी, एकनारायण भण्डारी, रूपक डोटेल, रामजी खाँड पनि स्याङ्जाकै हुन् । गायिका माझीको भूमिगत जस्तो जीवनका सम्बन्धमा विभिन्न टीकाटिप्पणी हुने गरेका छन् । श्रीमान् सुन्दरमणिसमेत विष्णु माझीका विषयमा केही बोल्न मान्दैनन् । उनलाई विष्णु माझीका विषयमा बुझ्न गरेको सम्पर्क कैयन् पटक असफल भयो । एक दशकअघि बुटवलमा सम्पन्न महोत्सवमा विष्णुको जादुयी स्वर सुनेर विष्णुमणि अधिकारीले गायिका बनाउँछु भन्दै उनलाई रातिबस चढाएर काठमाडौं ल्याएका हुन् । त्यसपछि गायिका माझीको लोकप्रियता निरन्तर चुलिँदै गयो । उनको निकै माग भयो, तर सुन्दरमणिले चढाएको विष्णुको जिन्दगीको रात्रीबस कहाँ पुग्दैछ कसैलाई थाहा छैन । अहिले उनीहरू काठमाडौंमै बस्छन् तर कहाँ ? कसैलाई थाहा छैन । विष्णु माझी निकट रहेका केहि संगीतकर्मीहरू भने उनीहरू नयाँबजारमा बस्दै आएको बताउँछन् ।

## विष्णु माझीका केही तथ्य



तत्कालीन लेखनाथ नगरपालिकाको वडा नम्बर-९ हालको पोखरा महानगरपालिका वडा नम्बर ३१ को कार्यालयमा २०६९ मंसिर ५ गते विवाह दर्ता गरेको लिखतको तस्बिर ।

### सुन्दरमणिसँग विवाह

गायिका विष्णु माझी र गायक तथा संगीतकार सुन्दरमणि अधिकारीबीच विवाह भएको पुष्टि भएको छ । २०६८ साल मंसिर २९ गते पोखराको राम मन्दिरमा उनीहरूले सुटुक्क विवाह गरेका थिए । त्यसका साथै उनीहरूले तत्कालीन लेखनाथ नगरपालिकाको वडा नम्बर-९ हालको पोखरा महानगरपालिका वडा नम्बर-३१ को कार्यालयमा २०६९ मंसिर ५ गते विवाह दर्ता गरेको प्रमाण वडा कार्यालयमा सुरक्षित छ ।

### सर्वाधिक महँगी गायिका

गायिका विष्णु माझी गुमनाम छिन् तर उनी लोकदोहोरी क्षेत्रकी सर्वाधिक महँगी गायिका हुन् । उनले एउटा लोकगीतमा स्वर दिएबापत जति पारिश्रमिक लिन्छिन् त्यो अहिलेसम्म कसैले लिएका छैनन् । विष्णु माझीले एउटा गीतका लागि ५० हजार रुपैयाँ लिने गरेकी छिन् । यदि कसैले ४९ हजार ९ सय ९९ सय रुपैयाँ दियो भने पनि उनी त्यो रकम बुझ्दिनन् । विष्णु माझीको पारिश्रमिक अत्यधिक भएकाले एकदमै थोरैले मात्र उनीबाट गीत रेकर्ड गराउने सामर्थ्य राख्छन् । स्रोतका अनुसार माझीले महिनामा ५ देखि ७ वटासम्म गीतमा स्वर दिने गरेकी छिन् । उनी निकट एक व्यक्ति भन्छन्, 'महिनामा कम्तीमा २ लाख रुपैयाँ कमाउनुहुन्छ, किन मिडिया चाहियो ? किन चाहियो फ्यान ?'

### जुम्ल्याहा सन्तानकी आमा

गायिका विष्णु माझीले तीन वर्षअघि जुम्ल्याहा सन्तानलाई जन्म दिइन् । उनी सुत्केरी हुँदा झन्डै तीन महिना जति बेगनास गएर बसिन् । त्यतिबेला बच्चा हुर्काउन सजिलो हुने भएकाले उनी गाउँमै लामो समय बसेकी थिइन् ।

### ससुराको किरिया बस्न पोखरा

डेढ वर्षअघि विष्णुका ससुरा तथा सुन्दरमणिका बुवा विष्णुप्रसादको निधन भयो । ससुराको निधन भएपछि विष्णु पनि श्रीमान् सुन्दरमणिसँगै किरिया बसेकी थिइन् ।

### कामप्रति जिम्मेवार

विष्णु माझीले आफ्ना समर्थकलाई नभेटेको र सार्वजनिक स्थानमा देखा नपरेकाले उनमा ठूलो घमण्ड छ भन्ने धेरैले अनुमान लगाउन सक्छन् । साथै रेकर्डिङमा पनि पर्याप्त समय दिन्नन् भन्ने लाग्न सक्छ । यद्यपि विष्णु माझी कामप्रति भने निकै जिम्मेवार रहेको संगीतकर्मीहरू बताउँछन् । उनले गीत रेकर्ड गर्ने क्रममा सुन्दरमणि प्रायःजसो सँगै हुन्छन्, जसले गर्दा कतै केही बिग्रियो भने सुन्दरमणिले औंल्याइदिएपछि उनले सच्याएर गाउने एक संगीतकारले बताए । यतिमात्र होइन कहिलेकाहीं कुनै गीत दोहोर्‍याएर रेकर्ड गराउनुपर्‍यो भने पनि विष्णु सहजै रेकर्डिङ स्टुडियोमा आएर गीत गाउँछिन् । यसका साथै विष्णु माझीले कुनै पनि गीतलाई प्रशस्त समय समेत दिन्छिन् ।

### कुर्ता सुरुवाल लगाएर रेकर्डिङ स्टुडियो

विष्णु माझी रेकर्डिङ स्टुडियोमा प्रायःजसो कुर्ता सुरुवालमै आउने एक स्रोतले बताएको छ । यसका साथै उनी बाहिर निस्कँदा अनुहारमा आँखा बाहेक सबै भाग कपडाले छोपेर हिँड्छिन् ।

### एउटा मात्र फोटो

विष्णु माझीको हालसम्म एउटामात्र तस्बिर सार्वजनिक भएको छ । जताततै त्यही एउटै तस्बिर प्रयोग भैरहेको छ । उनका समर्थकले उनको फोटो खोजे भने त्यही एउटा तस्बिर मात्र फेला पार्न सक्छन् ।

# ज्वाइँको अनुहार देख्न पाएको छैन



■ ताराबहादुर माझी, विष्णु माझीका बुवा

**विष्णु माझीको बाल्यावस्थाको स्वभाव कस्तो थियो ?**

उनी निकै सोझी थिइन् । सानैदेखि आफ्नै तरिकाले काम गर्थिन । निकै कम बोल्थिन् । विद्यालय पनि जान्थिन् अनि बाँकी रहेको समय गाउँघरमा मेलापात, घाँस-दाउरा गर्थिन् ।

**गाउँघरमा उहाँ कस्ता गीत गाउनुहुन्थ्यो ?**

उनी गाउँपाखामा विभिन्न भाकाका गीत गाइरहन्थिन् । घरसँगै जोडिएको कालीगण्डकी नदीमा नुवाइधुवाई गर्दा, डुङ्गामा नदी तर्दा तथा गिट्टी-बालुवाको काम गर्दा पनि उनी गीत गाउँथिन् । मलाई मेरी छोरी विष्णुको स्वर एकदमै मन पर्थ्यो । उनको स्वर सुरिलो थियो । उनले गाउँघरमा धेरैजसो माया पिरिम तथा दुःखका गीत गाउँथिन् साथै उनी बाबुआमाका र घरायसी दुःख-पीडा अनि दलितका गीत पनि गाउँथिन् ।

**छोरीसँग कत्तिको सम्पर्कमा हुनुहुन्छ ?**

फोन नै हुँदैन । कसरी सम्पर्क हुनु र ? कि भेट्न काठमाडौं नै जानुपर्‍यो ।

**तपाईं छोरी भेट्न कति पटक काठमाडौं जानुभएको छ ?**

अहिलेसम्म गा'को छैन । उसकी आमा एकपटक गा'की छ ।

**उहाँचाहिँ माइती आउनुभएको छैन ।**

विवाह भएको १०/११ वर्ष भयो ? विवाहपछि एक दिन आएकी थिई, घरनजिकैको मन्दिरमा पूजा गरेर फर्किहाली ।

**माइती आउँदा कोसँग आउनुहुन्छ ?**

माइती नै आएकी छैन । कोसँग आउनु ?

**किन नआउनुभएको त ?**

एकपटक आएकी थिई । उसले बाहुनसँग विवाह गरी अनि हामीले पनि टीका लगाईदिएका छैनौं, त्यसैले पनि नआएकी हो कि ?

**उहाँ सार्वजनिक ठाउँमा नदेखिनुको कारणचाहिँ के हो ?**

खोइ ! सबैले त्यसै भन्छन्, हामीलाई पनि थाहा छैन । छोरीले कलाकार सुन्दरमणि अधिकारीसँग विवाह गरेकी हो । व्यस्त भएर पनि होला नि त ।

**उहाँलाई सुन्दरमणिले दबाबमा राखेको भन्ने कुरा पनि बाहिर आएको छ नि ?**

हामी सानो जात, छोरीले ठूलो जात रोजेर विवाह गरी, केही विभेद त भा'को होला नि । त्यति हिँड्न पाउँदिन रे । फोन पनि गर्दिन । यहाँ पनि आउँदिन । रेडियो नेपाल (स्टुडियो) मात्र जान्छे अनि घर फर्किहाल्छे । बाहिर जाने भनेको रेडियो नेपाल मात्र हो । त्यहाँ भन्दा बाहिर जान्न भन्ने सुनेको छु ।

**तपाईंकी छोरीका छोराछोरी पनि जन्मिए होला नि त ?**

खोइ ! छोराछोरी पनि पाएकी छे भन्ने सुनेको हुँ । हामीले त अहिलेसम्म देखेका छैनौं । आमा भएपछि बढी व्यस्त भइन्छ, त्यही भएर पनि बाहिर नआ'की होली ।

**तपाईंका ज्वाइँ सुन्दरमणि चाहिँ ससुराली कत्तिको आउनुहुन्छ ?**

ज्वाइँ पनि अहिलेसम्म ससुराली आउनुभएको छैन । मैले अहिलेसम्म ज्वाइँको अनुहार देखेको छैन । मेरी बूढीले चाहिँदेखि कि कुन्नी ।

**विष्णु अन्तिम पटक माइती आएको कहिले हो ?**

त्यही ५/६ वर्ष पहिले आएकी थिइन् । त्यसपछि नआएको थुप्रै भयो । छोरी भेट्न त मन लागेको छ तर ऊ आउँदिन, म पनि काठमाडौं जान सक्दिनँ ।

प्रतिक्षा काफ्ले

# रहस्यमय...

## श्रीमान् सुन्दरमणिको हातमा विष्णुको रिमोट

विष्णु माझीसँग सम्बन्धित अर्को रहस्यमय कुरा हो, उनले अहिलेसम्म स्टेज कार्यक्रममा भाग लिएकी छैनन् । माझीलाई लाखौं रुपैयाँ दिएर कन्सर्ट तथा विदेशका कार्यक्रममा सहभागी गराउन खोज्ने धेरै आयोजकको प्रयास असफल भएको छ । बुटवलमा लामो समयदेखि महोत्सव सञ्चालन गर्दै आएका एक उद्योगी भन्छन्, 'उहाँलाई हामीले अघिल्लो वर्ष पनि प्रस्ताव गरेका थियौं तर असफल भएपछि हामीले अब चासो नदिने निर्णय गरेका छौं ।' विष्णु माझीसम्म पुग्ने एउटा मात्र बाटो सुन्दरमणिले जे भन्छन् त्यही चल्छ । सुन्दरमणिले ओके भने भैहाल्यो, नो भने भएन । कसैले गीत रेकर्ड गराउनुपरे सुन्दरमणिलाई फोन गर्नुपर्छ । यदि फोन उठेन भने म्यासेज पठाउनुपर्छ ।

## प्रधानमन्त्रीसम्म पुग्यो विष्णुको रहस्य

विष्णु माझीसम्बन्धी रहस्यलाई लिएर गायक तथा संगीतकार बादल घिमिरे पूर्वप्रधानमन्त्री स्वर्गीय सुशील कोइरालासमक्ष सम्म पुगेका थिए । उनले प्रधानमन्त्री समक्ष विष्णुका सबै कुरा सुनाए । घिमिरेका कुरा सुनेपछि कोइरालाले विष्णु माझीका बारेमा सत्यतथ्य कुरा बाहिर ल्याउन पहल गर्ने आश्वासन दिएका थिए । त्यही बेला २०७२ मा भूकम्प गयो जसले गर्दा यो कुरा बीचमै रोकिएको घिमिरेको दाबी छ ।

## स्टुडियो सञ्चालकहरू बोल्न मान्दैनन्

हामीले केही समयअघि विष्णु माझीका गीत रेकर्ड भैरहने स्टुडियोका सञ्चालकहरूसँग कुराकानी गर्न खोज्यौं तर उनीहरूले विष्णु माझीका सम्बन्धमा केही बोल्न मानेनन् । बागबजार नजिकैको एक स्टुडियो सञ्चालक भन्छन्, 'विष्णु माझी अरू कलाकारजस्तो हुनुहुन्न, उहाँका बारेमा आवश्यकभन्दा बढी बोल्यौं भने भोलि देखिने उहाँ हाम्रो स्टुडियो आउनुहुन्न ।' एक अर्को स्टुडियो सञ्चालक हात जोड्दै भन्छन्, 'विष्णु माझीअनुसार चल्न सकिएन भने उहाँको गीत रेकर्ड गराउन पाइँदैन, उहाँका बारेमा हामीले केही भन्यौं भने पछि उहाँले हाम्रो स्टुडियोमा गीत रेकर्ड गराउनुहुनेछैन । त्यसैले यस विषयमा तपाईंले जे सक्नुहुन्छ आफैं खोज्नुस् है !' विष्णु माझीका गीत निरन्तर रेकर्ड गराउने उनी मात्र होइन, यी गायिकासँग नजिक रहेका कसैले पनि उनका बारेमा केही बताउन चाहँदैनन् ।

## सुन्दरमणिमाथि आरोप

विष्णु माझी यतिबेला भूमिगत जीवन बिताइरहेकी छिन् । कतिपय संगीतकर्मी भने उनलाई सुन्दरमणिले भूमिगत गराएको आरोप लगाउँछन् तर यो कुराको सत्य-तथ्य भने बाहिरिएको छैन । हामीसँग सम्पर्कमा रहेका उनकै छिमेकी पनि विष्णुको प्रतिभामाथि सुन्दरमणिले राज गरिरहेको बताउँछन् । विष्णु माझी सांगीतिक क्षेत्रमा होमिए यता उनले करिब ४ करोड रुपैयाँ गीत गाएरै कमाएको अनुमान गरिन्छ । विष्णु माझी एकताका एकै दिनमा १२ वटाभन्दा बढी गीत रेकर्ड गराउँथिन् । जतिबेला उनको रेट ६ हजार थियो । यो विषयमा यथार्थ बुझ्न हामीले करिब ५० पटकभन्दा बढी सुन्दरमणिलाई फोन सम्पर्क र १० वटाभन्दा बढी म्यासेज पठायौं तर उनले हामीले गरेको कल तथा म्यासेजमा कुनै प्रतिक्रिया जनाएनन् ।

## समर्थकको आग्रह

युट्युबमा विष्णु माझीका सयौं गीत छन् । युट्युबको कमेन्टमा आउने अधिकांश श्रोता भन्छन्, 'यति गहकिलो स्वरकी धनी गायिकाको अन्तर्वार्ता किन आउन सकेन ? किन उनी गुमनाम छिन् ?' म्युजिक नेपालले अपलोड गरेको विष्णु माझी हिट्स सङ कलेक्सनमा मिहाङ राई लेख्छन्, 'नेपाली सङ्गीतकै ठूलो गहना विष्णु माझी किन गुमनाम अवस्थामा छिन् ? त्यो सुन्दर कि के अधिकारी भन्ने बाहुनले साँच्चै बेपत्ता पारेकै हो त ? मिडियामा ल्याउनुपर्‍यो ।' अर्को कमेन्ट ईपहाङको, 'मिडियाकर्मी ज्यू जदौ नमस्ते ! विष्णु दि कहाँ- कस्तो अवस्थामा हुनुहुन्छ ? कृपया उहाँको वास्तविक तस्बिर देखाइदिन अनुरोध छ ।' युट्युबमा विष्णुका गीत सुन्ने दर्जनौंले उनका बारेमा असाध्यै सोधी खोजी गरेका छन्, तर यी गायिका अहिलेसम्म बाहिर आउन मानेकी छैनन् । किन उनी बाहिरी दुनियाँको सम्पर्कमा छैनन् ? यस विषयमा कसैले केही भन्दैनन्, तर धेरैले यी गायिकालाई उनका श्रीमान् सुन्दरमणि अधिकारीको दबाबले सम्पर्कविहीन बनाएको बताउँछन् । माझी निकट एक गायिका भन्छिन्, 'हामीले धेरै प्रयास गर्‍यौं रहस्य पत्ता लगाउन, तर सकिएन ।'

## माइतीको आर्थिक अवस्था नाजुक

गायक तथा संगीतकार बादल घिमिरे र गायिका विष्णु माझीको माइतीघर करिब १० मिनेटको फरकमा पर्छ । उनी एक वर्ष पहिले संगीतकार सुरेश अधिकारीलाई लिएर आफ्नो जन्मगाउँ पुगेका थिए । त्यहाँ उनीहरूको भेट विष्णु माझीका बुबा ताराबहादुर माझीसँग भयो । घिमिरेले भने- छोरीले गीत गाएरै करोडौं कमाइसकेकी छिन्, तर उनको बुबाको अवस्था निकै दयनीय थियो । उनीसँग औषधी खाने पैसासमेत थिएन । घिमिरेका अनुसार उनले विष्णु माझीलाई बाहिर ल्याउन धेरै पहल गरे । अर्को कुरा विष्णु माझी हिट भएपछि जब उनी सुन्दरमणिसँग लिभिङ टुगेदरमा छिन् भन्ने कुरा आयो, त्यतिबेला उनीहरू एउटा टिम बनाएर सुन्दरमणिलाई कि विवाह गर्नुस् कि छाडिदिनुस् भनेर दबाब दिन गएका थिए । त्यति बेला सुन्दरमणिले खासै चासो नदिएको घिमिरे बताउँछन् ।

# मसँग पनि बोल्नुहुन्न

**विष्णु माझी ठूलै अन्यायमा परेको खबर निरन्तर आइरहेको छ, खास कुरा के हो ?**

मलाई यस विषयमा अहिलेसम्म आधिकारिक रूपमा कसैले केही भनेको छैन । न प्रतिष्ठानमा विष्णु माझीको उजुरी आएको छ । उहाँले अन्यायमा परेको उजुरी दिए हामीले केही गर्ने हो ।

**उहाँ प्रतिष्ठानको सदस्य हो ?**

होइन । उहाँले प्रतिष्ठानको सदस्यता लिनुभएको छैन । लोक तथा दोहोरी गायिका भएका नाताले यदी उहाँले आफू दबाबमा कठिन जीवन बाँचिरहेको उजुरी दिनुभयो भने हामी उहाँका लागि लड्न तयार छौं ।



बद्री पंगेनी, अध्यक्ष, राष्ट्रिय लोक तथा दोहोरी गीत प्रतिष्ठान

**तपाईंसँग कहिलेकाहीं भेट हुन्छ होला, केही भन्नुहुन्न ?**

उहाँका बारेमा म केही पनि भन्न सक्दिनँ । कहिलेकाहीं उहाँसँग ठ्याक्कठुक्क भेट हुन्छ तर मसँग पनि बोल्नुहुन्न । मैले देखेअनुसार उहाँ सुन्दरमणि अधिकारीसँग स्टुडियोमा आउनुहुन्छ, गीत रेकर्ड गराउनुहुन्छ अनि लगत्तै निस्कनुहुन्छ ।

**विष्णु माझीले जे गरिरहनुभएको छ यसलाई तपाईंले कसरी लिनु भएको छ ?**

खासमा भैरहेको के हो भन्ने नै स्पष्ट छैन । सुन्दरमणिजीले दबाबमा राख्नुभएको हो कि उहाँ आफैं राजीखुसीले त्यसरी बस्नुभएको हो अथवा यसका अन्य केही कारण छन् त्यो कसैलाई थाहा छैन । एउटा गायकका नाताले म पनि भन्छु– संसारमा जतिसुकै ठूलो सेलिब्रेटी पनि प्रशंसकहरूसँग नजिक हुन चाहन्छ । अब विष्णु माझीको हकमा उहाँ खुसी हुनुहुन्छ भने हामीले केही बोल्न मिल्दैन । मिडियामा अन्तरवार्ता दिने-नदिने, कसैसँग बोल्ने-नबोल्ने, तस्बिर खिचाउने-नखिचाउने उहाँको खुसीको कुरा हो । जबर्जस्ती कोट्याउनु भएन ।

# यसो भन्छन् विष्णुका समकक्षी









विष्णु माझीसँग सर्वाधिक गीत गाउने गायक हुन्- कुलेन्द्र विश्वकर्मा । अहिलेसम्म ४ सय गीतमा स्वर दिइसकेका यी गायकले आफैं विष्णु माझीसँग खुलेर कुरा गर्न नपाएको वर्षौं भैसकेको छ । गत असारमा कुलेन्द्र आफैंले सालको पातको टपरी गीतका लागि विष्णु माझीलाई ५० हजार रुपैयाँ बुझाए, स्टुडियोभित्रै । हामीले गीत गाउनुपर्ने उहाँका श्रीमान् सुन्दरमणिजीसँग सम्पर्क गर्ने हो, विष्णुजीलाई फोन गर्ने चलन छैन । कुलेन्द्र भन्छन्, 'मलाई भित्री रहस्य त थाहा भएन तर म आफैंले उहाँसँग यति धेरै गीत गाउने अवसर पाए पनि अहिलेसम्म मज्जाले कुराकानी गर्न पाएको छैन ।' चर्चित गायिका तथा सांसद कोमल वलीले पनि अहिलेसम्म विष्णु माझीसँग गफ गर्न पाएकी छैनन् । 'करिब १० वर्षअघि हो, काठमाडौंको एक स्टुडियोमा भेट भएको थियो, वलीले भनिन्, 'त्यतिबेला उनले दिदी नमस्ते भनिन्, मैले नमस्ते बैनी भनें त्यसपछि उनले केही भनिनन् ।' वलीका अनुसार १५ वर्षअघि लोकदोहोरी गीत प्रतियोगितामा भाग लिन बुटवल जाँदा एकपटक उनीसँग भेट भएको हो, त्यसको ५ वर्षपछि काठमाडौंमा भेट भयो, त्यसपछि अहिलेसम्म भेट भएको छैन । फोन वार्ता हुने कुरै भएन । गायिका वली भन्छिन्, 'विष्णु माझीले आफू कुनै अफ्ट्यारो स्थितिमा रहेको बताए उद्धार गर्न सकिन्थ्यो अन्यथा अर्काको व्यक्तिगत जीवनका बारेमा किन चासो राख्ने ?' नेपाल खुल्ला भैसकेको छ, कसैले बन्देजमा राखे केही दिन बन्दी होला तर सधैंभरि हुन सक्दैन, विष्णु माझी आफ्नै कारणले बाहिर नआएकी हुन् कि ? विष्णु माझी निकट एक गायिका भन्छिन्, 'परिवारले अन्तर्वार्ता तथा भिडियोका माध्यमबाट दर्शकमाझ आउन नदिएका हुन् । विष्णु दिदीसँग मैले नभेटेको पाँच वर्ष भैसकेको छ ।' गायक नवीन पौडेलले २०६५ सालमा गीत रेकर्ड गराएपछि अहिलेसम्म विष्णु माझीसँग गीत गाउन पाएका छैनन् । उहाँसँग सम्पर्क गर्न खोजेको धेरै भयो । पौडेल भन्छन्, 'उहाँसँग गीत गाउने हो, हामी कुनै अर्को व्यक्तिलाई फोन गर्ने, भेट्ने अनि पैसा बुझाउने काम कसरी गर्न सक्छौं ? गायक पौडेल भन्छन्, 'कहिलेकाहीं स्टुडियोमा भेट भए पनि नचिनेको व्यक्तिजस्तो चुपचाप रहनुहुन्छ अनि हामीले के भन्नु ? आजभोलि त धेरैले बुझिसके, बोल्न छोडिसके ।' एकनारायण भण्डारी र विष्णु माझी दुवैको घर स्याङ्जा हो । घर एउटै जिल्लामा भए पनि यी गायिकाका बारेमा गीतकार भण्डारीसँग समेत खासै केही जानकारी छैन । भण्डारी भन्छन्, 'मलाई त केही थाहा छैन । भेट पनि हुँदैन । फोनमा समेत कुराकानी हुँदैन ।' विष्णु माझीसँग केही काममा सहकार्य गरेपनि नजिक भएर गफगाफ भने नभएको भण्डारीले बताए ।

# परिवारसँग सम्बन्ध

सांगीतिक क्षेत्रमा अगाडि बढ्ने क्रममा सुन्दरमणि अधिकारी काठमाडौं हानिए । उनी काठमाडौं पुगेपछि जन्मस्थान कास्कीको बेगनासमा आउजाउ कम हुन थाल्यो । त्यही बेला एउटा हल्ला आयो । उनले काठमाडौंतिरै विवाह गरे । सुन्दरमणिले विवाह गरे भनेर हल्ला गरिएकी युवती चर्चित गायिका विष्णु माझी थिइन् । पछि त्यो हल्ला हल्लामा मात्र सीमित रहेन । औपचारिक रूपमै विवाहमा परिणत भयो । विवाह गर्ने ठाउँ उनीहरूले पोखरालाई नै रोजे अनि २०६८ साल मंसिर २९ गते पोखराको राम मन्दिरमा सुटुक्क विवाह गरे । विवाह भएपछि परिवारले तुरुन्त स्वीकार भने गरेन । त्यसैले पनि परिवारसँगको सम्बन्ध राम्रो भएन । उनीहरूले तत्कालीन लेखनाथ नगरपालिकाको वडा नम्बर-९ हालको पोखरा महानगरपालिका वडा नम्बर ३१ को कार्यालयमा २०६९ मंसिर ५ गते विवाह दर्ता गरे ।

वडामा विवाह दर्ता भएपछि उनीहरूको विवाहले वैधानिकता पायो । विस्तारै परिवारले समेत बुझ्न थाल्यो अनि उनीहरूलाई स्वीकार गर्ने निष्कर्षमा पुग्यो । नजिकका आफन्तलाई बोलाएर उनीहरूलाई घरमा भित्राइयो । तीन वर्षअघि उनीहरूको जुम्ल्याहा सन्तानको जन्म भयो । विष्णु सुत्केरी हुँदा झन्डै ३ महिना बेगनास बसिन् । सुन्दरले पनि बच्चा हुर्काउन बेगनासमै सहज हुने सोचेर गाउँमै लामो समय बस्न दिए । झन्डै डेढ वर्षअघि विष्णुका ससुरा अर्थात् सुन्दरमणिका पिता विष्णुप्रसादको निधन हुँदा विष्णु पनि किरिया बसिन् । गएको दसैंमा समेत उनी बेगनास पुगेकी थिइन् । सुन्दरमणिका तीन जना दाजुभाइ छन् । जसमध्ये सुन्दर जेठा हुन् ।

उनका भाइहरू भने जुम्ल्याहा हुन् । एक भाइ सरकारी जागिरे छन् । एक भाइ भने वैदेशिक रोजगारीका लागि गए पनि अहिले भने गाउँमै छन् । उनकी आमा समेत गाउँमै छिन् । विष्णु माझी गाउँमा रहँदा-बस्दा घरबाहिर खासै निस्किन्नन् । केही छिमेकीसँग सामान्य बोलचाल भने गर्छिन् । सुन्दरमणि अधिकारीको जन्म २०३१ फागुन १४ गते भएको हो भने विष्णु माझीको २०४३ असार १२ गते । विष्णु माझीको जन्म स्याङ्जा जिल्लाको तत्कालीन रत्नपुर-६ हालको चापाकोट नगरपालिकामा भएको हो । सुन्दरमणिकी जेठी श्रीमती पनि छिन् भनेर बेला-बेलामा हल्ला चले पनि त्यो निराधार भएको आफन्त तथा छिमेकीहरूको दाबी छ । यसरी हेर्दा सुन्दरमणि र विष्णु माझीको पारिवारिक सम्बन्ध राम्रो रहेको सुन्दरमणिको परिवारको एंगलबाट देखिन्छ ।

**(वडाको रेकर्ड तथा सुन्दरमणिका आफन्त एवं छिमेकीहरूसँगको कुराकानीमा आधारित)**



# हिउँ खेल्न पहाडमा पर्यटक

चन्द्र कार्की

> सात वर्ष पछि बाक्लो हिउँ परेपछि स्थानीय पर्यटन तथा होटल व्यवसायीहरु निकै उत्साहित देखीएका छन् । जिल्लामा एक्कासि बढेको हिउँ पर्यटनका कारण होटलहरु अत्यधिक व्यस्त भएका छन् । सडकदेखि डाँडापाखा र जंगलसम्म नै आन्तरिक पर्यटकको चहलपहल देखेर होटल व्यवसायमा केही उत्साह थपिएको होटल वसन्तपुर भ्यूका संचालक प्रकाश श्रेष्ठले बताए ।

सुनसरीको धरानबाट मात्र तीन घण्टाको दूरीमा रहेको पर्यटकीय क्षेत्र वसन्तपुरमा हिउँ खेल्न यो साताभर हजारौं आन्तरिक पर्यटकको घुइँचो लागिरह्यो । हिउँ हेर्न र हिउँमै खेल्न आएका आन्तरिक पर्यटकले पटेक डाँडादेखि मिल्के भञ्ज्याङसम्मका सडक तथा डाँडाकाँडा भरिभराउ भए ।

वसन्तपुर क्षेत्रमा परेको बाक्लो हिउँ खेल्न धरान-८, बरगाछीबाट पुजन पोखरेलको समूह चित्रे बजारसम्म पुग्यो । ६ जनाको समूहमा आएका उनीहरू दुई दिनसम्म पटेकडाँडा क्षेत्रमा जमेको बाक्लो हिउँमा खेलेर रमाइलो गरीरहेका देखिन्थे । लर्डबुद्ध कलेज विराटनगरबाट हिउँ हेर्न आएका ३० जनाजति विद्यार्थीको समूह तीनजुरे क्षेत्रमा रमाइरहेको देखिन्थ्यो । 'पहिलो पटक हिउँ देखेको, साह्रै रमाइलो भयो,' समूहमा हिउँ खेल्न आएका निमेष तामाङले भने । उनीहरू हिउँ देख्नेबित्तिकै सेल्फी खिचेर सामाजिक संजालमा पोस्ट गरिरहेका देखिन्थे । त्यहाँ अहिले अन्य दिनको तुलनामा १० गुणा बढी सवारी पूर्वी तराईबाट आइरहेको जिल्ला ट्राफिक प्रहरी कार्यालयले जनाएको छ ।

सात वर्ष पछि बाक्लो हिउँ परेपछि स्थानीय पर्यटन तथा होटल व्यवसायीहरू निकै उत्साहित देखिएका छन् । जिल्लामा एक्कासि बढेको हिउँ पर्यटनका कारण होटलहरू अत्यधिक व्यस्त भएका छन् । सडकदेखि डाँडापाखा र जंगलसम्म नै आन्तरिक पर्यटकको चहलपहल देखेर होटल व्यवसायमा केही उत्साह थपिएको होटल वसन्तपुर भ्यूका संचालक प्रकाश श्रेष्ठले बताए । पछिल्लो समय नेपालीहरूमा घुम्ने संस्कृतिको विकास भएकोमा उनी निकै खुसी देखिन्थे ।

तेह्रथुम आफैंमा सुन्दर र पर्यटकीय आर्कषण भएको जिल्ला हो । यहाँका उच्च क्षेत्रमा प्रत्येक वर्षजसो हिउँ पर्छ । यति बाल्लो हिउँ भने यो वर्ष मात्र परेको हो । यस अघि सामान्य मात्रामा हिउँ पर्ने गरेको थियो । पूर्वी तराई तथा भारतको विहारबाट नजिकको दूरीमा रहेको तीनजुरे-मिल्के-जलजले क्षेत्रमा हिउँ खेल्न यो साता १५ हजारभन्दा बढी आन्तरिक तथा भारतीय पर्यटक आएको पर्यटन विकास तथा प्रवर्द्धन समिति सदस्यसमेत रहेका होटल व्यवसायी श्रेष्ठको भनाइ छ ।

हिउँ खेल्न आन्तरिक पर्यटकहरू कोही जिप भाडामा लिएर, कोही मोटरसाइकल त कोही सोहि रुटमा चल्ने बसमा यात्रा गरेर आएका छन् । हिउँ र प्रकृतिसंग रमाउन, तीनजुरे डाँडामा रहेको पाथीभरा मन्दिर दर्शन गर्न, तस्बिर खिच्न, फिल्मको सुटिङ गर्न तथा घुमफिर गरेर रमाउन हजारौं पर्यटक यहाँसम्म आउने प्रदेश सांसद लक्ष्मण तिवारीले बताए । यहाँ आउने पर्यटकका लागि भने प्रयाप्त होटल, लजहरू भने छैनन् । हिउँमा रमाउन ठूलो संख्यामा आएका पर्यटकहरू आफुले खोजे जस्तो होटल तथा खाना नास्ता नपाउँदा भने खिन्न देखिन्थे । पटेकडाँडादेखि मिल्के जलजले क्षेत्रको करिब पाँच दिन पैदल दूरीको पर्यटकीय क्षेत्रमा स्तरीय र पर्याप्त होटलहरू नहुँदा भने यहाँ आउने पर्यटकले बर्सेनि समस्या भोग्दै आएको अर्का पर्यटन व्यवसायी धर्मराज खड्काले बताए । यहाँका गुफापोखरी, चौकी, मिल्के, जलजले, मुडेशनिश्चरे, लसुने तीनजुरे, पटेकडाँडा, मार्गा पोखरी आदि पर्यटकीय स्थल पर्यटकहरूको पर्खाईमा छन् ।

तीनजुरे, पटेकडाँडा, मेन्छ्यायाम डाँडा आदि स्थान बाट सूर्योदय, सूर्यास्त तथा हिमालको सुन्दर दृश्य देखिन्छ । यहाँबाट कुम्भकर्ण, मकालु, कञ्चनजंघा, सगरमाथा आदि हिमश्रृंखला अवलोकन गर्न सकिन्छ । यहाँसम्म आउने पर्यटकले फर्किएर जाँदा चौरीको छुर्पी, चिज, चौरीको घ्यू, लेकाली फलफुलको वाईन, गुराँसको जुस, ढाका कपडा, खाँडीको कपडा, खुकुरी, लोकल कुखुरा, सुकुटी आदि कोसेली लान सक्छन् । हिउँ पर्यटन जिल्लाको आर्थिक समृद्धिसँग जोडीएको प्रदेश सांसद तिवारीको भनाइ छ ।

हिउँ खेल्न र हेर्न आउनेहरूका कारण यहाँका होटल तथा लजहरू भरिभराउ भएको वसन्तपुरकै सबैभन्दा ठूलो होटल याकका सञ्चालक पेम्बाछिरिङ भोटीयाले बताए । पर्याप्त होटल नहुँदा आएका सबै पर्यटकलाई बास बसाउन र ख्वाउन समस्या भएको उनको भनाइ छ । हिमपातले गर्दा धनुकटाको महालक्ष्मी नगरपालिका, छथर जोरपाटी गाउँपालिका, तेह्रथुमको लालीगुराँस नगरपालिका, छथर गाउँपालिका, संखुवासभाको धर्मदेवी नगरपालिका, मादी नगरपालिका आदि स्थानमा आन्तरिक तथा बाह्य पर्यटकको संख्यामा भारी वृद्धि भएको हो ।













# आइइसीको रेड शो


गत आइतबार चण्डोलस्थित कुन्डलिनी क्लब पृथक डिजाइनका राता पहिरनले दुलहीजस्तै सजिएको थियो र अवसर थियो– आइइसी ट्रेनिङ इन्स्टिच्युट तथा आइइसी आर्ट अफ फेशन कलेजले प्रत्येक वर्ष आयोजना गर्ने रेड फेसन शोको । रेड शोमा यो बर्ष पनि विद्यार्थी, मोडल, फेसन डिजाइनरहरूको प्रस्तुति पृथक् रह्यो । फेसन शोमा स्कुल र कलेजका गरी २ सय ८८ जना फेसन डिजाइनर तथा ९३ जना इन्टेरियर डिजाइनरले फरक थिमका राता पहिरनमा प्रस्तुति दिएका थिए । विभिन्न समूहमा दिइएको प्रस्तुतिका आधारमा उत्कृष्ट चार विधाका विजेताका साथै अपकमिङ डिजाइनर छनौट गरिएको थियो ।

लक्ष्मी भण्डारी थापा

तस्बिर : नवराज वाग्ले












# मेगा हेयर शो हेयर एन्ड बियोन्ड

प्रिमियम हेयर प्रोडक्ट ब्रान्ड स्ट्रिक्स प्रोफेसनलले नेपालमा पहिलो पटक मेगा हेयर शो 'हेयर एन्ड बियोन्ड' सम्पन्न गरेको छ । सोल्टी होटलमा आयोजित कार्यक्रममा सहभागीहरूलाई स्ट्रिक्स प्रोफेसनलका टेक्निकल हेड जावेद हबिब तथा एग्नस चेनले हेयर कटिङ, कलरिङ एवं स्टाइलिङका बारेमा जानकारी दिएका थिए । उक्त अवसरमा हेयर शोका सेलिब्रेटी जावेद तथा एग्नसले स्ट्रिक्स प्रोफेसनलको नयाँ कलेक्सन 'मेरिगोल्ड' का साथ विभिन्न प्रयोगात्मक परीक्षण गरी दर्शकहरूलाई उत्साहित बनाएका थिए । स्ट्रिक्स प्रोफेसनलको स्प्रिङ समर कलेक्सनका रूपमा प्रस्तुत मेरिगोल्डमा हेयर स्टाइलिङका लागि चाहिने आकर्षक चमक र सुन्दरता उपलब्ध छ । गोल्डेन, कपर र ब्लोन्डका सेडहरूमा उपलब्ध मेरिगोल्ड कलेक्सनले विवाह तथा पार्टीका लागि गरिने केशसज्जामा थप निखार ल्याउने बताइएको छ । मेगा हेयर शोका अवसरमा स्ट्रिक्स प्रोफेसनलले नेपाली बजारमा केश स्ट्रेट गर्न क्यान्भो लीन किट समेत उपलब्ध गराएको छ । उक्त अवसरमा केश स्ट्रेट गर्नुका साथै केशलाई मुलायम र चम्किलो बनाउने उच्चस्तरीय स्ट्रेटनिङ सोलुसन समेत लन्च गरिएको थियो भने स्ट्रिक्स प्रोफेसनलका लागि नेपालका सुपर मोडल आस्था पोखरेल र अमित रञ्जनका साथै भारतीय मोडलहरूले र्‍याम्प वाक गरेका थिए । उक्त अवसरमा दर्जनौं महिलाको केश र त्यसका समस्याहरूलाई मध्यनजर गर्दै हेयर लुक्ससमेत लञ्च गरिएको थियो जसमा व्यक्तित्व तथा केशको प्रकृति हेरेर हेयर एक्सपर्ट जावेद हबिबले उनीहरूको लुक्समा परिवर्तन गरेका थिए । उक्त मेगा हेयर शोमा २ सयभन्दा बढी ब्युटी तथा हेयर एक्सपर्टहरू सहभागी रहे ।

सिर्जना दुवाल श्रेष्ठ

तस्बिर : नवराज वाग्ले




# अमेरिका नै फर्कनुपर्छ...

पृष्ठ ५ बाट

मिस नेपाल युनिभर्सका रूपमा नेपालमा रहेर मैले जे-जे गर्नु पर्ने हो, ती सबै काम गर्नेछु । मलाई समाजसेवा खासगरी स्वयंसेवकका रूपमा काम गर्न असाध्यै रुचि छ, अबको बाँकी समय ती कामहरू सम्पन्न गर्नेछु । यसबाहेक मिस नेपालको आयोजक संस्था हिडन ट्रेजरमार्फत गर्नु पर्ने सम्पूर्ण कामहरू गर्नेछु ।

**अर्थात तपाईं अर्को वर्ष अमेरिका फर्कनुहुन्छ ?**

कुनै न कुनै दिन अमेरिका त फर्कनैपर्छ, किनभने मैले त्यहाँ गएर आफ्नो अध्ययन पूरा गर्नु छ । मैले भरखरै पब्लिक हेल्थमा स्नातक गरेकी छु, त्योभन्दा माथिको उच्च शिक्षा लिन बाँकी नै छ । मलाई धेरै पढेर वकिल बन्नु छ, त्यसका लागि पनि मैले अमेरिका फर्कनैपर्छ । यद्यपि यसबीचमा नेपालमै राम्रो अवसर पाएँ भने मेरो अमेरिका फर्कने मिति पछाडि धकेलिन सक्छ ।

**कस्ता अवसरले तपाईंलाई नेपालमै रोक्ला ?**

कतिपय अवसर त मैले अहिले नै पाइसकेकी छु । व्यवस्थापनदेखि समाजसेवासम्मका अवसरहरूले मलाई पछ्याउन थालिसकेका छन् । एनआरएनले गोरखाको पुनर्निर्माणमा मेरो साथ र सहयोग खोजिरहेको छ । म जहिलेसम्म नेपालमा छु, तबसम्म कुनै न कुनै रूपमा समाजकै लागि केही न केही गरिरहेकी हुन्छु । यसबाहेक मेरो करियर बन्ने राम्रा अवसरहरू नेपालमै सिर्जना भए भने म अमेरिका नै फर्कनु पर्छ भन्ने केही छैन ।

**ग्ल्यामरको क्षेत्रमा आइसक्नुभएको छ, चलचित्रबाट प्रस्ताव आयो भने काम गर्ने कि नगर्ने ?**

माफ गर्नु होला, म आफूलाई ग्ल्यामरको क्षेत्रमा आएकी छु भन्न रुचाउँदिनँ । म निकै साधारण युवतीका रुपमा रहन चाहन्छु । मलाई यो ग्ल्याम वर्ल्ड नै मन पर्दैन । यद्यपि चलचित्र भनेको बेग्लै करियर हो । मलाई चलचित्रमा रुचि नभएको होइन, असाध्यै रुचि छ, तर म चलचित्रमा अभिनय गरेर जीवन निर्वाह गर्न सक्छु जस्तो लाग्दैन । यद्यपि, कसैले चलचित्रका लागि प्रस्ताव राख्छ भने ठाडै नाइँ चाहिँ भन्दिनँ । किनभने चलचित्र पनि राम्रो अवसर भएको क्षेत्र हो ।

**हलिउडकै बारेमा सोच्नु भएको छ कि ?**

वाउ...त्यहाँका बारेमा त सपनामात्र देख्ने हो । हलिउडकै चलचित्र पाएँ भने त्यो भन्दा सुन्दर कुरा अरू केही हुने छैन ।

**आफूलाई कत्तिको सुन्दर मान्नु हुन्छ ?**

अहँ, म पटक्कै सुन्दर छैन । मेरो व्यक्तित्व राम्रो होला, म मनैदेखि सुन्दर हुँला, तर म तपाईंले भनेजस्ती सुन्दर भने छैन ।

**मिस नेपालको सहभागिताले जीवन परिवर्तन गरेको अनुभव गर्नुभएको छ ?**

अघिल्लो वर्ष हजुर आमालाई भेट्न अनि घुम्ने हिसाबले नेपाल आएका बेला यहाँ मिस नेपालको अडिसन चलिरहेको थियो । एकपटक प्रयास गरौं न भनेर त्यसमा फारम भरेकी थिएँ, भाग्यले आजको दिनसम्म ल्यायो । त्यो हिबासले हेर्ने हो भने मिस नेपालले मेरो जीवनमा परिवर्तन ल्याएकै हो । यद्यपि मिस नेपालमा नआएको भए पनि म नेपाल आएर सामाजिक काममा सक्रिय हुन्थे ।

**मिस नेपालको सफलतालाई आफ्नो टर्निङ प्वाइन्ट मान्नु हुन्छ ?**

टर्निङ प्वाइन्ट नै चाहिं मान्दिन तर स्टेपिङ स्टोनचाहिं पक्कै हो । यो सफलता मेरो जीवन तथा करियरमा एउटा राम्रो खुड्किलोका रूपमा रहनेछ ।

**मिस युनिभर्सको कुन कुरा मिस हुन्छ ?**

मिस युनिभर्समा विजेता बन्न नसकेको कुरा नै सबैभन्दा बढी मिस हुन्छ, तर केही छैन, उपाधि नै नजिते पनि नेपालको नाम उच्च पारेर फर्किएको कुरामा भने मलाई गर्व नै लाग्छ ।

**मिस नेपाल वर्ल्ड श्रृंखला खतिवडाको तुलनामा तपाईंको चर्चा कम भएको महसुस गरियो, किन होला ?**

मैले पनि यो कुरा महसुस गरेकी छु । मिस वर्ल्डको तुलनामा मिस युनिभर्सले कम चर्चा पाएकै हो । सञ्चारमाध्यमले पनि मिस युनिभर्सलाई जति स्थान दिनु पर्ने हो, त्यति दिएको पाइन । मिस वर्ल्ड नेपाल (श्रृंखला खतिवडा) ले मिडिया र दर्शकबाट पाएको जस्तै साथ र समर्थन म लगायत अन्य मिस नेपालका विजेताहरूले पाउन सकेनौं ।

**त्यति हुँदा पनि तपाईंले पाएको उपलब्धिप्रति कत्तिको गर्व गर्नुहुन्छ ?**

यो उपलब्धिलाई त मैले मिस युनिभर्सको उपाधि जिते जस्तै महसुस गरेकी छु, किनभने दोस्रो पटककै प्रयासमा उत्कृष्ट १० भित्र पर्नु चानचुने कुरा होइन भन्ने कुरा अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले नै उल्लेख गरिसकेका छन् । यो हामी सबै नेपालीले गर्व गर्नुपर्ने विषय हो । किनभने हाम्रो देश नेपाल निकै सानो छ । हामीसंग पर्याप्त स्रोत-साधन छैनन् । यति हुँदा-हुँदै पनि मैले विश्वका उत्कृष्ट भनिएका देशहरूलाई पछि पार्दै नेपाललाई अग्रस्थानसम्म पुऱ्याउन सफलता प्राप्त गरे । मेरो यो सफलताले आगामी वर्ष मिस युनिभर्समा जाने नेपाली चेलीलाई अझ बढी सहज बनाउनेछ । नेपाली जनता, सञ्चारमाध्यम तथा सरकारको सहयोग तथा साथ भयो भने हाम्रै चेलीले मिस युनिभर्सको उपाधि जित्ने दिन टाढा हुने छैन ।

**मिस युनिभर्सको अक्सनमा तपाईं निकै प्रभावकारी देखिनुभयो नि ?**

त्यसका लागि पनि मैले प्रसस्त मेहनत गरेकी थिएँ, दुःख गरेकी थिएँ । ग्रान्ड फिनालेभन्दा केही दिनअघिको अक्सनमा मैले संकलन गरेको रकम निकै धेरै थियो । मैले लगेका सामग्रीहरू सर्वाधिक मूल्यमा बिक्री भएका थिए । यो पनि हाम्रो सफलताकै उदाहरण हो ।

**पहिलो पटक अमेरिका जाँदा कति वर्षकी हुनुहुन्थ्यो ?**

१५ वर्षअघि पहिलो पटक अमेरिका जाँदा म करिब ८ वर्षकी थिएँ । म बुवा-आमासँगै अमेरिका पुगेकी थिएँ ।

**अमेरिकी जीवन कस्तो छ ?**

रमाइलो नहुने त कुरै छैन । त्यो देशमा अवसर मात्र होइन, स्वतन्त्रता पनि छ । म लगायत अमेरिकामा बसोबास गर्ने हरेकले स्वतन्त्रता महसुस गर्न पाउँछन् । अध्ययन र करियरलाई सँगसँगै अघि बढाउन सकिन्छ । मैले पनि त्यही गरिरहेकी थिएँ ।

**मिस नेपाल–२०१८ को सहभागिता अचानक थियो कि योजनाबद्ध ?**

शत प्रतिशत अचानक थियो । अमेरिकाबाट भारत हुँदै काठमाडौं आउने दिनसम्म पनि मैले मिस नेपालमा भाग लिन्छु भन्ने कल्पना गरेकी थिइनँ । अघिल्लो वर्षको फेब्रुअरी महिनामा काठमाडौं आइपुग्दा मिस नेपालको अडिसनको सूचना सार्वजनिक भएको रहेछ । मैले रहरै-रहरमा आवेदन दिएँ । छनोट हुन्छु कि हुन्न भन्दै अडिसन दिएँ, दुई दिनपछि आफू छनोट भएको खबर पाउँदा खुसीको सिमा रहेन ।

**त्यति बेला कुन उद्देश्यले नेपाल आउनुभएको थियो ?**

मैले पब्लिक हेल्थमा स्नातक तहको अध्ययन पूरा गरेपछि एक वर्षको 'ग्याप इयर' लिएर विश्व भ्रमण गर्ने योजना बनाएकी थिएँ । त्यसका लागि साथीहरूसहित भारतको हैदरावाद अवतरण गरें । भारतसम्म आइसकेपछि आफ्नो देश नेपाल नआउने कुरै थिएन । अमेरिकामै बसेर नेपालमा मैले एउटा सामाजिक काम गरिरहेकाले त्यसलाई नजिकबाट नियालौं भनेर पनि म नेपाल आएकी थिएँ । म अध्ययरत कलेजका विद्यार्थीहरू मिलेर एउटा सामाजिक अभियान सञ्चालन गरिरहेका छौं । त्यसबाट संकलित रकमले पश्चिम नेपाल (विरेन्द्रनगर) का चार जना बालिकालाई केही वर्षदेखि छात्रवृत्तिमा अध्ययन गराइरहेका छौं । त्यसको नेतृत्व मैले नै गरेकी छु ।

**अन्त्यमा, नेपाललाई के भन्न चाहनुहुन्छ ?**

म मेरो देशलाई भित्री मनदेखि नै धन्यवाद भन्न चाहन्छु । नेपालकी छोरीका रूपमा विश्वमा आफ्नो देशलाई चिनाउने मौका प्रदान गरेकोमा पनि म आफ्नो देशलाई धन्यवाद भन्न चाहन्छु । भविष्यमा म जहाँ पुगे पनि नेपाली छोरी नै भएर चिनिन र बाँच्न चाहन्छु ।

अपराध

# सुन्दरी भेषको जालो

## बोल्ड र स्मार्ट लुकमा यसरी फसाउँछन् लेडी पकेटमार



मोडलिङमा आधारित तस्बिर नवराज वाग्ले

२० वर्षीया रोशा सिन्धुपाल्चोककी हुन्। सामान्य परिवारकी रोशा १० कक्षाको पढाइ छाडेर काठमाडौं आएकी हुन्। बाहिरी आवरण हेर्दा उनी बोल्ड अनि स्मार्ट देखिन्छिन्। कलर गरिएको केश, वेल ड्रेस सेन्स, स्ट्यान्डर्ड र वेल एजुकेटेडजस्तो देखिने लुकमाथि नम्र र मीठो बोली विशेष हुने नै भयो। झट्ट हेर्दा रोशाको जेस्चरले जोसुकैलाई फिदा बनाइदिन सक्छ। त्यही स्मार्टनेस र ब्युटिनेसलाई नै उनले पिक पकेटिङका लागि प्रयोग गर्ने गतिलो अस्त्र बनाउने गरेकी थिइन्। रोशासँगै पाकेटमारीमा संलग्न उनका सबै साथी उस्तै सुन्दर र प्रभावशाली जेस्चरका छन्। महानगरीय प्रहरी परिसर, काठमाडौंको पाकेटमार नियन्त्रण अभियानका क्रममा पक्राउ परेका रोशासहित चाहे ती पर्वतकी बिना हुन् वा गोर्खाकी रविना वा काभ्रेकी प्रतिमा नै किन नहुन्, सबै उस्तै स्मार्ट र आकर्षक छन्। झन्डै २०-२१ वर्ष उमेर समूहका उनीहरू पढाइका हिसाबले भने ९-१० कक्षासम्म मात्र पढेका छन्। यद्यपि यी चारै जनाको सुन्दरता अनुपम छ। त्यही सुन्दरताको आडमा उनीहरू 'पिक पकेटिङ' गर्छन्। यी लेडी पकेटमारहरूमध्ये केही दिउँसो पकेटमारी गर्छन् भने राति डान्सबारको काममा खटिन्छन्।

एक वर्षदेखि पकेटमारीमा संलग्न उनीहरूले 'बाध्यतावश' यो कार्यमा लागेको बयान प्रहरीलाई दिएका छन्। 'अरू काम पाइएन, बाध्यता पनि छ,' रोशाले प्रहरीसँगको बयानमा भनेकी छिन्, 'पकेटमारी र चोरीमा राम्रो आम्दानी पनि छ भने कामसमेत सजिलो छ।' उनीहरू सार्वजनिक सवारीमा गाठिस्टहरू पत्ता लगाउँछन्। पैसा भएको केटा पत्ता लगाएपछि चपक्कै टाँस्सिएर सँगै बस्छन्, आफ्नो शारीरिक सुन्दरता र हाउभाउमा केटालाई मुग्ध तुल्याउँछन्। जब केटो मुग्ध भएर लट्ठिन्छ, त्यसपछि पकेट मार्छन् र टाप कस्छन्। लेडी पकेटमारहरू केटा मात्र होइन, ठेलमठेलको फाइदा उठाउँदै महिलाहरूको समेत पकेट मार्न भ्याउछन्।

'पकेटमारीमा राजधानीमा क्रियाशील ग्याङमध्ये एउटा ग्याङमा ४ देखि ६ जना सुन्दर युवती छन्,' महानगरीय प्रहरी परिसर, काठमाडौंका प्रवक्ता होविन्द्र बोगटी भन्छन्, 'ब्युटिपार्लर गएर केश रंगाउने, वेल ड्रेस, स्ट्याण्डर्ड र राम्रो पढेलेखेका देखिने उनीहरूलाई पकेटमार भनेर पत्याउनै मुस्किल पर्छ।' प्रवक्ता बोगटीका अनुसार पकेटमारीमा संलग्न युवतीहरू लामो समयदेखि काठमाडौं नै बसिरहेका देखिन्छन्। 'कतिपय विवाहित पनि छन्, उनीहरू आफ्ना श्रीमान्सँगै बस्छन्। कतिपय श्रीमान्सँग छुट्टै बसेका पनि छन्,' बोगटीका अनुसार कतिपय भने अविवाहित पनि छन्।

उनीहरूले बिहान र दिउँसो पकेटमारी गर्ने प्रहरी अनुसन्धानबाट देखिएको छ। सार्वजनिक यातायातहरू बढी व्यस्त र भीडभाड हुने समय बिहान ८ देखि ११ र साँझ ४ देखि ७ बजेसम्म पकेटमारहरू बढी सक्रिय हुन्छन्। उनीहरू काठमाडौंका चाबहिल, महाराजगन्ज, रत्नपार्क, नयाँ बसपार्क, एयरपोर्टजस्ता व्यस्त एरियामा सक्रिय देखिन्छन्। 'हस्पिटल पर्ने एरियाहरूमा उनीहरू बढी क्रियाशील भएको पाइन्छ। उपचारका लागि मानिसहरू क्यास नै बोकेर जाने भएकाले टिचिङ, वीर आदि हस्पिटल पर्ने रुटमा पनि उनीहरू सक्रिय पाइन्छन्,' बोगटी भन्छन्, 'ठेलमठेल र भीडभाड हुने भएकाले अलि व्यस्त रहने ठाउँमा उनीहरूले आफ्ना गतिविधि केन्द्रित गरेको पाइन्छ।'

पकेटमारीबाट दैनिक १० हजारदेखि डेढ लाखसम्म हात पारेको देखिन्छ।



### पाकेटमारहरूको कोड भाषा

पैसा– द
मोबाइल– कान
पकेटमारबाट पीडित– रामे
पकेटमारी गर्ने (मास्टर)– काशी
पैसा धेरै छ– टाउको द
पैसा थोरै छ– जुटको द
गाडी– काँचा
केटा– छापा
केटी– भद्री
पुलिस आयो– ठूल्दाइ आयो
ड्राइभर– माम
खलासी– मले
गाडीबाट झरेर भाग– टप्की
गाडीभित्र अगाडि सर– अकल जा
गाडीभित्र पछाडि सर– चिछल जा

एउटै व्यक्तिबाट १ लाखभन्दा बढी पकेटमारी भएको पनि घटनाक्रमले देखाएको छ। हालै मात्र पकेटमारहरूले दाङका घनिमान रोक्काको १ लाख ९ हजार रुपैयाँ पकेट मारेका थिए भने धनगढीका सुरेन्द्रबहादुर सिंहबाट पकेटमारहरूको समूहले ७५ हजार नगद लुटेको थियो। त्यतिमात्र होइन, एटीएमको पिन पनि सँगै भएकाले थप ३५ हजार उनको एटीएमबाट समेत चोरी गरेको प्रहरीको भनाइ छ। यसबाहेक महँगो मोबाइल पनि पकेटमारहरूको निशानामा पर्ने गरेको छ।

काठमाडौंमा पकेटमारीमा झन्डै १० भन्दा बढी ग्याङ सक्रिय रहेको प्रहरीको अनुमान छ। प्रहरीका अनुसार एउटा समूहमा चार-पाँच जना लेडी पकेटमार संलग्न छन्। यस हिसाबले अनुमानित तथ्यांक निकाल्ने हो भने काठमाडौंमा ५०-६० जना महिला पकेटमार सक्रिय रहेको देखिन्छ। पकेटमारहरू आफूले पकेटमारी तथा चोरी गर्ने एरियामा बस्दैनन्। उनीहरूले मानिसहरूमाझ आफ्नो आपराधिक छवि बाहिर नआओस् भनेर यस्तो चलाखी अपनाएको पाइन्छ। व्यस्त ठाउँमा पकेटमारी तथा चोरीमा संलग्न हुने उनीहरू ललितपुर, भक्तपुर तथा काठमाडौंका बाहिरी इलाकाहरूमा बस्छन्।

लेडी पकेटमारहरूको छुट्टै ग्याङ भएको तथ्य अहिलेसम्म प्रहरीले फेला पारेको छैन्। उनीहरू पुरुषहरूसँगको संयुक्त ग्याङमै पाकेट मार्छन्। रोशासहित बिना, रविना र प्रतिमाको पकेटमार ग्याङको नेतृत्व काभ्रेका जंगे भनिने समबहादुर तामाङले गर्दै आएका छन्। जंगे विगत १० वर्षदेखि काठमाडौंमा पकेटमारीमा संलग्न व्यक्ति हुन्। उनले नै यी युवतीहरूलाई आफ्नो ग्याङमा राखेर पकेटमार बनाएका हुन्। पकेटमारीबाट आएको रकम उनीहरू दामासाहीले बाँड्छन्।

### ८३ जना पाकेटमार प्रहरी फन्दामा

सार्वजनिक यातायातमा चोरी तथा पाकेटमारीका घटना बढेपछि गएको मसिर १५ गतेदेखि महानगरीय प्रहरी परिसर, काठमाडौंले पाकेटमार नियन्त्रण अभियान चलायो, जसमा ५० जना सादा पोसाकका प्रहरी परिचालन गरिएको थियो। यातायात व्यवसायीहरूसँगको सहकार्यमा चलाइएको उक्त अभियानका क्रममा ४ पुससम्म ८३ जना प्रहरी फन्दामा परिसकेका छन्। प्रहरीका अनुसार पकेट तथा झोलामा रहेका नगद, मोबाइल, गरगहना चोर्दाचोर्दै ८३ जना पकेटमार पक्राउ परेका हुन्।

पाकेटमारहरू सार्वजनिक बसहरूमा विभिन्न बस स्टेसनबाट दुई-दुई जना बनाई बसभित्र प्रवेश गर्छन्। ६ जनासम्म समूह भित्र छिरिसकेपछि पैसा भएका यात्रु पत्ता लगाउँछन्। त्यसपछि यात्रुलाई अगाडि-पछाडिबाट घेराबन्दीमा पारी ठेलमठेलको अवस्थामा सिर्जना गर्ने र त्यही मौका छोपी मोबाइल, नगद र गरगहना पकेट मारिसकेपछि पालैपाले ओर्लने प्रहरीले जनाएको छ।

### कानुनमा के छ ?

पहिलो पटक पकेट मार्नेलाई कानुनतः १ महिना जेल तथा बिगो बराबरको जरिवाना हुने व्यवस्था छ। दोस्रो पटक दुई महिना कैद तथा बिगोबमोजिमको जरिवाना अथवा जरिवाना र कैद दुवै हुनसक्छ।

# यो साताको राशिफल



रामप्रसाद सिटौला
(फलित ज्योतिष)

**यो साता**

पुस २२ गते
तोल ल्होसार

## मेष

आफ्नो योजनालाई परिणाममुखी बनाउन कठोर परिश्रम गर्नुपर्नेछ। आकस्मिक यात्रा गर्दा आर्थिक लाभसमेत हुने सम्भावना छ। राज्यस्तरबाट महत्वपूर्ण अवसर प्राप्त हुन सक्छ। रातो रंगको प्रयोगबाट उचित लाभ लिन सकिनेछ। सप्ताहन्तमा विदेशी पाहुनाहरूसँग भेटघाट होला।

## वृष

सरोकार नभएको विषयमा चासो नराख्नु नै बेस हुन्छ। परिस्थितिअनुसार चल्न नसक्दा अवसर गुम्न सक्छ। सोमबारपछि स्थितिमा सुधार आउनुका साथै गुमेको स्थान प्राप्त हुन सक्छ। घरायसी व्यवहारको खिचलोबाट टाढा रहनु नै उचित होला।

## मिथुन

मान-सम्मान प्राप्त भै बाधाहरू स्वत: फुकुवा हुनेछन्। परिश्रमअनुरूप फल पाइनेछ। खर्च बढ्नाले मंगलबारपछि आर्थिक दबाब सिर्जना हुनेछ। प्रतियोगिताहरूमा आफ्नो भूमिका अग्रणी रहनेछ। साताको अन्त्यमा नाम, दाम तथा इनाम हात पर्न सक्छ।

## कर्कट

आकस्मिक लाभ हुन सक्छ। विशेष भेटघाटको फाइदा उठाउँदै प्रतिष्ठित काम प्रारम्भ गर्ने अवसर प्राप्त होला। आध्यात्मिक चिन्तन, योग तथा ध्यानले दुर्भावनाहरू समाप्त हुँदै भावी मार्ग पहिल्याउन सहज बनाउनेछ। साताको अन्त्यमा पश्चिमतर्फको यात्रा लाभदायक देखिन्छ।

## सिंह

अवरोध खडा गर्नेहरू सक्रिय रहे पनि हिम्मतका साथ काममा जुट्नुहोला। प्रतिस्पर्धीहरूलाई उछिन्दै विशेष उपलब्धि हात पार्ने समय छ। अभिभावकहरूसँग सामान्य खटपट हुनेछ भने आफ्ना कमजोरीप्रति उनीहरूको गुनासो बढ्न सक्छ। साताको अन्त्यमा राम्रै आम्दानी हुने योग छ।

## कन्या

स-साना त्रुटि औल्याउँदैमा मित्रहरू टाढिन सक्ने सम्भावना छ। योग, ध्यान तथा भ्रमण गर्न सके तनाव कम होला। मनोरञ्जन तथा भोजभतेरमा विदेशी पहुनासँग भेटघाट हुने सम्भावना छ। राति सवारी साधन चलाउँदा संयमित रहनुहोला।

## तुला

जीवनशैलीमा परिवर्तन ल्याउन हितैषीहरूले दिएको सुझाव अवलम्बन गर्न सकिन्छ। शुभचिन्तकहरूले विविध क्षेत्रमा सहकार्य गर्ने प्रस्ताव राख्नेछन्। अन्य मुलुकमा समेत लगानी गरी आम्दानीको मार्ग पहिल्याउन साथीहरूबीच मन मिल्नेछ। साताको अन्त्यमा मन पर्ने साथी फेला पर्न सक्छन्।

## वृश्चिक

राति अबेरसम्मको कार्यले स्वास्थ्यमा गडबडी देखा पर्न सक्छ। योजनाहरू आंशिक रूपमा पूरा हुनेछन्। प्रेमी-प्रेमिकाको सहयोगमा महत्वपूर्ण कार्य सम्पन्न गर्न सकिनेछ। वैदेशिक कार्यमा सफलता हात पर्नेछ। सूर्यको आराधनाले प्राय: समस्या निराकरण हुनेछन्।

## धनु

परिस्थितिलाई बेवास्ता गर्नाले व्यवहारिक झमेला आइलाग्न सक्छ। झन्झटिला कार्यको बोझ आइलाग्दा सचेत भै त्यसलाई सम्पन्न गर्नुपर्नेछ। मित्रको सल्लाहबाट विदेशमा अध्ययनको अवसर जुर्न सक्छ, विलम्ब नगर्नुहोला। कालो रंगको सवारी साधन नचलाउनु नै उचित हुन्छ।

## मकर

आफूसँग भएको क्षमता प्रर्दशन गरी सफलता प्राप्त गरिनेछ। उपल्लो दर्जाका विशेष व्यक्तिले दिएका सुझावले अधुरा कार्य पूर्ण गर्न सहयोग पुऱ्याउनेछ। असहज परिस्थतिबाट उम्कन सोचेभन्दा बढी खर्च गर्नुपर्नेछ। परोपकारमा मन जानेछ।

## कुम्भ

रोजगारीका नयाँ क्षेत्र पहिचान गरी लाभ लिन सकिनेछ। मित्रहरूको सहयोगबाट हौसला प्राप्त हुनेछ। सामाजिक क्षेत्रका लगानीले विदेश भ्रमणको अवसर जुटाउला। प्रलोभन देखाउनेहरूबाट टाढै रहँदै प्रतिष्ठा जोगाउनुहोला। साताको अन्त्यमा स्वास्थ्यको हेक्का राख्नुपर्नेछ।

## मीन

सम्पन्न हुन लागेको काम अवरुद्ध हुन सक्छ। मन मिल्ने साथीले वचन फेर्दा मनमा चोट पुग्न सक्छ। मझौला तथा साना दुवै खाले लगानीबाट आर्थिक लाभ हुनेछ। आफ्नो कमजोरीको फाइदा उठाउनेहरू सल्बलाउन सक्छन्, ध्यान पुऱ्याउनुहोला।

**अब हाम्रो पालो**

# विदेशमा नेपालको कुन कुरा मिस हुन्छ ?

म मेरो देश नेपाललाई मात्र मिस गर्छु।

**मनिष श्रेष्ठ**

आफ्नो घर-परिवार।

**धन थापा**

म भात सम्झन्छु।

**सफलता नेपाल**

नेपालको प्रत्येक कार्यालयमा दिनुपर्ने घूसदेखि लिएर बाटो हिंड्दा जति धूलो-धूवाँ खाइन्छ, सबै मिस गर्छु म।

**सुजन ढकाल**

बूढीको दबाब, अमाको गुनासो, बाउको प्रश्न, दाइको भ्रम अनि बहिनीको डिमान्ड।

**रमेश रिभ**

घरपरिवार, इष्टमित्र, साथीभाइ अनि भन्ज्याङ-चौतारीको खुब सम्झना आउँछ।

**राजकुमार**

धूवाँ-धूलो, बेथिति, लापरवाही आदि।

**निराकर**

परिवार अनि मन नजिकको मान्छे, अत्यन्तै मिस हुन्छन्।

**रविन**



फाइल स्केच

आमाको हातले पकाएको खाना र सँगै खेलेर हुर्किएका साथीभाइ।

**कुमार बूढाथोकी**

आमालाई दङ्याउँदै खाएको खुव सम्झना आउँछ।

**नारायण**

मेरो घर-परिवार र त्योभन्दा पनि जन्म दिने आमा।

**आर पाण्डे**

जन्मभूमि, खाना अनि वातावरण।

**उमेश अविरल**

दालभात-तरकारी।

**काजी लामिछाने**

यता साप्ताहिक पढ्न पाइँदैन, खुब मिस हुन्छ।

**प्रतीक्षा**

नेपालका भ्रष्ट नेता तथा कर्मचारीहरू मिस हुन्छन्।

**कृष्ण अर्याल**

देशको राजनीति। कहिले होला हामी बसेको देश जस्तै भन्ने लाग्छ।

**लालु**

घर परिवार, आफन्त, साथीभाइ, खानपिन, चाड पर्वहरूका साथै विदेश बसाइमा त्यो देशमा देखेको, भोगेको राजनैतिक प्रणाली र अन्य कुरा नियममा चलेको देखेर मेरो देशमा पनि यस्तै भैदिए हुन्थ्यो भन्ने लाग्छ।

**खगराज कड्ेल**

नेपालको हावा पानी,

> यो स्तम्भमा हामीले राखेका प्रश्नको ३० शब्दमा नबढाई उत्तर पठाउनुपर्नेछ। उत्तर चिठ्ठी वा एसएमएस मार्फत पठाउन सकिनेछ।
>
> १. आफ्नो गलफ्रेन्ड र व्वाईफ्रेन्डलाई अहिलेसम्म भन्न नपाएको कुरा के हो ?

खोलानाला, हिमाल, सुन्दर गाउँ, अस्तव्यस्त सहर अनि साँघुरा बाटा र काठमाडौंको जाम।

**ट्वीट्स**

आमाबाबा, परिवारजन अनि देश।

**सुरज**

देशको दशा, फटाहा नेताहरूले देश लुटेर खाएका रै'छन् भन्ने थाहा हुन्छ विदेश देखेपछि।

**दीप**

सबैभन्दा बढी मिस त मेरी बूढी कसैसँग त छैन अनि बा आमाले मेरो पैसा उडाएका त छैनन् भन्ने हुन्छ।

**आशिष खनाल**

काठमाडौंका गल्लीहरूका होटलका हरिया पर्दा।

**प्रशुनिश**

त्यो हिमाल, त्यो पहाड, त्यो छहरा, त्यो सम्म परेको तराईको फाँट अनि मनै लोभ्याउने हिमतालहरू।

**विवेक**

मलाई त म:म, चाउमिन अनि बियरको सम्झना आउँछ।

**सुजन**

धान रोप्ने बेलामा हिलोमा धान रोपेको, हलो जोतेको सँगै १५-२० जना दिदी-बहिनीसँग रमाइलो गरेको कुरा धेरै मिस गर्छु।

**आलोक भावुक**

कोदाको ढिँडो।

**जीवन क्षेत्री**

आमाको माया अनि बुबाको स्वाभिमान, बस जिउने आधार यही बनेको छ परदेशमा।

**सन्तोष शर्मा**

केटाकेटी छँदासँगै हुर्के बढेकी छिमेकीकी छोरी।

**अर्जुन केसी**

कोदाको झोल।

**मोहन पल**

केपी ओलीको कमेडी भाषण मिस हुन्छ।

**दीप**

लुडो खेलेको खुब याद आउँछ।

**मिलन साप्कोटा**

तोङ्गवा र सुकुटी।

**नयाँ युग**


**नेल आर्ट र ब्यूटीसियन ट्रेनिङ्गमा निशुल्क भर्ना**

CTEVT बाट मान्यता प्राप्त २४ बर्ष देखी नेपालकै एक मात्र अन्तर्राष्ट्रियस्तरको ब्युटीसियन कोर्षहरुमा प्रशिक्षण गराउने: Basic, Advance Diploma, Beautician Teacher's Training, Nail Art Technician, Mehandi, Skin, Hair Cutting, Makeup Special र अन्य विविध Short Special कोर्षहरुका सिमित सिटमा रोजगारीको अवसर सहित भर्ना खुल्यो।



* * * * * * * * * * * * * * * * * * * * *

**नोट:** यू. के., अमेरीका, अष्ट्रेलीया, यूरोप तथा अन्य देशहरुमा स्टुडेण्ट तथा अन्य भिषामा जानेहरुका लागि विशेष कोर्ष धमाधम संचालन भईरहेका छन्।

**ITC प्रशिक्षण केन्द्र : डिल्लीबजार हुलाक अगाडी ४४१३९५८,** ठमेल: ४२१५६२८, लगनखेल बसपार्क: ९८६४२५८१८८, चावहिलचोक: ४४९३३६१, नयाँबानेश्वर: ९८६४२५८१७६, कोटेश्वरचोक: ४६०००१५, कलंकीचोक: ५२३४४८९, गोंगबुचोक: ४०२००९९, बुटवल: ०७१-५४१४६९, नारायणगढ: ०५६-५७२१४४, पोखरा: ०६१-५२४९८१, बाग्लुङ्ग: ०६८-५२२७१०, इटहरी चोक: ०२५-५८७१७५, दाङ घोराही: ०८२-५६३६११, बिर्तामोड: ०२३-५४६५२९

## यौन जिज्ञासा र समाधान




डा. राजेन्द्र भद्रा

म १९ वर्षको भए । म १३ वर्षको हुँदा कुकुरसँग यौनसम्पर्क भएको थियो । दुई-तीन पटक लिङ्ग पसाउँदा वीर्य स्खलन होला जस्तो भएर बाहिर निकालेको थिएँ । त्यसको केही महिनापछि मेरो वीर्यमा ठोस पदार्थ (चामल जस्तो) देखियो । कुकुरसँग सम्पर्क हुँदा यस्तो हुन्छ र ? अनि यसबाट कुनै यौनरोग (SITI) सर्छ ? यौनरोग (STI) पिसाब जचाउँदा थाहा हुन्छ भनिन्छ, पिसाबमा यसको असर देखिन्छ ? असर परेको वा नपरेको कसरी थाहा पाउन सकिन्छ ?

३६६





### कुकुर सँगाको यौन सम्पर्क

यौन मानिसको एक अभिन्न कुरा हुँदाहुँदै पनि यो एकदम गोप्य कुरा पनि हो । यौनसम्बन्धी कतिपय क्रियाकलापको सन्दर्भमा समाजको आ-आफ्नै नियम एवं मूल्य-मान्यता हुन्छ । सामान्यतः मानिसहरूले त्यसकै परिधिभित्र रहेर व्यवहार गर्छन्, तर समाजका नियम वा मान्यताभन्दा फरक किसिमको व्यवहार गर्ने व्यक्ति पनि समाजमा नहुने होइनन् । यस्तो व्यवहारलाई अंग्रेजीमा प्याराफिलिया भनिन्छ । सजिलो भाषामा भन्ने हो भने सामान्य व्यक्तिलाई यौन उत्तेजना प्रदान नगर्ने वस्तु वा व्यवहारबाट यौन उत्तेजना प्राप्त गर्नु नै प्याराफिलिया हो । कोही आक्कलझुक्कल यस किसिमको यौन व्यवहारमा संलग्न हुन गयो भन्दैमा त्यसलाई प्याराफिलिया भनिँदैन । प्याराफिलियामा त्यस किसिमको क्रियाकलाप यौन आनन्द पाउने कुराको केन्द्र बिन्दुका रूपमा हुन्छ र उनीहरूले त्यस्तो क्रियाकलाप नियमित रूपमा गर्छन् वा गर्न एक किसिमको आन्तरिक बाध्यता महसुस गर्छन् ।

कुकुरसँगको यौनसम्पर्क पशुकरणी हो र पशुकरणी पनि एक किसिमको प्याराफिलिया नै हो । जनावर वा पशुसँग योनि वा गुदद्वारमा यौनसम्पर्क राख्नु नै पशुकरणी हो र यसलाई bestality भनिन्छ । त्यसैगरी Zoophilia भन्नाले यदि कसैले यौन उत्तेजनाका लागि पशुसँग गरिने यौनक्रियाकलाप वा यौन परिकल्पनालाई बारम्बार दोहोर्‍याउँछ वा यौन उत्तेजनाका लागि नभई नहुने कुरा बन्छ भने त्यस्तो परिस्थितिलाई जनाउँछ । पशुकरणी गर्दा बाख्रा, बिरालो, सुँगुर, कुकुर, गाईवस्तु वा गधा आदि जनावर प्रयोग गरिएको पाइन्छ । केहीले घरपालुवा चरा जस्तै कि कुखुरासँग समेत यस्तो व्यवहार गरेको पाइन्छ । यसमा मानिसहरूले आफूसँग उपलब्ध तथा शान्त स्वभावका जनावर नै प्रयोग गरेको देखिन्छ ।

### के कारणले हुन्छ ?

यो कुरा भन्न सजिलो भने छैन । यस किसिमको अनौठो व्यवहार किन हुन्छ भन्ने विषयमा अनेक सिद्धान्त छन् तर अन्तिम निर्क्यौल भने अझै हुन बाँकी नै छ जस्तो बुझिन्छ । धेरै व्यक्तिले यसलाई सामाजिक विकाससँग गाँसेका छन् र सम्बन्ध विकास गर्ने क्षमतामा कमी भएकाहरू यस्ता व्यवहारमा लाग्छन् भनिन्छ । संयोगवश आकस्मिक रूपमा कुनै परिस्थिति वा क्रियाकलापसँग यौनसुख गाँसिएको स्थितिमा कुनै व्यक्तिले त्यही कुरा बारम्बार दोहोर्‍याएर यौन सुख प्राप्त गर्न खोज्छ । यो त्यसैको परिणाम हो भन्नेहरू पनि छन् । केहीले यौन सम्पर्क राख्नै नपाउनु (sexual starvation), मानसिक रूपमै फरक किसिमको हुनु तथा यौन अतृप्ततालाई यसको प्रमुख कारण मानेका छन् । तपाईं विवाहित हुनु भएकाले यौन भोकमरीको स्थिति छैन । यौनरोग निको हुन्छ भन्ने अन्धविश्वासले पनि मानिसले पशुकरणी गरेका छन् । त्यसै गरी कतिपयले त मात्र जिज्ञासा (कस्तो हुँदो रहेछ हेरौं भनेर) वा आफ्नो यौनजीवनमा केही नौलोपन ल्याउन यसो गरेको समेत पाइएको छ ।

**सूचना**

तपाईंहरूको यौन र प्रजनन स्वास्थ्यसम्बन्धी कुनै समस्या छ भने हामीलाई saptahikhealth@kmg.com.np मा इमेल गर्नुहोस् । हामी सम्बन्धित डा. बाट समाधान दिनेछौं ।

### के यौनरोग लाग्ला ?

हुन त कुकुर तथा अन्य जनावरमा पनि उनीहरूकै यौनरोग हुन्छ, तर मानिसमा लाग्ने यौनरोग विशेषतः मानव-मानव बीच सर्ने रोग हो र सामान्यतः जनावरमा भएका यौनरोग मानिसमा सर्दैन ।

यसको अर्थ यो होइन कि अन्य रोग भने लाग्दैन । तपाईंलाई थाहै होला, कतिपय रोग पशुबाट मानवमा सर्छ र त्यस्ता रोगलाई हामी zoonoses भन्छौं । केही रोग सामान्य सम्पर्कबाट पनि सर्छ भने केही जनावरको वीर्य, योनिरस, पिसाब, थुक, दिसा वा रगतको सम्पर्कबाट सर्छ । यसका केही उदाहरण brucellosis, Q fever, leptospirosis, toxocariasis हुन् । कहिलेकाहीं जनावरको वीर्यको सम्पर्कले कडा किसिमको एलर्जीसम्म हुनसक्छ ।

### असर परे/नपरेको कसरी थाहा पाउने ?

तपाईंमाथि असर परे/नपरेको कुरा थाहा पाउने उपाय परीक्षण नै हो । यसका लागि तपाईंले चर्म तथा यौनरोग विशेषज्ञबाट जँचाउनु उपयुक्त हुन्छ । तपाईंको यौन क्रियाकलापका साथै रोगको इतिहास, लक्षण तथा चिन्हहरू अनि अन्य परीक्षणका आधारमा के भएको छ भनेर निदान गरिन्छ । यसैक्रममा तपाईंलाई के भएको अनि असर परे/नपरेको थाहा पाउन सकिन्छ ।

रोगको इतिहास र लक्षणहरूका आधारमा के-कस्तो परीक्षण गर्नु उपयुक्त हुन्छ सोही अनुसार चिकित्सकले सल्लाह दिन्छन् । सिफिलिस, एचआईभी, हर्पिस, हेपाटाईटिसजस्ताका लागि रगतको परीक्षण उपयुक्त हुन्छ भने क्लामाईडिया वा गोनोरियाजस्ताका लागि पिसाबको परीक्षण गराउनुपर्छ । कुकुरसँगको यौन सम्पर्कबाट नै तपाईंको वीर्यमा परिवर्तन आएजस्तो लाग्दैन । एकपटक वीर्यको परीक्षण गराउनु भयो भने केही खराबी छ भने पक्कै थाहा पाउन सकिन्छ ।

अन्त्यमा, विचार गर्नुपर्ने अर्को कुरा के छ भने कुकुरसँगको आशक्तिले मानवसँगको प्रेमपूर्ण यौन क्रियाकलाप आदान प्रदान गर्न सक्ने क्षमतामा नकारात्मक असर पार्छ । नेपालको मुलुकी अपराध (संहिता) ऐन, २०७४ ले पशुकरणीलाई दण्डनीय अपराधका रूपमा उल्लेख गरेको छ । यो समाजमा अमान्य विषय भएकाले धेरैलाई थाहा भए तपाईंको सम्मानमा समेत नकारात्मक असर पर्न सक्छ । त्यसमाथि कसैले उजुरी गरिदिए यो एउटा ठूलै समस्या बन्न सक्छ ।

## डा. सुमनको सल्लाह



डा. सुमनराज ताम्राकार

# पशु करणी

मानिसको स्वभाव नयाँ तथा नौला कुराको परीक्षण एवं अनुभव गर्नु हो । असामान्य यौन क्रियाकलापलाई चिकित्सकीय भाषामा प्याराफिलिया भनिन्छ । प्याराफिलियाका क्रममा विशेषतः पुरुषले पशुसँग पनि करणी गरेको समाचार बेलाबखत चर्चामा आउँछ । प्याराफिलियाबाट आक्रान्त पुरुषले पटक-पटक यस्तो व्यवहार दोहोर्‍याइरहन्छ । यस्तै कार्यबाट यौन आनन्द प्राप्त गर्ने प्रयास गर्छ ।

पशु करणीका क्रममा प्रायः कुकुर, घोडा प्रयोग गरिए पनि त्यसका अतिरिक्त बाख्रा, बिरालो, सुँगुर, गाई, गधा आदि घर पालुवा जनावरलाई समेत प्रयोग गरिएको पाइन्छ । कतिपयले घरेलु पन्छी तथा विषविहीन सर्पलाई पनि यौनिक क्रियाकलापमा प्रयोग गरेको पाइन्छ । मानिसले जनावर (पशु) सँग गरिएको यौन व्यवहारलाई जुफिलिया, बेस्टियालिटी वा जु सेक्सुआलिटी पनि भनिन्छ । यस क्रममा पशुयोनिमा यौन सम्पर्कका अतिरिक्त योनिमुख मैथुन, जनावरको हस्तमैथुन गरिदिने आदि काम गरिन्छ । यौनिक दृष्टिले पशुलाई आलिंगन गर्ने, सँगै सुत्ने, ख्याल ठट्टा गर्नेहरूको संख्या अझ उल्लेख्य छ ।

जिज्ञासु स्वभाव, यौन अतृप्ति, यौनकार्यको अभाव तथा मानसिक विचलनका कारण मानिसले पशुकरणी गरेको पाइन्छ । यस्तो लत बस्नमा गोठाला जाने बानी, एकान्त वातावरण एवं व्यक्ति विशेषको यौनिक अनियन्त्रणले समेत सघाउ पुऱ्याउँछ । त्यसैले पनि गाउँले परिवेशमा यो समस्या तुलनात्मक रूपमा बढी पाइएको छ । पशु विशेष प्रतिको आत्मीयता, पीडा दिन चाहनेसम्मको घृणाले पनि मानिस पशुकरणीतर्फ प्रेरित भएको पाइन्छ ।

एक अध्ययन अनुसार करिब ५ देखि ७ प्रतिशत मानिसले यस्तो वैकल्पिक यौन व्यवहार गरेको देखिन्छ । यौनको मामिलामा संकुचित समाज तथा वास्तविकता उजागर गरि नहाल्ने नेपालमा यसको व्यापकता ठम्याउन गाह्रो छ । सामान्यतः लतभन्दा पनि नौलो अनुभवका लागि पशुसँग यौन सम्बन्ध राखिएको पाइन्छ ।

मनोरञ्जन तथा लतका हिसाबले पशुकरणी गरिसकेपछि भने कुनै रोग लाग्ला कि भन्ने चिन्ताले पिरोल्छ । जनावरबाट मानिसमा सर्ने कतिपय संक्रमण यस्ता यौन क्रियाकलापका दौरान सर्न सक्छन् । पशुसँगको यौनसम्पर्कबाहेक प्रत्यक्ष सम्पर्क वा लसपसबाट पनि कतिपय रोग सर्न सक्छ । वीर्य, योनिरस वा पिसाबबाट ब्रुसेलोसिस, क्यू फिभर, लेप्टोस्पाइरोसिसजस्ता रोग सर्न सक्छन् भने थुकको सम्पर्कले रेबिजजस्तो घातक रोग लाग्न सक्छ । त्यसैगरी दिसाबाट हाइडेटाइड, कोम्पाइलोब्याक्टर, जियारडिया, साल्मोनेल्ला, टोक्सोकारियासिस आदि संक्रामक रोग लाग्न सक्छ । एलर्जी हुने एवं छालाजन्य रोग लाग्ने सम्भावना पनि उत्तिकै हुन्छ ।

पशुसँगको करणीका क्रममा जनावरले चिथोर्ने, कोपर्ने लगायत चोट पुऱ्याउने काम हुन सक्छ, तर पनि जनावरभित्र मानिसमा जस्तो उपयुक्त वातावरण नहुने हुनाले एचआईभी सर्ने तथा गर्भ रहने समस्या भने हुँदैन । केही समय पछि विशेषतः यौन सम्पर्कको नियमित उपलब्धतापछि पशुकरणीको बानी छुट्छ । विवाहपश्चात् वा विपरित लिंगीसँगै यौनसम्पर्कको अवसर हुँदाहुँदै पनि कसैले पशुकरणीलाई निरन्तर दिन्छ भने त्यो मनोरोग हुनसक्छ । त्यसले दाम्पत्य जीवनमै खलल पुऱ्याउनुका साथै मानसिक तनाव सिर्जनासमेत गर्छ ।






# मनाङ फेरि च्याम्पियन

केही क्लब लिग फुटबलकै लागि बनेका हुन्छन् । लिग फुटबल कसरी खेल्नुपर्छ, यस्ता क्लबलाई राम्रोसँग थाहा हुन्छ र उनीहरू दोहोर्‍याए लिग उपाधि जितिरहेका हुन्छन् । नेपाली फुटबलको इतिहासमा यस्तै क्लब हो– मनाङ मर्स्याङ्दी । लिग फुटबलमा यो क्लबसँग जोडिएका कथाजस्तै लाग्ने धेरै घटना सुन्न पाइन्छ । यसमै एउटा अर्को कथा पनि जोडिएको छ, त्यो हो– फेरि एकपटक लिग च्याम्पियनका रूपमा मनाङको सानदार उदय । अन्तिम चरणका खेल बाँकी छँदै पछिल्लो साता यस वर्षको सहिद स्मारक लिग ए डिभिजनको टुंगो लागिसकेको छ ।

कुल १४ टिम सहभागी लिगको ११ औं चरण सकिँदा-नसकिँदै मनाङले लिगमाथि कब्जा जमायो, त्यो पनि कुनै खेल नगुमाई । यसमा बराबरी पनि छैन, पूरा ११ नै जित छ । यसले पनि देखाउँछ, यसपटकको लिगमा मनाङ-मर्स्याङ्दी क्लबको वर्चस्व कस्तो रहयो ? प्रतियोगिताको ११ औं चरणमा मनाङको खेल निर्णायक सावित भयो, संकटाविरुद्ध । संकटा पूरा प्रतियोगिताकै डार्क हर्सका रूपमा आफूलाई स्थापित गर्न सफल टिम थियो ।

सुरुमा भनिएको थियो, डिफेन्डिङ च्याम्पियन मनाङलाई उपाधिको होडमा चुनौती पेस गर्न सक्ने एक मात्र टिम थ्री स्टार हुनेछ । हुन पनि लगभग राष्ट्रिय खेलाडीले भरिएका टिम भनेका यिनै दुई टिम थिए । सुरुमा यिनै दुई टिमबीच शीर्ष स्थानमा लागि होड चलेको थियो, तर जब यिनै दुई टिम एक आपसमा भिडे, नतिजा मनाङको पक्षमा ३-१ ले रहयो । लिगको ११ औं चरणसम्म आइपुग्दा थ्रीस्टार दोस्रो चरणमा एक समय मात्र पहिलो स्थानमा रहयो ।

कुल १४ टिम सहभागी लिगको ११ औं चरण सकिँदा-नसकिँदै मनाङले लिगमाथि कब्जा जमायो, त्यो पनि कुनै खेल नगुमाई । यसमा बराबरी पनि छैन, पूरा ११ नै जित छ । यसले पनि देखाउँछ, यसपटकको लिगमा मनाङ-मर्स्याङ्दी क्लबको वर्चस्व कस्तो रहयो ? प्रतियोगिताको ११ औं चरणमा मनाङको खेल निर्णायक सावित भयो, संकटाविरुद्ध । संकटा पूरा प्रतियोगिताकै डार्क हर्सका रूपमा आफूलाई स्थापित गर्न सफल टिम थियो ।

त्यसयता मनाङ लगातार शीर्ष स्थानमै रहयो भने त्यसलाई निर्णायक मोडसम्म कायम राख्नसमेत सफल भयो । खेलाडीको नाम हेर्दा संकटा औसत टिम लाग्न सक्छ, तर तिनै खेलाडीको सामूहिक प्रदर्शन भने उत्कृष्ट रहयो । मनाङ र थ्री स्टारबीच उपाधिका लागि चुनौती पेस गर्न सक्ने टिमका रूपमा रहयो, संकटा । मनाङले यी दुवै टिमलाई पराजित गर्‍यो । संयोगले मनाङको संकटामाथिको जित अन्तर पनि ३-१ नै रहयो ।

'हाम्रा लागि थ्री स्टार र संकटाविरुद्धका दुई खेल महत्त्वपूर्ण सावित भए र ती दुवै खेलमा हामी विजयी पनि भयौं,' मनाङका प्रशिक्षक सुमन श्रेष्ठ भन्छन्, 'लिगका लागि हामीले राम्रो तयारी गर्न सकेनौं, तर जति बेला लिग अघि बढ्दै गयो, हाम्रा सबै खेलाडीले राम्रो खेले । त्यसमा प्रशिक्षण र व्यवस्थापनको पाटोले पनि उत्तिकै सहयोग गर्‍यो । यो नै मनाङले यसपटकको लिग जित्नुको कारण हो ।' खासमा मनाङका मुख्य प्रशिक्षक सुमन थिएनन् । नाइजेरियाली टोपे फुजा थिए । प्राविधिक कारणले उनको नाम प्रशिक्षकका रूपमा लेखिएन, तर टिमको लिग यात्रामा उनको पनि उत्तिकै महत्त्वपूर्ण भूमिका रहयो । टोपे मात्र होइन, मनाङका जति विदेशी खेलाडी थिए, ती सबैले राम्रो प्रदर्शन गरे । त्यसमा प्रमुख खेलाडी रहे, नाइजेरियाकै आपेज ओलावाले ओलाडिप । लिग अघि मनाङले भारतको सिक्किममा सञ्चालित गभनर्स गोल्डकप जितेको थियो र त्यसयता लिगमा त्यस्तै लय समात्न सफल भयो ।

अब प्रश्न छ, लिगमा बाँकी सबै खेल मनाङले जित्नेछ कि कम्तीमा बराबरीसम्म गर्नेछ । यसका लागि ती खेलका नतिजा नै हेर्नुपर्नेछ, तर मनाङले फेरि एकपटक लिग जितेर सिद्ध गरेको छ, यो नेपाली फुटबल इतिहासकै सबैभन्दा सफल क्लब हो । मनाङले सहिद स्मारक लिग ए डिभिजन जितेको यो आठौं पटक हो । त्यसपछि छ पटक जितेको आरसीटी छ अनि चार-चार पटक जितेका एनआरटी र थ्री स्टार छन् ।

मनाङले सबैभन्दा पहिले ०४३ सालमा ए डिभिजन लिग जितेको थियो । लगत्तै उसले ०४४ सालमा पनि लिग जित्यो । त्यति मात्र होइन, ०४६ मा लिग जितेर उपाधिमाथि ह्याट्रिकसमेत गर्‍यो । त्यसमध्ये सुरुका दुई लिग जित्दा पनि मनाङले सबै खेल जितेको थियो । लिग फुटबलमा यस्तो सफलतालाई अद्वितीय नै मानिन्छ । फेरि एकपटक मनाङ त्यही लयमा छ, मनाङले यसपटक जसरी लिग जित्यो, त्यो क्लबसँग जोडिएको अर्को कथा भएको छ ।

मैदान बाहिर

# कसैको विवाह, कसैको सन्तान

वर्ष २०१८ मा कुनै खेलाडीले विवाह गरे भने कसैले सन्तान जन्माए । कसैले गत वर्ष सन्तान जन्माउने समाचार समेत सार्वजनिक गरेका छन् ।


### सानिया मिर्जाका छोरा

भारतीय टेनिस खेलाडी सानिया मिर्जा तथा उनका श्रीमान् सोयब मल्लिकले गत अक्टोबरको अन्त्यमा छोरा जन्माए । करिब १ महिनापछि उनीहरूले छोराको तस्विर सोसल मिडियामार्फत सार्वजनिक गरेका थिए । उनको नाम इजहान राखिएको छ ।










### अन्ना कोर्निकोभाका जुम्ल्याहा सन्तान

कुनै समयकी चर्चित टेनिस सुन्दरी अन्ना कोर्निकोभा एनरिक इग्लेसियाससँग सम्बन्धमा छिन् भन्ने कुरा धेरैलाई थाहा थिएन । अन्ना र एनरिक विगत १६ वर्षयता सम्बन्धमा छन् तर उनीहरूले अझै पनि आफ्नो सम्बन्धलाई सार्वजनिक गरेका छैनन् । यद्यपि २०१८ प्रारम्भ हुनु भन्दा करिब एक महिना पहिले डिसेम्बर, २०१७ मा उनीहरूले निकोलस र लुसी नामक जुम्ल्याहालाई जन्म दिएका छन् । त्यसपछि बल्ल उनीहरूको सम्बन्ध प्रमाणित भएको छ ।

### एना इभानोभिकको विवाह

विश्व नम्बर १ टेनिस खेलाडी एना इभानोभिकले सन् २०१६ मा बायर्न म्युनिख र म्यानचेस्टर युनाइटेड खेलाडी बास्टियन स्वाइन्स्टिगरसँग विवाह गरेकी थिइन् । सन् २०१८ को मार्चमा यो जोडीले छोरा जन्माएका छन् जसको नाम लुका राखिएको छ ।

### म्याराडोनाको इन्गेजमेन्ट

अर्जेन्टिनाका प्रसिद्ध फुटबल खेलाडी म्याराडोनाले अगस्टमा आफू भन्दा २८ वर्ष कान्छी गर्लफ्रेन्ड रोसिओ ओलिभासँग इन्गेजमेन्ट गरेका छन् । ५७ वर्षीय म्याराडोनाले ब्युनस आयर्समा ओलिभाको बर्थडे पार्टीमा ४५ जना पाहुनाका सामू डाइमन्ड रिङ प्रदान गरी उनलाई प्रस्ताव गरेका थिए । ओलिभा पनि व्यवसायिक फुटबलर हुन् । विभिन्न अवसरमा उनी म्याराडोनासँगै हुन्थिन् । रुसमा सम्पन्न फिफा विश्वकपताका पनि उनी म्याराडोनासँगै थिइन् ।

### बुवा बन्दै पोग्बा

विश्वकपको समयमा फ्रेन्च फुटबलर पाउल पोग्बाको क्रेज निकै देखिन्थ्यो । म्यानचेस्टर युनाइटेड र अन्य विभिन्न क्लबबाट समेत खेल्ने यी फुटबल खेलाडीकी बोलिभियन गर्लफ्रेन्ड मारिया साल्युज हाल गर्भवती भएको चर्चा चलेको छ । उनीहरूबीचको सम्बन्धका बारेमा धेरै कुरा सार्वजनिक भएको छैन, किनभने उनीहरू आफ्नो सम्बन्धलाई गोप्य राख्न चाहन्छन्, तर केही समय अघि फुटबल हेर्न गएको समयमा मारियाको बेबी बम्प स्पष्ट देखियो । पोग्बाको खेल सन् २०१९ मा कस्तो हुन्छ भन्ने अर्को चर्चा त छदैछ, यसका साथै उनी पहिलो पटक बुवा बन्ने कुराले समेत चर्चा पाएको छ ।

### सन्तान जन्माउँदै छन् क्रिस र साम

सन् २०१८ को अन्तिम महिना इंग्ल्यान्डका फुटबलर क्रिस स्मेलिङका लागि अविस्मरणिय रहयो । २९ वर्षिय क्रिसकी पत्नी तथा ग्ल्यामरस मोडल साम कुक आमा बन्ने खबर उनीहरूले क्रिसमसको रमाइलोसँगै सार्वजनिक गरे । लामो अफेयर पश्चात् उनीहरूको विवाह २०१७ जुनमा भएको थियो । क्रिसमस ट्रीसँगै बेबी बम्पको तस्विर सार्वजनिक गरेका उनीहरूले वर्षको अन्तिम दिन पनि अर्को तस्विर सार्वजनिक गरेका छन् ।

# जसको धाक सालभरी चल्यो




## लुका मोडरिच, फुटबल

सन् २०१८ का सबैभन्दा ठूला स्टार हुन्- लुका मोडरिच। उनको नेतृत्वमा क्रोएसियाले गत वर्षको विश्वकपमा फाइनलसम्मको यात्रा तय गऱ्यो। उक्त यात्रामा यी रियल म्याड्रिड स्टारको भूमिका महत्त्वपूर्ण रह्यो। उनले रियलका लागि पनि उत्तिकै गतिलो प्रदर्शन गरे र उनको क्लब युरोपेली च्याम्पियन भयो। लुका लियोनल मेसी र क्रिस्टियानो रोनाल्डो दुवैलाई पछाडि छाड्दै गत वर्ष लगभग सबै अवार्डमा वर्षको उत्कृष्ट फुटबल खेलाडी चुनिए।



## क्रिस्टियानो रोनाल्डो, फुटबल

विश्वकप-२०१८ मा क्रिस्टियानो रोनाल्डोको पोर्चुगलले खासै ठूलो उपलब्धि त हात पार्न सकेन, तर उनको क्लब रियल म्याड्रिडले भने युरोपेली च्याम्पियन्स लिग जित्यो। युरोपमा रियलको लगातार प्रभावशाली प्रदर्शनमा सबैभन्दा भन्दा ठूलो योगदान रोनाल्डोकै मानिन्छ, तर गत वर्ष उनी रियल छाडेर इटालीको सिरी ए क्लब युभेन्ट्स पुगे। इटाली आएपछि पनि रोनाल्डोले राम्रै प्रदर्शन गरिरहेका छन् र क्लब लिग उपाधितर्फ उन्मुख छ।



## लियोनल मेसी, फुटबल

अर्जेन्टिनाका लागि लियोनल मेसीले पनि विश्वकप-२०१८ मा खासै केही गर्न सकेनन्, तर पनि उनको चर्चा सेलाएन। अहिले उनी उत्कृष्ट लयमा छन् र आफ्नो स्पेनिस क्लब बार्सिलोनाका लागि फेरि एकपटक सम्मोहित गर्न सक्ने प्रभावशाली खेल खेलिरहेका छन्। बार्सिलोना अहिले स्पेनिस ला लिगामा मजबुत छ र उपाधिका लागि बलियो उम्मेदवार सावित भएको छ। यसको एक मात्र कारण मेसी नै हुन्।

## केयलिन एमबापे, फुटबल

गत वर्षको विश्वकपलाई कुनै युवा खेलाडीका लागि सम्झिइने छ भने ती हुन्, फ्रान्सका एमबापे। विश्वकपका क्रममा एमबापे १९ वर्षका थिए, तर उनले पूरा प्रतियोगितामा उमेर भन्दा धेरै परिपक्व खेल खेले र धेरैले उनलाई ब्राजिलका महान खेलाडी पेलेसँग तुलना गरे। फ्रान्सले फेरि एकपटक विश्वकप जित्नुमा उनको प्रभावशाली खेल निर्णायक रह्यो।

## मोहम्मद सलाह, फुटबल

क्लब फुटबलमा उत्कृष्ट प्रदर्शनका लागि सन् २०१८ मा सबैभन्दा सम्झिइने नाम हुन्, इजिप्टका मोहम्मद सलाह। इङ्लिस प्रिमियर लिगमा उनकै प्रदर्शनका आधारमा लिभरपुल शीर्ष स्थानमा छ। यसपटकको च्याम्पियन्स लिगको फाइनलमा लिभरपुलको यात्रा पनि उनकै कारण सम्भव भएको हो।



## विराट कोहली, क्रिकेट

भारतीय क्रिकेट कप्तान विराट कोहलीलाई मन पराउने जति छन्, उत्तिकै मन नपराउनेहरू पनि छन्। कोहली आफ्नो आक्रामक व्यवहारका लागि प्राय: बदनाम भैरहन्छन्, तर विश्व क्रिकेटमा अहिलेको पुस्ताका खेलाडीमध्ये उनी नै सबैभन्दा ठूला स्टार हुन्। यी २९ वर्षीय खेलाडी सन् २०१८ भरिनै लयमा देखिए। टेस्ट क्रिकेटमा गत वर्ष उनी सर्वाधिक रन बनाउने खेलाडी हुन् भने, वान डे क्रिकेटमा पनि उनी उत्तिकै लयमा छन्। अहिले त्यसमा उनको औसत, सय रनको छेउछाउमा छ।

## जोए रुट, क्रिकेट

पारम्परिक क्रिकेट मन पराउनेहरूका लागि सबैभन्दा प्रिय हुन सक्छन् इंग्ल्यान्डका युवा कप्तान जोए रुट। टेस्ट क्रिकेटमा उनी लगातार लयमा छन् र उनको त्यही प्रदर्शनको मदतले इंग्ल्यान्ड फेरि एक पटक विश्व क्रिकेटमा बलियो टिम सावित भएको छ। रुट वान डे क्रिकेटका पनि राम्रा ब्याट्सम्यान सावित भएका छन्।

## नोभाक जोकोभिच, टेनिस

एउटा खेलाडीले आफ्नो खेल जीवनमा कति धेरै उतारचढाव बेहोर्नुपर्छ, त्यो नोभाक जोकोभिचको खेल हेरे पुग्छ। यी सर्बियाली खेलाडी केही समय अघिसम्म खराब समयबाट गुज्रिरहेका थिए। त्यही कारणले उनले प्रतियोगताहरूबाट टाढा रहेर केही समय आराम पनि लिए। जति बेला उनी कोर्टमा फर्किए, पुरानै लयमा आए। सन् २०१८ को अन्त्यतिर सबैभन्दा लयमा देखिएका खेलाडी जोकोभिच नै हुन्। यसैक्रममा उनले विम्बल्डन र यूएस ओपन दुवै जिते।



## सिमोना हालेप, टेनिस

रोमानियाकी सिमोना हालेप महिला टेनिसकी नम्बर १ खेलाडी हुन्। उनले गत वर्षको अन्त्यमा पनि त्यो स्थान गुमाइनन्। सन् २०१८ उनका लागि निकै सुखद रह्यो। उनीमाथि आरोप थियो, उनी राम्री खेलाडी त हुन्, तर ग्रान्ड स्लाम जित्न सक्षम छैनन्, तर त्यसलाई गलत सावित गर्दै उनले सुरुमा फ्रेन्च ओपन जितिन् भने त्यसपछि अस्ट्रेलियन ओपनको उप विजेता रहिन्।

## कोनर म्याकग्रेगर, मिक्ड मार्सल आर्ट्स

कोनर म्याकग्रेगर गज्जबका खेलाडी हुन्, यसका कुनै शंका छैन। खासमा उनी मिक्ड मार्सल आर्ट्सका खेलाडी हुन्। एक वर्ष मात्र भयो, उनले व्यवसायिक बक्सिङ खेल्न थालेको। यी दुई विधामा सफल भएर नै यी आइरिस खेलाडीले सन् २०१८ मा मनग्य कमाए र लगातार चर्चामा रहे।

हिंड्दा-हिंड्दै

# विवाह र प्रेम फेक कमिटमेन्ट

अभिनेत्री श्वेता खड्का चलचित्रमा नदेखिएको धेरै भयो । चलचित्र कान्छीपछि उनी अभिनयमा फर्किएकी छैनन् । समाजसेवा र आफ्नै व्यवसायमा व्यस्त अभिनेत्री खड्का दरवारमार्गमा अकस्मात भेटिइन् । कहींकतै हिंडिरहेकी अभिनेत्री खड्कासँग हाम्रा सहकर्मी *रामजी ज्ञवाली*को जम्काभेट भयो :



**हेल्लो नमस्ते !**

हेल्लो नमस्ते है, कता हिँड्नुभएको हजुर ? म त के-के हो के-के कामले गर्दा भेट्न पनि पाइन्, सन्चै हुनुहुन्छ नि !

**हजुर ठीकै छ, कता जान लाग्नुभएको ?**

चाँडै बालुवाटारमा एउटा बिजनेस सुरु गर्दैछु, त्यसकै काममा जान लागेकी ।

**के बिजनेस हो नि ?**

केही नयाँ गर्दैछु, तर चलचित्रचाहिँ होइन ।

**दिन कसरी काट्दै हुनुहुन्छ ?**

मैले दर्शकहरूलाई चलचित्र कान्छी दिए । त्यसपछि त्यही माझी बस्ती निर्माणमा व्यस्त छु ।

**अझै सकिएको छैन ?**

कहाँ सकिनु नि ! बजेट अभावले भनेजसरी काम अघि बढ्न सकेन ! तर काम चाहिँ रोकिएको छैन ।

**कहिलेसम्म सकिन्छ ?**

सकेसम्म चाँडै सक्ने सोचमा छु । त्यो बस्ती निर्माणका लागि अझै कम्तीमा डेढ करोड आवश्यक छ । आशा छ, चाँडै पूरा हुनेछ । अहिलेसम्म ८ करोडको हाराहारी खर्च भैसकेको छ । यद्यपि मैले धेरै तनाव लिएकी छैन, चाँडै मेरो कल्पनाको सुन्दर नमुना बस्ती हस्तान्तरण गर्नेछु ।

**अगाडि जाम देखिरहनुभएको छ नि ! कत्तिको तनाव सिर्जना हुन्छ यो सब देख्दा ?**

अति नै, कुरै नगर्नुस् । कहिलेकाहीँ त गाडी चलाउन पनि मन लाग्दैन । समयमा कहाँ-कहाँ पुग्नुपर्ने हुन्छ । कति धेरै मिटिङ हुन्छन् । जामकै कारण धेरै दुःख पाएकी छु । गाडी जामका कारण कतिपटक झुटो बोल्नुपरेको छ । आशा छ, यो सबै चाँडै ठीक होला !

**एक वर्ष भयो, चलचित्रमा नआएको । अब नेपाली दर्शकले तपाईंका चलचित्र हेर्न नपाउने त होइनन् ?**

बाहिरका प्रोजेक्ट गर्नेहो भने अहिलेसम्म केही चलचित्र त आइसक्थे होला । आफैं चलचित्र निर्माण गर्ने र विगतमा जस्तै राम्रा चलचित्र बनाउने सोचका कारण केही ढिला भएको छ । चलचित्रमा नआउने नै त सोचेकी छैन ।

**कुन कुराबाट परिचित हुँदा खुसी लाग्छ ? अभिनेत्री, समाजसेवी अथवा बिजनेस बीमेन ?**

धेरैले अभिनेत्री कै रूपमा चिन्नुहुन्छ । बाँकी त मेरा विभिन्न पाटा हुन् ।

**चलचित्र, माझी बस्ती, आफ्नो बिजनेससँगै व्यक्तिगत जीवनमा विवाह पनि जोडिएर आउँछ । जीवनमा कसैले वर्षौं साथ दिन्छु भन्दै आएर बीचमै छोडेर जानुभयो । अब विगत सोचेरै मात्र बस्ने त होइन होला नि ?**

विवाह मात्र जीवनको डेस्टिनेशन हो जस्तो लाग्दैन । जन्म, मृत्यु र विवाह भन्ने कुरा माथिबाटै लेखिएर आएको हुन्छ, हेरौं कहिले हुन्छ ?

**तपाईंको अफेयर चलिरहेको चर्चा पनि चल्छ नि !**

मलाई त प्रेम अनि विवाह फेक कमिटमेन्ट हो जस्तो लाग्छ । यसमा धेरै नवोलौं ।

**विवाह कहिले होला, अनुमान गर्न त सकिएला नि ?**

अहिलेसम्म सोचेकी छैन । आई एम ह्याप्पी । आफ्नै किसिमले जीवन चलिरहेको छ । विगतमा कसैसँग सहकार्य गर्ने सम्झौता त भएको थियो तर मैले एउटी श्रीमतीका रूपमा, वुहारीका रुपमा जीवनको अनुभव गर्न पाइनँ । म हिजो पनि सिंगल थिए, अहिले पनि सिंगल छु । कस्तो हुन्छ कपल लाईफ भन्ने अनुभव गर्न पाएकी छैन । जीवनमा जे-जस्तो आइपर्छ त्यसलाई स्वीकार गर्नुपर्दो रहेछ । त्यसपछि यो विषयमा अहिलेसम्म सोचेकी छैन ।

**२०१८ कस्तो रह्यो ?**

एकदमै राम्रो भयो । सोचेभन्दा राम्रो भएको अनुभव गरेकी छु । आशा छ २०१९ पनि ठीकै बित्नेछ । अमेजिङ कुनै काम गर्ने सोच त बनाएकी छैन, पेन्डिङ काम नै पूरा गर्ने हो । एउटा इटालियन रेस्टुराँ खोल्दैछु बालुवाटारमा त्यो रेस्टुराँ र हिमालयन जाभाको फ्रेन्चाइज पनि खोल्दैछु । त्यसबाहेक आफू जहाँ-जस्तो अवस्थामा छु त्यसमा खुसी हुने संकल्प गरेकी छु ।



## पाँच पूर्वप्रधानमन्त्रीलाई ढाका टोपी

नेपाली टोपी प्रतिष्ठानले गणतन्त्र नेपालका पाँच पूर्वप्रधानमन्त्रीलाई ढाका टोपी लगाइदिएर मंगलबार छैटौं अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाएको छ । प्रतिष्ठानका पदाधिकारीहरूले पूर्वप्रधानमन्त्रीहरू पुष्पकमल दाहाल, शेरबहादुर देउवा, माधवकुमार नेपाल, झलनाथ खनाल तथा डा. बाबुराम भटराईलाई उनीहरूकै निवासमा पुगेर नेपाली टोपी लगाईदिएका थिए । ती सबै पूर्वप्रधानमन्त्रीले समेत नेपाली टोपी प्रतिष्ठानका सदस्यहरूलाई टोपी लगाइदिँदै शुभकामना आदनप्रदान गरेका थिए ।

नेपाली युवाले विगत ५ वर्षदेखि बर्सेनि जनवरी १ तारिखको अवसर पारेर अन्तर्राष्ट्रिय नेपाली टोपी दिवस मनाउँदै आएका छन् । नेपाली युवालाई आफ्नो पहिचानको संरक्षण गर्न झक्झक्याउन र नेपाली पहिचानलाई विश्वमाझ स्थापित गर्ने प्रयासका रुपमा यो दिवस मनाउन थालिएको हो । विश्वभरका नेपालीले मंगलबार नेपाली टोपी लगाएर खिचिएका तस्बिर सामाजिक संजालमा पोष्ट गरेका छन् ।

अभियानलाई ब्यापक बनाउन गत वर्ष संस्थापक अभियन्ता डा. लेखनाथ काफ्ले, शंकर बन्जाडे आदिको पहलमा गैर नाफामूलक नेपाली टोपी प्रतिष्ठान नामक संस्था गठन गरिएको छ । यो वर्ष टोपी प्रतिष्ठानका सल्लाहकार तथा रोमानियाका लागि नेपाली अवैतनिक वाणिज्यदूत नवराज पोखरेलको पहलमा ३९ देशमा नेपाली टोपी प्रतिष्ठानका शाखा गठन भैसकेका छन् ।


KANTIPUR INTERNATIONAL COLLEGE



Paid Internship
China, UAE, Thailand, Malaysia, India & many more ...
For Hotel Management

Admission Open
We prepare you for success
With experienced, qualified & renowned foreign degree holders professors/lecturere from Australia, Russia, USA, India & multimedia classroom. KIC envision preparing the graduates who want to get ahead in the value of lifelong learning & leadership in global business organization.

BHM Bachelor of Hotel Management | BHCM Bachelor of Hospitality & Catering Management | BBA Bachelor of Business Adminstration | MBA Master of Business Adminstration | MHHM Master of Hotel & Hospitality Mgmt. | BID Bachelor of Interior Design | BE Civil Bachelor of Civil Engineering | B.Arch Bachelor of Architecture

International Membership

Kantipur International College

COLLEGE OF MANAGEMENT
Buddhanagar, New Baneshwor
Tel: 4780564, 4783904

COLLEGE OF ENGINEERING
Tel: 5582564, 5582565
www.kantipurinternational.edu.np

नोटः जेहेन्दार तथा विश्वविद्यालय आरक्षित छात्रावृतिको व्यवस्था छ ।


कान्तिपुर पब्लिकेसन्स (प्रा.) लि. द्वारा प्रकाशित तथा मुद्रित, कार्यालय : सेन्ट्रल बिजनेस पार्क, थापाथली, पो.ब.नं. ६०१९, काठमाडौं, नेपाल, फोन नं. ५१३५०००, फ्याक्स : ९७७-१-५१३५००१, email:saptahik@kmg.com.np
दर्ता नं. ९९/०५१/५२, म.क्षे.हु.नि.द.न.४/५२/५३ सर्वाधिकार : कान्तिपुर पब्लिकेसन्स (प्रा.)लि. सँग सुरक्षित । अध्यक्ष तथा प्रबन्ध निर्देशक : **कैलाश सिरोहिया**, निर्देशक : **स्वस्तिका सिरोहिया**, प्रधान सम्पादक : **सुवास ढकाल** ।